# कैलाली जिल्लाका कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग

एम. एड दोस्रो वर्षको नेपा. शि. ५९८ पत्रको प्रयोजनको लागि

प्रस्तुत

## शोधपत्र


शोधार्थी

रमा चपाईं (ढकाल)

त्रि.वि.दर्ता नं. ९-२-२९-२६६-२०००

दोस्रो वर्षको परीक्षा क्रमाङ्कः २८०५१७

क्याम्पस रोल नं. १०६८/०६०-०६२

शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग

त्रि.वि., कीर्तिपुर, काठमाडौं


२०६४

# अध्याय एक
# शोधपरिचय

## १.१ शोध शीर्षक

प्रस्तुत शोधपत्रको शीर्षक **कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन** रहेको छ ।

## १.२ शोधप्रयोजन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभागअन्तर्गत स्नातकोत्तर नेपाली शिक्षा दोस्रोवर्षको पाठ्यांश नेपा.शि. ५९८ को उद्देश्य पूरा गर्ने प्रयोजनका निमित्त प्रस्तुत गरिएको हो ।

## १.३ समस्याकथन

भाषा विचारविनिमयको महत्त्वपूर्ण र व्यवस्थित साधन हो मानव चेतनाको परिचायक हो, सभ्यता र संस्कृतिको कवच हो । यसको प्रयोग विभिन्न माध्यमले भए पनि सबभन्दा  सबल माध्यम बोलाइ नै हो र त्यसको महत्त्वपूर्ण पक्ष उच्चारण हो ।

उच्चारणको अशुद्धिले बोलाइमा अस्पष्टता हुने अर्थको अनर्थ लाग्ने, अभिव्यक्ति दुर्बल र अप्रभावकारी बन्ने हुन्छ । यसको असर पढाइ र लेखाइमा समेत पर्न जाने भएकाले यसबाट भाषा सिकाइका सम्पूर्ण पक्षहरू प्रभावित हुन्छन् । स्तरीय भाषाका वक्ताका लागि गलत उच्चारण अशोभनीय र हास्यास्पदसमेत बन्दछ ।

उच्चारण प्रक्रियाको अशुद्धिले गर्दा वैदिककालको वैदिक संहिताका 'इन्द्रशत्रुर्वर्धस्व' भन्ने मन्त्रले होम गर्दा अन्त्योदात्त हुनुपर्नेमा पूर्वपद प्रकृतिको स्वरको उच्चारण भएकाले वृत्तासुरको नास भएको थियो (बन्धु २०५७, : १२) । यसरी उच्चारणमा हुने त्रुटिबाट प्रशस्त अशुद्धिगत समस्याहरू आउन सक्ने हुन्छन् ।

नेपाल बहुजातीय र बहुभाषिक मुलुक भएकाले यहाँ बस्ने प्रत्येक जनजातिको भाषा पनि फरक-फरक पाइन्छ । त्यसैले दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूका भाषिक त्रुटिहरू पनि फरक-फरक रहेका हुन्छन् ।  तीमध्ये नेपालको  सुदूरपश्चिममा पर्ने कैलाली जिल्लाको टीकापुर क्षेत्रमा बसोबास गर्ने थारू जातिको  भाषा पनि आफ्नै प्रकृतिको

भएको हुनाले नेपाली सिक्दा गर्ने त्रुटि पनि विशेष किसिमको देखिन्छ । यस भाषाको वर्णव्यवस्था र शब्दव्यवस्थामा रहेको आफ्नोपनको कारणले र घरपरिवारदेखि छरछिमेक वा समुदायका बोलीचालीमा अभ्यस्त भइरहँदा त्यसको प्रभाव नेपाली सिक्ने क्रममा पर्न जाने भएकाले टड्कारो रूपमा खडकिएको देखिन्छ । त्यसै गरी मातृभाषाको भाषिक पृष्ठभूमि, भाषिक वातावरण, उमेर, शारीरिक-मानसिक पक्ष, उत्प्रेरणा, अभिरुचि आदि विविध कारणले दोस्रो भाषाको रूपमा नेपाली सिक्दा उच्चारणगत त्रुटिहरू प्रशस्त मात्रामा हुने गरेका पाइन्छन् ।

उपर्युल्लिखित तथ्यगत कुराहरूको आधारमा यस विषयसँग सम्बन्धित समस्याहरूलाई यसप्रकार देखाउन सकिन्छ :

क) कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारण गर्दा के-कस्ता त्रुटिहरू गर्दछन् ?

ख) उक्त त्रुटिहरू केके कारणले हुन सक्छन् ?

ग) उक्त त्रुटिहरूको वर्णन-विश्लेषण कसरी गर्न सकिन्छ ?

घ) उक्त त्रुटिहरू निराकरणका लागि के-कस्ता सुझाब प्रस्तुत गर्न सकिन्छ ?

## १.४ अध्ययनका उद्देश्यहरू

प्रस्तुत शोधकार्यका उद्देश्यहरू निम्नलिखित रहेका छन् :

क) कक्षा ६ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरू पत्ता लगाउनु

ख) उक्त त्रुटिहरू हुने कारण पत्ता लगाउनु

ग) उक्त त्रुटिहरूको वर्णन विश्लेषण गर्नु

घ) उक्त त्रुटिहरूको निष्कर्ष निकाली समाधानका लागि सुझाबहरू प्रस्तुत गर्नु ।

## १.५ अध्ययनको औचित्य

धरातलीय आधारमा ३ भागमा विभाजित नेपालको तराई क्षेत्रमा बसोबास गर्दै आइरहेका अधिकांश थारू विद्यार्थीहरूको स्रोत भाषा थारू भाषा रहेको छ । उनीहरूले

नेपाली सिक्दा स्रोत भाषाको प्रभाव पर्न सक्छ । सोही कारणले भाषा सिकाइ जटिल एवम् त्रुटिपूर्ण हुन सक्छ ।

भाषाका विविध सीपमध्ये बोलाइसँग सम्बद्ध उच्चारणको प्रमुख स्थान हुन्छ । यसलाई भाषा सिकाइको प्रथम खुडकिलो पनि मानिन्छ । स्तरीय, स्पष्ट र शुद्ध उच्चारणको सहयोगले भाषाका सीपहरू (सुनाइ, बोलाइ, पढाइ, लेखाइ) मा सकारात्मक प्रभाव पर्दछ । यसरी थारूभाषी विद्यार्थीको उच्चारणसम्बन्धी त्रुटिको अध्ययन भाषिक सीप विकासको मूल बिन्दुका साथै अति महत्त्वपूर्ण रहने कुरा साबित गर्न सकिन्छ ।

उच्चारणसम्बन्धी त्रुटि विविध कारणले हुने गर्दछन् । नेपाली भाषाको स्थानीय भेदका कारणले र भौगोलिक विविधता, जातीयता तथा शारिरिक, मनोवैज्ञानिक कारणले समेत यस्ता त्रुटिहरू हुन्छन् । आफ्नै भाषिकागत कारणले हुने उच्चारणगत त्रुटिभन्दा विभिन्न भाषाभाषीका कारणले हुने त्रुटिहरू प्रभावशाली हुन्छन् । नेपालको कैलाली, बाँके, बर्दिया, सुर्खेत, दाङ, रूपन्देही, सिरहा, सप्तरी आदि जिल्लामा थारूहरूको बाहुल्य रहेकाले ती क्षेत्रमा नेपाली शिक्षण गर्ने सन्दर्भमा यो अध्ययन अत्यन्त उपयोगी हुने देखिन्छ ।

उच्चारणगत त्रुटिले अभिव्यक्ति दुर्बल, अप्रभावकारी, अशोभनीय, अनर्थ, दोषपूर्ण श्रुतिका साथै लेखन, पठन आदिमा त्यसको प्रभाव पर्न गई मूल्याङ्कन गर्दा अङ्कनमा समेत नकारात्मक असर पर्न जान्छ । थारू मातृभाषीहरूले नेपाली भाषाको उच्चारण गर्दा गर्ने त्रुटिहरू प्रशस्त पाइन्छन् । जस्तै :

| | |
|---|---|
| अध्ययन -अढ्ययन | दाल छ - दाल्छ /डाल्छ |
| दिउँसो - डिउँसो | ग्यास - गयास / ग्याँस |
| छात्रा - छाट्रा | प्रेरणा - पेरेना/ पेरना |
| थारू - ठारू | ढोल - धोल |
| गर्‍यो - गयो/ गर्यो | स्कुल - इसकुल आदि |

नेपाली शुद्धताको निम्ति यस्ता त्रुटिहरू पत्ता लगाउनु, त्रुटिको प्रकृति तथा कारणहरूको पहिचान गरी निराकरणका लागि मार्ग पत्ता लगाउनु तथा समग्रमा तत्सम्बन्धी अध्ययन हुनु अत्यन्त जरुरी छ ।

उच्चारणगत त्रुटिसम्बन्धी अध्ययनले भाषाको प्रयोगलाई शुद्धतातर्फ डोऱ्याउनुका साथै दोस्रो भाषाका रूपमा नेपाली पठनपाठनका सन्दर्भमा केही न केही सहयोग गर्ने देखिन्छ । थारू भाषाको क्षेत्रमा उच्चारणगत त्रुटिहरूको जानकारी समयमै गराई निराकरणका उपाय खोज्न र सचेत भई शुद्ध, स्पष्ट र मानक भाषा सिक्ने मार्गदर्शन गर्न यस अध्ययनले महत्त्वपूर्ण सहयोग गर्ने अपेक्षा राखिएको छ ।

कैलाली जिल्लाका थारू भाषाका क्षेत्रमा उच्चारणगत त्रुटिको अध्ययन हालसम्म भएको छैन । यसकारण यस क्षेत्रमा गरिने आगामी अध्ययनलाई आधार प्रदान गर्नुका साथै भाषासम्बन्धी जिज्ञासा अध्येता र सम्बन्धित भाषाको बाहुल्य भएको क्षेत्रमा नेपाली शिक्षण गर्ने शिक्षकलाई सहयोग हुन सक्ने हुनाले यो अध्ययन महत्त्वपूर्ण हुनेछ भन्ने विश्वास गरिएको छ ।

## १.६ अध्ययनको सीमा

कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा उच्चारणमा गर्ने त्रुटिमा प्रस्तुत शोधकार्य आधारित रहेको छ । यस शोध कार्यलाई निम्नलिखित सीमाभित्र आबद्ध गरिएको छ :

क) प्रस्तुत अध्ययन कक्षा ६ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली वर्ण, शब्द, वाक्य उच्चारणमा गर्ने त्रुटिहरूमा सीमित रहेको छ ।

ख) प्रस्तुत अध्ययनलाई कैलाली जिल्लाका तीनवटा सरकारी र दुईवटा निजी विद्यालय गरी जम्मा पाँचवटा विद्यालयहरूमा अध्ययनरत ९० जना विद्यार्थीहरूको अध्ययनमा सीमित रहेको छ ।

ग) यो अध्ययन उच्चारणगत त्रुटिहरूको पहिचान, वर्णन र विश्लेषणमा सीमित गरिएको छ ।

## १.७ शोधविधि

प्रस्तुत शोधकार्यका लागि अपनाइएका विधि र प्रक्रियाहरू निम्नानुसार रहेका छन्:

### क) जनसंख्या छनोट

कैलाली जिल्लाका कक्षा ६ मा अध्ययनरत पाँचवटा विभिन्न विद्यालयका ९० जना थारू मातृभाषी विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ । कैलाली जिल्लाका कक्षा

६ मा अध्ययनरत सम्पूर्ण थारू मातृभाषी विद्यार्थीहरूको अध्ययन गर्न सम्भव नभएकाले आवश्यक जनसङ्ख्या छनोटका लागि टीकापुर नगरपालिका भित्रका २ निजी विद्यालय र नगरपालिकाबाहिर ग्रामीण क्षेत्रका सार्वजनिक ३ विद्यालयबाट कक्षा ६ मा अधययन गरिरहेका १८/१८ जना छात्रछात्रा थारू मातृभाषी विद्यार्थीहरू प्रतिनिधि जनसङ्ख्या नमुनाका रूपमा छनोट गरिएको छ ।

**ख) नमुना सामग्री सङ्कलन र तयारी**

प्रस्तुत अध्ययनका लागि उपयुक्त सामग्री सङ्कलनका लागि माथि उल्लेखित जनसङ्ख्याका रूपमा छनोट भएका विद्यार्थीहरूको शब्दोच्चारण क्षमताको अध्ययन गर्ने उद्देश्यले उनीहरूले त्रुटि गर्न सक्ने सम्भावित विभिन्न वर्ण र विविध उच्चार्य पक्षहरू समावेश भएका २२१ वटा शब्दहरू (हे:परिशिष्ट १) छनोट गरिएको थियो । ती नमुनाका रूपमा छानिएका शब्दहरू छात्र छात्राहरूबाट पालैपालो उच्चारण गर्न लगाएर रेकर्ड गरिएको थियो । यस्ता सामग्रीहरूलाई मूल सामाग्रीका रूपमा लिइएको छ । अध्ययनमा अधिकतम सूचना र थप जानकारी समावेश गर्नका लागि केहीलाई स्वतन्त्र वर्णन, केहीलाई नियोजित संवाद र केहीलाई स्वतन्त्र संवाद गर्न लगाई तिनलाई पनि रेकर्डमा भरिएको थियो । ती कुराहरूलाई पनि नमुना सामाग्रीका रूपमा लिइएको छ । थारू जाति र भाषाको वर्चस्व रहेका केही स्थानका जानकार व्यक्तिदेखि लिएर केही भाषा विशेषज्ञ र प्रबुद्ध व्यक्तिसँग पनि प्रत्यक्ष कुराकानी गरी जानकारी लिँदै सम्भावित त्रुटिक्षेत्र निर्धारित गरिएको थियो । ती त्रुटि क्षेत्रहरू निम्नानुसार उल्लेख गरिएका छन् :

**क)** ब र व निहित शब्द

**ख)** त वर्ग र ट वर्ग निहित शब्द

**ग)** छ , छे र क्ष निहित शब्द

**घ)** य र ए निहित शब्द

**ङ)** अ र आ निहित शब्द

**च)** ग्यँ र ज्ञ निहित शब्द

**छ)** हलन्त र अजन्त वर्ण भएका शब्द

**ज)** अनुस्वार, चन्द्रविन्दु र पञ्चम वर्ण भएका शब्द

**झ**) रकार र रेफ भएका शब्द

**ञ**) पदयोग र पदवियोग भएका शब्द

**ट**) संयुक्त र मिश्र उच्चारण भएका शब्द

**ठ**) प्राणत्वसम्बन्धी उच्चारण

**ड**) घोषत्वसम्बन्धी उच्चारण

**ढ**) अन्य विविध क्षेत्रका उच्चारण

**ण**) स्वतन्त्र वर्णन, नियोजित संवाद र स्वतन्त्र संवादसम्बन्धी उच्चारण

उपर्युल्लिखित त्रुटिक्षेत्रहरूलाई निम्नलिखित प्रक्रियाहरूका आधारमा अध्ययन गरिएको छ :

**क**) नमुना शब्दहरूलाई तालिकीकरण गरी देखाइएको छ ।

**ख**) कतिकति विद्यार्थीहरूले कुनकुन शब्दमा कति त्रुटि र कति ठीक गरे, त्यसको सङ्ख्यासमेत निर्धारण गरिएको छ ।

**ग**) विद्यार्थीहरूको नमुना सङ्ख्याका आधारमा गल्ती र सहीको औसत प्रतिशताङ्कसमेत देखाइएको छ ।

**घ**) नमुना शब्दहरूको उच्चारण गराउँदा स्थानीय थारूभाषी शिक्षकहरू तथा अन्य प्रबुद्ध वर्गको समेत सहयोग लिइएको छ ।

**ङ**) प्रत्येक त्रुटिक्षेत्रलाई तालिकीकरण गरी छुट्टाछुट्टै रूपमा देखाइएको छ ।

**च**) विद्यार्थीवर्गबाट हुने त्रुटिको कारणसमेत खुलाइएको छ ।

**छ**) त्रुटिहरूको पहिचान लिखित सामग्रीको टिपोट र उच्चारणजन्य सामग्रीहरूलाई दोहोऱ्याई-तेहऱ्याई सुनेर मात्र निश्चित गरिएको छ ।

**ज**) निष्कर्षमा सल्लाह र सुझाब पनि दिइएको छ ।

**ग) व्याख्या विश्लेषण**

माथि उल्लेख गरिएका आधारबाट सामग्री सङ्कलन गरिसकेपछि अभिलेख गरिएका सामग्रीहरूलाई सुनेर उच्चारणगत त्रुटिको आधारमा त्यसको मात्रा के कति छ र कस्ता

वर्गका विद्यार्थीहरूबाट त्रुटिहरू अधिक र कम भएका छन् भन्ने लेखाजोखा गरिएको छ । यस क्रममा विश्लेषण र  वर्णनात्मक विधिको उपयुक्त प्रयोग गरी प्रस्तुतीकरण गरिएको छ । यसका साथै त्रुटिका कारणसमेत पत्ता लगाई निष्कर्ष निकालेर त्यसकै आधारमा सुझाबहरूसमेत प्रस्तुत गरिएको छ ।

## १.८ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको अध्ययनले अनुसन्धानकर्ता वा शोधार्थीलाई सम्बन्धित विषयको कुन-कुन क्षेत्रमा अध्ययन भए, नयाँ अध्ययन हुन बाँकी क्षेत्रहरू कुन-कुन छन् भन्ने सुझ प्रदान गर्दछ ।

त्रुटिविश्लेषण आधुनिक भाषाविज्ञानबाट प्रभावित धारणा हो । यस सिद्धान्तसम्बन्धी अवधारणा सन् १९७० को दशकदेखि विकसित भएको हो । यसपछि दोस्रो भाषा सिक्दा शिक्षार्थीहरूले विभिन्न क्षेत्रमा गर्ने त्रुटिहरूको अध्ययन व्यवस्थित रूपमा हुन थालेको हो । त्रुटिविश्लेषणका सम्बन्धमा अध्ययन अनुसन्धान भए पनि उच्चारणसँग सम्बन्धित त्रुटिहरूको विश्लेषण धेरै भएको पाइँदैन तापनि यस अध्ययनका लागि पूर्वअध्ययनहरूको अवलोकन गर्नुपर्ने भएकाले संक्षिप्त समीक्षा तल प्रस्तुत गरिएको छ :

जगन्नाथ त्रिपाठीद्वारा वि.सं. २०३६ सालमा "मानविकी तथा समाजशास्त्र संकायअन्तर्गत पद्मकन्या क्याम्पसका छात्राहरूको नेपाली व्याकरणसम्बन्धी त्रुटिहरूको विश्लेषण" भन्ने शीर्षकमा एउटा अध्ययन गरिएको पाइन्छ । यसका उद्देश्यहरू उक्त छात्राहरूको व्याकरणगत त्रुटिहरू पत्ता लगाई शुद्धीकरणका निम्ति सल्लाह र सुझाब दिनु रहेको देखिन्छ ।  अध्ययन विधिमा १०० जनालाई नमुनाका रूपमा लिई तिनीहरूकै उत्तरपुस्तिकाको परीक्षणबाट प्राप्त नतिजाको आधारमा क्रियापद, वर्णविन्यास, वाच्य र सङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययन गरिएको छ । यो अध्ययनमा पहिलो र दोस्रो भाषाको रूपमा नेपाली सिक्ने विद्यार्थीहरूले गर्ने त्रुटिको अध्ययन रहेको हुदाँ उच्चारण क्षेत्रमा खासै ठोस निष्कर्ष नआए पनि त्रुटिविश्लेषणको निम्ति सहयोगी हुने देखिन्छ ।

प्रा.डा. हेमाङ्गराज अधिकारीद्वारा वि.सं. २०४० सालमा नेपाली भाषाका विद्यार्थीहरूले गर्ने त्रुटिहरूको अध्ययनका सिलसिलामा "पहिलो र दोस्रो भाषाका रूपमा नेपाली सिक्ने विद्यार्थीहरूका वाक्यगठनमा पाइने त्रुटिहरू" र २०४२ सालमा नेपाली वर्णविन्यासमा पाइने त्रुटिहरू" नामक दुई लघु अध्ययनहरू भएका छन् । यी दुवै

अध्ययनहरू काठमाडौंमा प्रवीणता प्रमाणपत्र तहमा पढ्ने विद्यार्थीहरूबाट प्राप्त सामग्रीका आधारमा वाक्यगठनअन्तर्गत लिङ्ग, वचन, आदर, पुरुष र वाक्यसम्बन्धी पक्षहरूको त्रुटि पहिचान गरी वर्णन विश्लेषण गरिएको पाइन्छ । यी अध्ययनहरू नेपाली भाषा पहिलो र दोस्रोभाषाका रूपमा सिक्ने विद्यार्थीहरूको तुलनात्मक अध्ययनमा आधारित छन्; वर्णविन्याससम्बन्धी अध्ययनमा आधारित छन् । त्यस्तै श, ष, स, ब, व, य, ए, चन्द्रविन्दु, शिरविन्दु तथा ह्रस्वदीर्घसम्बन्धी हुने त्रुटिहरू र तिनका प्रकृतिहरू पनि दिइएका छन् । उक्त अध्ययनका निष्कर्षहरू सामाजिक तथा प्रायोगिक भाषाविज्ञान (ते.सं.२०६२) मा समेत उल्लिखित छन् । उक्त अध्ययनहरूमा उच्चारणगत त्रुटिहरूको विश्लेषण नगरिए पनि त्रुटिविश्लेषणमा चाहिं सहयोगी हुने देखिन्छन् ।

रामचन्द्र लम्साल र अन्य (२०४०) द्वारा "निम्न माध्यमिक तह पूरा गरेका आवासीय र साधारण विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको नेपाली वाक्यगठनसम्बन्धी त्रुटिपक्षको तुलनात्मक अध्ययन" लघु अनुसन्धान प्रस्तुत गरिएको छ । यसको मूल उद्देश्य दुवैखाले विद्यालयमा अध्ययनरत माध्यमिक तहका विद्यार्थीहरूको नेपाली भाषाको वाक्यगठनसम्बन्धी त्रुटिपक्षको पहिचान गर्नु तथा तुलनात्मक अध्ययन गर्नु रहेको छ । यसमा उपत्यकाका दुईवटा आवासीय र दुईवटा साधारण माध्यमिक विद्यालयका विद्यार्थीहरूको लिङ्ग, वचन, पुरुष, काल, वाच्य र पदमेल गरी छ पक्षको अध्ययन प्रस्तुत गरिएको छ । यो अध्ययन खास गरी वाक्यगठनमा मात्र सीमित छ । यस अध्ययनको निष्कर्षमा साधारणको तुलनामा आवासीय मा.वि.का विद्यार्थीहरूको त्रुटि बढी देखिन्छ ।

केदारप्रसाद शर्मा (२०४२) द्वारा "माध्यमिक तहका अवधीभाषी विद्यार्थीहरूले नेपाली वाक्यहरूको लेखनमा गर्ने पदसङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययन" लघु अनुसन्धान प्रस्तुत गरिएको छ । माध्यमिक विद्यालय तहमा अध्ययन गर्ने अवधीभाषी क्षेत्रका विद्यार्थीहरूको वाक्यलेखनमा पदसङ्गतिसम्बन्धी त्रुटिहरू केलाउनु नै यस अनुसन्धानको मूल उद्देश्य रहेको छ ।

यस अनुसन्धानको अध्ययनको क्रममा अवधी भाषा बोल्ने बाँके र बर्दिया जिल्लाका क्रमशः ३ र ४ विद्यालयहरूलाई समावेश गरी १०/१० जना विद्यार्थीहरूलाई प्रतिनिधिको रूपमा लिइएको छ । पदसङ्गतिसम्बन्धी प्रश्न निर्माण गरी उत्तरपुस्तिका परीक्षणद्वारा व्याख्या-विश्लेषण गरिएको छ । यसमा उद्देश्य-विधेयसम्बन्धी, पुरुष, आदरार्थी, विशेषण-

विशेष्य, कर्ता-क्रियासम्बन्धी त्रुटिहरूको विश्लेषण गरिएको छ । वाक्य लेखनका पदसङ्गतिसम्बन्धी त्रुटिहरूको अध्ययनमा केन्द्रित गरिएकाले यस अध्ययनमा अन्य पक्षहरूको समावेश गरिएको छैन ।

रामप्रसाद भट्टराई (२०४३) द्वारा “प्रमाणपत्र तहमा अध्यय गर्ने विद्यार्थीहरूको नेपाली व्याकरणसम्बन्धी त्रुटि विश्लेषण” शोधपत्र प्रस्तुत गरिएको छ । यसको मूल उद्देश्य व्याकरणिक कोटिसम्बन्धी मान्यता र सिद्धान्त अध्ययन गर्नु, त्रुटिको सैद्धान्तिक चर्चा गर्नु, प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूले प्रयोग गर्ने व्याकरणिक कोटीसम्बन्धी क्षमता जाँच्नु तथा समस्याहरूको उद्घाटन र निराकरणका उपायहरूको चर्चा गर्नु रहेको छ । ६४ वटा प्रश्नहरू तयार गरी प्रमाणपत्र तहअन्तर्गत शिक्षा र मानविकी सङ्कायका ५०/५० जना मातृभाषी र विमातृभाषी विद्यार्थीहरूको प्रायः सबै व्याकरणात्मक कोटिसम्बन्धी क्षमता पक्षको उल्लेख भएको पाइन्छ  तापनि उच्चारणसम्बन्धी अध्ययन यसमा भएको देखिन्न ।

उमा अधिकारी (२०४४) द्वारा “प्रवीणता प्रमाणपत्र तहमा अध्ययन गर्ने विद्यार्थीहरूको लेखन अभिव्यक्तिसम्बन्धी त्रुटि विश्लेषण” अध्ययन प्रस्तुत गरिएको छ । यसको उद्देश्य सम्बन्धित तहमा विद्यार्थीहरूको लेखन अभिव्यक्तिअन्तर्गत वाक्यगठन र वर्णविन्यासका त्रुटिहरू पहिचान, वर्गीकरण र समस्या समाधानका लागि सुझाबहरू प्रस्तुत गर्नु रहेको छ । यसमा १०० जना विद्यार्थीहरूलाई ‘गाउँले जीवन’ भन्ने शीर्षकमा निबन्ध लेखन गर्न लगाई उत्तरकापी परीक्षणबाट वर्णविन्यास र वाक्यगठनसम्बन्धी त्रुटिहरूको विश्लेषण गरिएको छ । उक्त अध्ययनका लागि वीरेन्द्र बहुमुखी क्याम्पस भरतपुरका प्रातः र दिवा समूहका जम्मा १०० जना विद्यार्थीलाई प्रतिनिधिका रूपमा लिई प्रस्तुत गरिएको छ । यसमा ५० वटा कापीहरू पुनः परीक्षण गरी वाक्यगठन विभक्ति प्रत्यय प्रयोग, कर्ता, संयोजक, शब्द लेख्यचिह्न आदि १२ वटा शीर्षकहरूमा राखेर त्रुटिविश्लेषण गरिएको छ । यसमा कुन पक्षमा कति प्रतिशतले त्रुटि गरे भन्ने कुरा नगरी त्रुटिहरूको प्रवृति मात्र देखाइएको छ ।

बलराम शिवाकोटी (२०४८) द्वारा “माध्यमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरूले वर्णविन्यासमा गर्ने त्रुटिको एक अध्ययन” प्रस्तुत छ । यसको मुख्य उद्देश्य उक्त तहमा अध्ययन गर्ने विद्यार्थीहरूको वर्णविन्याससम्बन्धी त्रुटिहरू पत्ता लगाउनु, वर्गीकरण गर्नु र समाधानका उपाय स्वरूप सुझाबहरू प्रस्तुत गर्नु रहेको  छ ।

अम्बिका सापकोटा (बेल्बासे) २०५५ द्वारा "कक्षा ७ पूरा गरेका विद्यार्थीहरूले गर्ने वर्णविन्याससम्बन्धी त्रुटिहरूको विश्लेषण" प्रस्तुत छ । यस अध्ययनमा मुख्यतः वर्णविन्याससम्बन्धी त्रुटिहरू पहिल्याउनु वर्गीकरण र विश्लेषण गर्नु तथा सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा उपत्यकाका साधारण र निजी २/२ वटा विद्यालय प्रत्येकबाट १५ जना गरी जम्मा ६० जना विद्यार्थीहरू छनोट गरी 'पानी' शीर्षकमा निबन्ध लेखन गराउँदा बढीमा ९५ प्रतिशतसम्म ह्रस्वदीर्घसम्बन्धी त्रुटिहरू पाइएको छ । यसमा पनि वर्णविन्याससम्बन्धी त्रुटिहरूको मात्र अध्ययन भएको र उच्चारणगत त्रुटिको अध्ययन भएको पाइँदैन ।

गंगाबहादुर के.सी. (२०५५) द्वारा "सुर्खेत जिल्लाका ५ कक्षा उत्तीर्ण मगरभाषी विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन" प्रस्तुत छ । यसमा कविताको सस्वरपठन शब्दोच्चारण, वाक्यगठन र वर्णविन्यासमा विद्यार्थीहरूले गर्ने त्रुटिहरू पत्ता लगाउनु, तिनीहरूको तुलनात्मक अध्ययन गर्नु, विश्लेषण गर्नु र प्राप्त निष्कर्षका आधारमा सुझावहरू प्रस्तुत गर्नु जस्ता उद्देश्यहरू राखिएका छन् । यस अध्ययनमा आएर मात्र सस्वरपठन, शब्दोच्चारण जस्ता नवीन विषयमा थोरै अध्ययन प्रस्तुत भएको छ । सुर्खेत जिल्लाका तीनवटा विद्यालयहरूबाट २०/२० जना विद्यार्थीहरूको संलग्नतामा सस्वरपठन र शब्दोच्चारणका निमित्त सामग्रीहरू टेपरेकर्ड गरेर त्यसैका आधारमा विश्लेषण गरिएको छ । यसमा ट र त वर्णको अध्ययनको अभाव छ अनि अनुनासिक र संयुक्त उच्चारणका त्रुटिहरूको अध्ययन छ तापनि विषयवस्तु व्यापक रहन गई अध्ययन सतही देखिएको छ ।

भोलाप्रसाद ढकाल (२०५५) द्वारा "कक्षा ९ मा अध्ययनरत विद्यार्थीहरूमा पाइने वाक्यगठनसम्बन्धी त्रुटिहरूको अध्ययन" शीर्षक शोधपत्र प्रस्तुत गरिएको छ । यसमा व्याकरणिक कोटिका आधारमा वाक्य गठनसम्बन्धी त्रुटिहरूको अध्ययन गर्ने उद्देश्य मात्रै राखेको पाइन्छ र त्यसैअनुसार अध्ययनलाई सीमित गरिएको छ ।

सुशीला मिश्र (२०५६) द्वारा "कक्षा ५ उत्तीर्ण थारूभाषी विद्यार्थीहरूले नेपाली वाक्यगठनमा गर्ने त्रुटिहरूको अध्ययन" प्रस्तुत छ । यसमा पनि त्रुटिहरूको वाक्यगठनका सन्दर्भमा लिङ्ग, वचन, पुरुष, काल, आदर, वाच्य आदि क्षेत्रको पहिचान गरी वर्गीकरण तथा वर्णन विश्लेषण गर्ने उद्देश्य राखेको पाइन्छ ।

कृष्णबहादुर खड्का (२०५९) द्वारा “सुर्खेत जिल्लाको कक्षा ५ मा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन” प्रस्तुत छ । थारूभाषी विद्यार्थीहरूले शब्दोच्चारणमा गर्ने त्रुटि पत्ता लगाउनु, त्रुटिको प्रकृतिगत अध्ययन-विश्लेषण गर्नु र निष्कर्षको आधारमा सुझावहरू प्रस्तुत गर्नु यस अध्ययनका उद्देश्यहरू रहेका छन् । यो अध्ययन वर्ण उच्चारण र शब्द उच्चारणमा हुने उच्चारणगत त्रुटिहरूको अध्ययनमा केन्द्रित रहेको छ ।

शेरबहादुर बानियाँ (२०६०) द्वारा “कक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण” शोध शीर्षकमा त्रुटिहरूको वर्णन, विश्लेषण तथा त्रुटि हुने कारण पत्ता लगाउनु र निराकरण गर्नु मुख्य उद्देश्य रहेको छ ।

कञ्चन झा (२०६०) द्वारा “कक्षा ४ उत्तीर्ण मैथिलीभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण” प्रस्तुत गरिएको शोधग्रन्थमा कक्षा ४ उत्तीर्ण मैथिली भाषीहरूले नेपाली भाषाको शब्दोच्चारणमा गर्ने त्रुटिहरूको पहिचान, वर्गीकरण र विश्लेषण गरी निराकरणका उपायहरू पनि बताएकी छिन् ।

उमादेवी प्रधान (दाहाल) २०६० द्वारा “दोलखाका नेवारभाषी विद्यार्थीहरूले उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन” प्रस्तुत गरिएको छ ।

मीना श्रेष्ठ (२०६१) द्वारा “कक्षा ६ मा अध्ययनरत नेवारी मातृभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण” प्रस्तुत गरिएको छ ।

अशोककुमार शाह(२०६१) द्वारा “ कक्षा ८ मा अध्ययनरत मैथिली भाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन” भएको छ ।

विमला भण्डारी (२०६१) द्वारा “कास्की जिल्लाका कक्षा ५ मा अध्ययनरत गुरुङ मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन” शोध प्रस्तुत गरिएको छ ।

रामदत्त भट्ट (२०६२) द्वारा “कक्षा ५ मा अध्ययनरत दार्चुलेली भाषीकामा हुने विद्यार्थीहरूले स्तरीय भाषा सिक्दा गर्ने उच्चारणगत त्रुटिको अध्ययन” प्रस्तुत छ ।

यस अध्ययन क्षेत्रसँग प्रत्यक्ष तथा अप्रत्यक्ष सम्बन्ध राख्ने उच्चारण तथा त्रुटिका बारेमा चर्चा गरिएका केही प्रमुख कृतिहरू-प्रा.डा.हेमाङ्गराज अधिकारीको 'नेपाली भाषा शिक्षण' (२०५०), प्रा.डा.अधिकारी र प्रा.डा. केदारप्रसाद शर्माको 'प्रारम्भिक नेपाली शिक्षण' (सहलेखन, २०५६), प्रा.डा.अधिकारीकै 'भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति (२०५७) आदि महत्त्वपूर्ण देखिन्छन् ।

अन्त्यमा नेपाली भाषाका त्रुटि विश्लेषणसम्बन्धी खोज अनुसन्धान पहिलेदेखि हुँदै आएको देखिए पनि नेपाली र थारू भाषासम्बन्धी तुलनात्मक तथा व्यतिरेकी अध्ययन धेरैपछि थालिएको पाइन्छ । त्यसमा पनि प्रायः सबै अध्ययनहरू क्षेत्रगत हिसाबले फरक देखिएका छन् । हालसम्म थारू र नेपाली भाषाको उच्चारण शीर्षकमै निहित रहेर नि.मा.वि. तहमा अध्ययन भएको देखिन नआएकाले यो अध्ययन नितान्त नवीन र बिलकुलै नौलो देखिन गएको विश्वास गरिएको छ ।

## १.९ शोधपत्रको रूपरेखा

यो शोध अध्ययनलाई निम्नानुसारका अध्यायहरूमा विभाजन गरी पूर्णता दिइएको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : थारूभाषाको सामान्य परिचय र त्रुटि विश्लेषणको सैद्धान्तिक अवधारणा

अध्याय तीन : थारूभाषी विद्यार्थीहरूले गर्ने नेपाली भाषाका उच्चारणगत त्रुटिहरूको पहिचान र व्याख्या विश्लेषण

अध्याय चार : थारूभाषी विद्यार्थीको नेपाली भाषामा स्वतन्त्र वर्णन तथा नियोजित र स्वतन्त्र संवादको उच्चारण विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाब

उक्तबाहेक शोध पत्रको अग्र र पाश्चभागमा राखिने अन्य विविध सामग्रीहरूको पनि यथाक्रममा अङ्कन गरेर शोधपत्रको अन्तिम स्वरूप तयार गरिएको छ ।

# अध्याय दुई

## थारूभाषाको सामान्य परिचय र त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा

### २.१ थारूको परिचय

थारू शब्दको व्युत्पत्ति र अर्थका सम्बन्धमा विभिन्न तर्क दिएको पाइन्छ । आजसम्म प्राप्त जानकारी र घटनाको अध्ययनबाट यिनीहरूको बारेमा केही जानकारी लिने प्रयास गरिएको छ । यस क्रममा विभिन्न विद्वान्हरूले विभिन्न दृष्टिकोणहरू प्रस्तुत गरेको पाइन्छ । थारू शब्दको उत्पत्तिबारे विचार गर्नेमध्ये कुनैले संस्कृतको 'स्थास्नु' शब्दबाट कुनैले बुद्ध धर्मको एक शाखा स्थविरको 'स्थेर' शब्दबाट कुनैले 'स्थुर' शब्दबाट कुनैले थारूहरू 'थारो' (तला नपाटेको घर) मा बस्ने हुनाले 'थारो' शब्दबाट र  कुनैले रैथाने अर्थमा ठालु (ग्राम प्रमुख) शब्दबाट यसको उत्पत्ति भएको मान्दछन् ।

जनकलाल शर्माका अनुसार शाक्य वंशीहरूमा स्थविरवादी सम्प्रदायका मानिसहरू 'स्थविर' कहलिन्थे र यसैको विकृत रूप थारू भएको हो । टेकनाथ गौतमकानुसार 'थारू' शब्द संस्कृतबाट आएको हो । उनका अनुसार संस्कृत व्याकरणमा 'थर्व' धातु पुलिङ्ग, एकवचनमा 'थर्वा' बहुवचनमा 'थर्वाण' स्त्री लिङ्गमा 'थर्वणी' प्रयोग हुन्छ । यसरी थर्वाबाट 'थारू' र थर्वणीबाट 'थरुनी' भएको हो । थर्वाको अर्थ एक ठाउँबाट अर्को ठाउँमा सर्नु अथवा स्थायी घरबार बनाएर नबस्ने  हो । कैलाली स्थित स्थानीय जमिन्दार नन्दलाल चौधरीका अनुसार थारूहरू कोरियाबाट आई बर्मामा बसे; बर्माका मान्छेले पशु भनी लखेटेपछि भारतको 'थार' मा आए त्यहीँबाट थारू भनियो ।

### २.२ थारूहरूको मूलस्थान तथा प्रसार

थारू जातिको मूलस्थान तथा तिनको प्रसारका सम्बन्धमा विभिन्न विद्वान्हरूले आ आफ्नै तर्क प्रस्तुत गरेको पाइन्छ । ऋषि केशवराज रेग्मीका अनुसार थारूहरू उत्तर प्रान्तबाट विभिन्न कारणले बसाइँ सरी तराई भेकमा आएका हुन् । मोदिनीप्रसाद शर्माका अनुसार भारतमा मुसलमानको आक्रमण पछि राजपुतहरू १२ औं शताब्दीतिर नेपाल पसेका हुन् तर यी भनाईलाई रामप्रसाद रायको भनाइले खण्डन गर्छ । उनका अनुसार दाङ उपत्यकाका अत्यन्त प्रतापी राजा 'दंगै भुसाई' थारू   थिए । दंगै भुसाई नामाङ्कित मुद्रा नेपालको मधेशमा मात्र नभई भारतका गोरखपुर, गोन्डा, बहराइच, दरभङ्गा, चम्पारण आदि

जिल्लामा समेत प्रचलित थिए । दाङको सुकौरा गढीमा 'दंगै भुसाई' थारू राजाको राजमहल थियो । त्यस किल्लाको अवशेष अहिले पनि पाइन्छ । योगी नरहरिनाथले उल्लेख गरेअनुसार आर्यघाट नाथेश्वर जलहरिको संवत् ४६७ को सिलापत्रको किराताहाङ् वंशावली विवरणमा 'थारू राजा दाङ्ग' भन्ने अंश स्पष्ट देखिन्छ । अर्को एक भनाइअनुसार दाङ उपत्यकाबाट थारूहरू पूर्व पश्चिम फैलिएका हुन् । इतिहास शिरोमणि बाबुराम आचार्यका अनुसार पनि थारूहरूको मूल घर नेपालभित्र भएको पाइन्छ । थारूहरू काहाँबाट आए भन्ने सम्बन्धमा थारूहरूकै परम्परागत भनाइ यसप्रकार पाइन्छ : रामचन्द्र श्रीलङ्कारबाट फर्कदा थारूहरू उनैका साथ आएका थिए ।  रामचन्द्रको स्वर्गारोहणपछि अयोध्या उजाडिएकाले उत्तरी भेकतर्फ हालको नेपालको नयाँ मुलुकतिर (बाँके, बर्दिया, कैलाली, कञ्चनपुर) आए । त्यहाँ जङ्गल सकिई उत्पात बढेपछि दाङमा आउने र दाङमा जङ्गल सकिए फेरि नयाँ मुलुकतिर फर्किने गर्दथे । यस प्रकारले यी जातिहरू नेपालमा प्रवेश गरेका हुन् ।

(गौतमः २०४४: १५) सर्वप्रथम दाङमा थारूहरू कहिले पसेका हुन् भन्ने समय निर्धारणका लागि बलिया आधार खासै नभए तापनि टेकनाथ गौतमकै भनाइमा कुवा (इनार) खन्दा ६-७ हात गहिरो जमिनमुनि र ४-५ सय वर्ष पुरानो मानिने सालका रूख भएका वनभित्र पनि ७-८ हात गहिराइमा पाइने थारूबस्तीका अवशेषबाट तथा काठमाडौंसम्मका थारूले आफ्ना पूर्वजलाई दाङबाट त्यहाँ (काठमाडौँ) गएका बताउने हुनाले र उत्तर भारतको राजनीतिक अवस्थाले पनि विक्रमको तेस्रो शताब्दीमा देउखुरीको बाटो गरी दाङमा पसेका र पछि तराई र भित्री मधेस बाँके, बर्दिया, सुर्खेत, कैलाली, कञ्चनपुर आदि जिल्लामा बसाइसराइ गर्दै गएको अनुमान गर्न सकिन्छ । दाङको थारू राजधानी सुकौरागढी वरपर केही तामाका मुद्राहरू पाइएकाले पनि थारूको मूल थलो दाङ भएको दावी गर्न सकिन्छ । थारूहरू दाङ उपत्यकाबाट नेपालको पूर्वी-पश्चिमी तथा दक्षिणी क्षेत्रतिर फैलिएका हुन् । थारूहरूको दाङबाट पश्चिमतिर बसाइ-सराइ गर्ने प्रक्रिया यथावत् पाइन्छ । कैलाली स्थित स्थानीय जमिनदार नन्दलाल चौधरीका भनाइमा थारूहरू कोरियाबाट बर्मामा आए । बर्माका मान्छेले पशु भनी लेखेटेपछि भारतको 'थार' मा आए त्यहीबाट थारू भनियो । फेरिपछि 'थार' बाट बसाइसराइका क्रममा दङदङ भन्ने थारू नारायणघाट हुँदै दाङमा जङ्गल फडानी गरी बसेका हुनाले दाङ भनियो । बसाइसराइका क्रममा तराइको पूर्वी -पश्चिमी भूभाग सिराहा, रूपन्देही, कैलाली, बाँके, बर्दिया, सुर्खेत आदि विभिन्न ठाउँमा बसोबास गर्दै आए जसले गर्दा स्थानै-पिच्छे थारूहरूको भाषा पनि फरक हुन गएको पाइन्छ ।

जे भए पनि 'थारू' नेपाली भूमिमा बसोबास गर्ने पुरानो जाति हो; नेपालको आदिवासी जाति हो र अन्य जातिभन्दा छुट्टै संस्कृति र पहिचान भएको एक परिश्रमी एवम् पौरखी महत्त्वपूर्ण नेपाली जाति हो भनी पहिचान गर्न सकिन्छ ।

## २.३ थारूभाषा

नेपालमा बोलिने विभिन्न राष्ट्रिय भाषाहरूमध्ये थारू पनि एक भाषा हो । थारू जातिले मातृभाषाका रूपमा प्रयोग व्यवहार गर्ने भाषा नै थारू भाषा हो । थारू विभिन्न क्षेत्रीय भेद भएको भारोपेली आर्य परिवारको भाषा हो । थारू जहाँ जहाँ बसेका छन् त्यहाँ आर्य परिवारकै भाषा बोलिने हुनाले थारू भाषा र स्थानीय आर्य भाषाको आपसी सम्पर्कका कारण थारू र आर्य परिवारमा समानता पाइएको हो । यसैसन्दर्भमा कैलालीका थारूहरूको पनि आफ्नै किसिमको स्थानीय भेद भएको थारू भाषा छ । यसरी हेर्दा आर्य परिवारका अरू भाषा हिन्दी, नेपाली, आदिभन्दा थारू भाषामा विकृत या अविकृत रूपमा संस्कृत भाषाका धेरै शब्द अपभ्रंश रूप भएर प्रयोग भएका पाइन्छन् । जस्तै :

संस्कृत : धान्य, यव, मसर, चणक, अतसी, बुस, पलाल, कडङ्गर

थारू : धान, जौ, मस्री, चाना, अरसी, भुसा, पैरा, कट्करी

संस्कृत : खादनम्, पानम्, चलनम्, निद्रानम्

थारू : खैना, पिना, चलना, निदैना आदि

माथिका यी थारू र संस्कृत भाषाका शब्दहरूमा मिल्दाजुल्दा रूप देख्दा थारू भाषा संस्कृत भाषाबाट व्युत्पत्ति भएको हो भन्ने कुरालाई अस्वीकार गर्न सकिदैन ।

त्यसै गरी उच्चारणगत रूपमा हेर्दा थारू भाषा तिब्बतचिनिया परिवारका केही शब्दहरूसँग निकट देखिन्छ । जस्तै :

| नेपाली | थारू | नेवार | लिम्बू | मगर |
|---|---|---|---|---|
| तिमी | टिमी | टिमी | टिमी | टिमी |
| डाडु | दादु/दारु | डारु | दादु/दारु | दादु/डारु |
| स्थायी | इस्ठाइ | इस्ठाइ | इस्ठाइ | इस्ठाइ आदि । |

उपर्युक्त शब्दहरूमा देखिएका केही समनता, उनीहरूको अनुहार र खानपानलाई हेर्दा थारूभाषा तिब्बतचिनियाँ परिवारको हाँगो हो कि भन्ने शङ्का पनि गर्न सकिन्छ ।

## २.४ सारांश

नेपालमा रहेको राना, कठरिया, डगौरा, चितौनिया र कोचिला गरी पाँच प्रकारका थारूहरूमा कैलाली स्थित थारूहरू डगौरा र कठरिया थारूको मिश्रणको रूपमा रहेका छन् । थारूहरू तराईका विभिन्न ठाउँमा छरिएर बसे पनि उनीहरूको संस्कृति वा संस्कार मिल्दोजुल्दो पाइन्छ । पहाडीहरू २०२१/०२२ सालतिर औलो उन्मूलन पछि मात्र पहाडबाट तराईतिर पुनर्वास भएको पाइन्छ । अहिलेसम्म पनि थारूभाषी विद्यार्थीको नेपाली भाषीसँग त्यति सम्पर्क भएको देखिँदैन । सदा आफ्नै परिश्रम (खेती) गर्न रमाउने थारू जातिको अन्य जातिसँगको सामाजिक छलफल, भोजभतेर, विभिन्न सभा-समारोह, गोष्ठीमा त्यति सहभागी नभएकाले यिनीहरूको भाषिक क्षमता त्यति परिष्कृत भएको पाइँदैन । शिक्षा, सञ्चारको अभाव र गरिबी आदि कारणले गर्दा यस जातिले नेपाली भाषाको उच्चारणमा प्रशस्त त्रुटि गरेको देखिन्छ ।

## २.५ त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा

### २.५.१ परिचय

भाषा शिक्षणका सन्दर्भमा त्रुटिविश्लेषणको प्रारम्भ सन् १९७० को दशकपछि भएको हो । यो आधुनिक भाषाविज्ञानबाट प्रभावित धारणा हो । भाषाशिक्षणका सन्दर्भमा त्रुटिको स्वरूप विशेष महत्त्वको हुने भएकाले भाषा सिक्ने सिकारुले के कस्ता त्रुटिहरू गर्छन् र ती त्रुटिहरू के कति कारणले हुन्छन् भनी अध्ययन गर्ने विषयलाई त्रुटि विश्लेषण भनिन्छ । त्रुटिविश्लेषण मूलतः दोस्रो वा अन्य भाषा शिक्षणका सन्दर्भमा विकसित दृष्टिकोण तथा पद्धति हो तापनि त्यसैकै समस्थिति र अंशतः केही भिन्न स्थितिमा पनि यसको उपयोग गर्न सकिने कुरा विभिन्न भाषा तथा भाषीकाभाषी पृष्ठभूमि भएका नेपाली शिक्षार्थीहरूले मानक नेपाली सिक्दा विभिन्न किसिमका त्रुटिहरू गर्ने र उक्त त्रुटिहरूको अध्ययन भाषा शिक्षणमा प्रभावकारिता थप्न निकै उपयोगी हुने ठानिएको छ (अधिकारी : २०५६, १३९) । त्यसैले त्रुटिलाई विद्यार्थीको कमजोरी होइन, भाषा सिक्ने प्रवृति र उपायको सङ्केतको रूपमा स्वीकारिन्छ । अतः भाषाका शिक्षकलाई विद्यार्थीहरूले गर्ने त्रुटिहरूको प्रवृत्ति थाहा भएमा उनीहरूलाई कुन कुरा सिक्न गाह्रो हुँदो रहेछ त्यसको जानकारी प्राप्त गर्न मद्दत मिल्छ । (

अधिकारी : २०५३ :१०३) । मानक भाषा सिक्दा होस् अथवा दोस्रो वा विदेशी भाषा सिक्दा किन नहोस् सबै भाषा सिक्ने सिकारुले त्रुटि गर्दछन् । सिकारुले भाषा सिक्ने प्रक्रिया त्रुटिसँगै अगाडि बढ्छ । यसरी सिकाइका क्रममा हुने यस्ता त्रुटिहरूको अध्ययन एवम् अवलोकन गरेर तथ्याङ्क सङ्कलन तथा सूचना प्राप्त गरी पूर्वानुमानहरू सही या गलत छन् भन्ने कुराको पहिचान त्रुटिविश्लेषणले गर्दछ ।

त्रुटिविश्लेषण र भाषाशिक्षण एक अर्काका परिपूरक हुन् । यी दुईमध्ये एकको अभावमा अर्को प्राय : अधुरो नै रहने सम्भावना हुन्छ । यसरी सिकाइ प्रक्रिया र अवस्था आदिलाई सङ्केत गरेको हुन्छ । यसरी सिकाइ प्रक्रिया कसरी चल्छ भन्ने कुरा जान्न उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटिहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ । अतः भाषाका शिक्षकहरूलाई विद्यार्थीहरूले गर्ने त्रुटिहरूको प्रकृति थाहा भएमा उनीहरूलाई कुन-कुन कुरा सिक्न कठिन हुँदो रहेछ भन्ने कुराको जानकारी प्राप्त गर्न मद्दत मिल्छ । यसबाट शिक्षण प्रक्रिया कसरी अगाडि बढाउने, शिक्षकले कुन कुरामा विशेष ध्यान दिनुपर्ने हो, भाषा सिकाइका कठिनाई क्षेत्र कुन कुन हुन् र तिनका निराकरणका लागि के-कस्ता उपाय अपनाउन आवश्यक हुन्छ भन्ने कुरामा समेत सुझ प्राप्त हुन्छ (अधिकारी, २०५६ : ४२७) ।

यसरी भाषाशिक्षणका सन्दर्भमा शिक्षक विद्यार्थी दुवैलाई नेपाली भाषामा हुने गरेका त्रुटिको प्रकृति र क्षेत्रको पहिचान गरी प्रभावकारी भाषाशिक्षणका लागि मार्गनिर्देशन गर्न र सुधारात्मक कदम चाल्न त्रुटिविश्लेषणको महत्त्वपूर्ण भूमिका हुन्छ ।

### २.५.२ त्रुटिविश्लेषणको महत्त्व

भाषासिक्ने सिकारुको सिकाइ प्रक्रिया कस्तो हुन्छ र त्यो सिकाइ प्रक्रिया कसरी चल्छ भन्ने जान्न सिकारुले गरेको भाषिक व्यवहार (बोलाइ र लेखाइ) लाई दृष्टिगत गर्नुपर्ने हुन्छ । भाषा सिकाइमा त्रुटि स्वाभाविक हुने हुँदा त्रुटिले भाषा सिकाइ प्रकृति र प्रवृत्तिलाई सङ्केत गर्दछ । भाषा सिकाइका क्रममा सिकारुको अभिव्यक्तिमा पाइने त्रुटिहरूको अध्ययनले उसको भाषा विकास प्रक्रियाको बारेमा ज्ञान दिलाउँछ । शिक्षार्थीहरूको त्रुटिहरूको अध्ययनले उनीहरूको सिकाइ प्रक्रिया तथा प्रवृत्तिको जानकारीका साथै शिक्षक स्वयम्लाई पनि पृष्ठपोषणको समेत कार्य गर्दछ ।

त्रुटिविश्लेषण भाषाशिक्षणमा प्रस्तावित निराकरणात्मक र संज्ञानात्मक विधिसँग निकट रहेको देखिन्छ । संज्ञानात्मक पद्धतिमा भाषालाई व्यवस्थाका रूपमा बुझ्न र सम्झन

प्रोत्साहित गरिन्छ । भाषाका सिकारुको भाषा विकास प्रक्रियाको अध्ययनका लागि त्रुटिविश्लेषणको महत्त्वपूर्ण भूमिका हुन्छ । भाषा विकासका प्रक्रियाको अध्ययन मातृभाषाका साथै दोस्रो भाषा सिकाइको सन्दर्भमा पनि उपयोगी हुने देखिन्छ ।

मनोभाषाविज्ञान र व्यतिरेकी विश्लेषणका पूर्वानुमानलाई प्रमाणीकरण गर्ने कुरामा पनि त्रुटि विश्लेषण विशेष महत्त्वको हुन्छ । त्रुटिका दृष्टिले कुनै पनि नेपाली भाषाभाषी शिक्षार्थीको नेपाली भाषाको प्रयोग पूर्णतः त्रुटि निरपेक्ष नहुने हुनाले उनीहरूका लागि मानक नेपाली दोस्रो भाषिकासरह मानिन्छ । यसरी नेपाली भाषाशिक्षण प्रक्रियामा त्रुटिका उक्त दुवै क्षेत्र त्रुटिविश्लेषणका दृष्टिले महत्त्वपूर्ण ठहरिन्छन्  (अधिकारीः २०५६ः १४१) ।

शिक्षार्थीको सिकाइमा कठिनाइको प्रकृति पहिचान गरी पृष्ठपोषण प्रदान गर्न शिक्षकलाई उनीहरूले गर्ने त्रुटिहरूको व्यवस्थित अध्ययन गर्न आवश्यक छ । यस्तो अध्ययनले शिक्षण विधि, शिक्षण सामग्री, पाठ्यक्रम, पाठ्यपुस्तकको आवश्यक  निर्माणमा समेत सहयोग पुग्दछ । यसरी स्तरीय स्पष्ट र शुद्ध उच्चारणको सहयोगले विभिन्न भाषिक पक्षको परिष्कार गर्नका लागि उच्चारणगत त्रुटिको अध्ययन-विश्लेषण गर्नु औचित्यपूर्ण देखिन्छ ।

## २.६ त्रुटिविश्लेषणको सैद्धान्तिक आधार

शोधकार्य मूलतः एक प्रयोगात्मक खोज अनुसन्धानबाट देखिएका व्यावहारिक प्रतिक्रियाका आधारमा गरिने हो तापनि प्रयोगात्मक कार्यहरूको परीक्षणमा पनि सैद्धान्तिक आधारलाई नकार्न सकिन्न । त्यसैले यहाँ यस अध्ययनको सैद्धान्तिक पृष्ठभूमिको उद्घाटन गरिएको छ । त्रुटिविश्लेषणका निमित्त सर्वप्रथम अध्ययनका कोटि/तह वा एकाइ निर्धारण गर्नुपर्दछ । यसअन्तर्गत यहाँ उच्चारण कोटिलाई दिइएको हुनाले त्यसकै केन्द्रीयतामा यो अध्ययन सीमित भएको हुँदा कोटि निर्धारण गरिरहनु आवश्यक ठानिदैन ।

जुनसुकै कोटिको पद्धति अपनाए पनि त्रुटिहरूको अध्ययन विश्लेषणको समग्र प्रक्रियामा निम्न लिखित चरणहरू संलग्न हुन्छन् (अधिकारीः २०५३ः ११५) ।

### २.६.१ पहिचान

सर्वप्रथम विद्यार्थीहरूले गर्ने लिखित र मौखिक अभिव्यक्तिहरूको संभावित त्रुटिक्षेत्रको खाका तयार गरी तिनका उच्चारणमा के-कस्ता गल्तीहरू हुन्छन् टिपोट वा

रेकर्ड गर्नुपर्दछ । यस सन्दर्भमा उनीहरूका त्रुटिहरू के-कति स्वीकार्य र अस्वीकार्य छन् त्यो पनि ख्याल गर्नुपर्दछ । यसरी त्रुटिहरू त्रुटि नै नभएर सामान्य भूल र रडकाइ मात्र हुन सक्छन् । यसबारेमा गरिएका त्रुटिहरूमा कति नियमितता छ, सङ्गतिपूर्ण र त्रुटि भन्न सुहाउने छ वा छैन आदिलाई पहिचानका क्रममा ख्याल गर्नु पर्दछ । यस अध्ययनमा कुनै गल्ती खास त्रुटि हो होइन भनी सावधानीपूर्वक पहिचान गरिएको छ ।

### २.६.२ वर्गीकरण

कुनै पनि भाषासिकाइका क्रममा स्रोतभाषाबाट लक्ष्यभाषा सिक्दा निर्धारण गरिएका गल्तीहरूलाई विभिन्न आधारमा सूचीबद्ध गरी वर्गीकरण गर्नुपर्दछ । वर्गीकरणका क्रममा विभिन्न आधारहरू लिन सकिन्छ । नेपाली भाषाका सन्दर्भमा त्रुटिहरूको वर्गीकरण गर्न भाषाकोटि, स्रोत, गम्भीरता, स्वरूप, व्यापकता र औचित्य/अनौचित्यका आधारमा कर्डरको "इन्ट्रोडयूसिङ अप्लाइड लिंग्विस्टिक्स" भन्ने पुस्तकमा गरिएको वर्गीकरणलाई नै मुख्य आधार मान्नुपर्ने हुन्छ, जसलाई निम्नअनुसार प्रस्तुत गरिएको छ :

**क) अव्यवस्थित त्रुटि**

कुनै पनि दोस्रो भाषा सिक्ने सिकारुले सिक्ने क्रममा गर्ने प्रारम्भिक त्रुटिहरू अव्यवस्थित हुन्छन् । लक्ष्यभाषा सिक्ने क्रममा राम्रो अभ्यास नपुगेको सङ्केत यस्ता त्रुटिबाट मिल्दछ । यस्ता त्रुटिहरूमा नियमितता नहुने हुनाले अनुमान गर्न गाह्रो हुन्छ । यस्ता त्रुटिहरूले नियमको उलङ्घन गर्दछन् ।

**ख) व्यवस्थित त्रुटि**

यस्ता त्रुटि एउटा विद्यार्थीले मात्र नगरी त्यही समूहका अन्य विद्यार्थीले पनि गरेको पाइन्छ । यस्ता त्रुटिहरू बारम्बार दोहरिनुका साथै प्रयोगमा सचेतना राख्दा राख्दै पनि त्रुटि हुने हुनाले महत्त्वपूर्ण हुन्छन् । यस्ता त्रुटिमा विशेष ध्यान पुऱ्याउनु पर्ने हुन्छ र यस्ता त्रुटिले अन्तरभाषिक व्यवस्थालाई सङ्केत गर्दछन् । यस्ता त्रुटिहरू नियमित,अनुमेय र क्रमशः न्यूनीकरण हुँदै जाने खालका हुन्छन् ।

**ग) उत्तरव्यवस्थित त्रुटि**

विद्यार्थीका असावधानीका कारण हुने त्रुटिहरू यस खालका हुन्छन् । यस्ता त्रुटि भाषिक प्रयोगको रड्काइ वा चिप्लाइबाट पनि हुने हुनाले जानीजानी पनि हुने र सावधानी

अपनाएमा कम हुने सम्भावना हुन्छ । भाषा सिकाइमा अवरोध आई व्यावहारिक कारणबाट अपेक्षित वातावरणभन्दा भिन्न भाषिक प्रयोगको पूर्ण प्रयोग गर्न नपाउँदा यस्ता त्रुटि हुने गर्दछन् ।

### २.६.३ वर्णन–विश्लेषण

पहिचान र वर्गीकरण पछि त्रुटिहरूको व्याख्या विश्लेषण गर्नुपर्दछ । यस क्रममा वर्णनात्मक, विश्लेषणात्मक, तुलनात्मक आदि तरिकाहरू अपनाउनुपर्दछ । त्रुटिहरू कस्ता र कसरी भएका छन्, यसका कारणहरू के के हुन्, कस्ता त्रुटिहरू कति विद्यार्थीले कति मात्रामा गर्दा रहेछन् भनी वर्णन विश्लेषण गर्नुपर्ने हुन्छ । खास प्रकृतिका त्रुटिहरूलाई त्रुटिरहित रूपसँग तुलना गरी तालिकीकरण गरेर पनि व्याख्या विश्लेषण गर्न सकिन्छ । यस क्रममा त्रुटि हुनाका कारणहरू पहिलो भाषा, दोस्रो भाषाको प्रकृति, सिकाइको प्रक्रिया प्रकृति, शिक्षण विधि-सामग्री, स्रोत भाषाको भाषिक स्वरूप, लक्ष्य भाषाको जटिलता आदिका साथै शारीरिक मनोवैज्ञानिक कारणहरू पनि हुन सक्दछन् । त्यसको पनि उल्लेख गर्न सकिन्छ ।

### २.६.४ निराकरण

यसप्रकार त्रुटिको पहिचान, वर्गीकरण, वर्णन र व्याख्याका आधारमा प्राप्त निष्कर्ष अनुसार त्रुटि निराकरणका लागि हुनसक्ने सम्भावित सुझाव वा उपायहरू सुझाउनु पनि उपयुक्त हुन्छ । उपर्युक्त अवधारणामा नै यो अध्ययन आधारित छ ।

## २.७ उच्चारणगत त्रुटिहरू

भाषा सिकाइमा विभिन्न किसिमका त्रुटिहरू हुन्छन् । यस्ता त्रुटिहरूलाई विभिन्न आधारमा हेर्न सकिन्छ । यसरी हेर्दा त्रुटिलाई दुई किसिमबाट हेर्न सकिन्छ । एउटा भाषिक एकाइका आधारमा र अर्को सिकाइ प्रक्रिया तथा त्रुटिका प्रकृतिका आधारमा । यस सन्दर्भमा यहाँ त्रुटिलाई भाषिक एकाइका आधारमा हेरिएको छ । यस अनुसार उच्चारणलाई पनि एक भाषिक त्रुटिको एकाइ मान्न सकिन्छ । यो यस अध्ययनको केन्द्रविन्दु नै हो । त्यसैले उच्चारणका पूर्वाधार तयार गरी केही उच्चारणगत त्रुटिहरूलाई उदाहरणसहित देखाउने प्रयास गरिएको छ; जुन निम्नअनुसार छ :

(क) **प्राणत्वका आधारमा वर्ण उच्चारणमा देखिने त्रुटिहरूः** यस्ता त्रुटिहरू महाप्राण उच्चारण गर्नुपर्नेमा अल्पप्राण उच्चारण हुने गर्दछन् र कहिले काहीँ अल्पप्राण पनि महाप्राण भई उच्चारण हुन सक्छन् । जस्तै : साझा-साजा, आधा-आदा, आधार-आदार, घर-गर आदि ।

(ख) **घोषत्वका आधारमा वर्ण उच्चारणमा देखिने त्रुटिः** यस्ता त्रुटिहरू सघोषका सट्टामा अघोष उच्चारण हुन्छन् । जस्तै : लोग्ने-लोक्ने, सबै-सपै, सदस्य-सतस्य आदि ।

उपर्युक्त क र ख मा देखाइएका त्रुटिहरू भोटबर्मेली परिवारका भाषा भाषीहरूले अत्यधिक मात्रामा गर्ने गर्दछन् ।

(ग) **'अ' वर्ण 'आ' भई उच्चारित हुने त्रुटिः** जस्तैः अब–आब, अहिले–आहिले, जान्न–जान्ना आदि ।

(घ) **'ट' वर्ग र 'त' वर्गका वर्ण वा वर्णयुक्त शब्दहरूको उच्चारणमा हुने त्रुटिः** जस्तैः टाटो-तातो, ठग्नु-थग्नु, डालो-दालो, ढोल-धोल, तराजु-टराजु, थपडी-ठपडी आदि ।

(ङ) **अनुनासिक उच्चारणमा हुने त्रुटि :** यस्ता त्रुटिहरू अनुनासिक स्वर नासिक्य व्यञ्जनमा उच्चारित भई त्रुटि हुने गर्दछन् । जस्तै : हुँदैन-हुन्दैन, छुँदैन-छुन्दैन, आउँदैन-आउन्दैन आदि ।

(च) **उच्चारणमा 'ह' वर्ण लोप भएर हुने त्रुटिः** जस्तै : महासचिव-मासचिव, महाधिवेशन-मादिवेशन, सह-सचिव-ससचिव जस्ता शब्दोच्चारणमा 'ह' लोप गरेर 'ह' को अगाडिको 'म' वर्णलाई आकारमा परिणत गरेको (मासचिव, मादिवेशन) समेत पाइन्छ ।

(छ) **'रेफ' र 'ऋ' को उच्चारणमा हुने त्रुटिः** यस्ता त्रुटिहरू 'रेफ' लाई 'र' अनि संयुक्त 'ऋ' लाई 'रेफ' मा परिणत गरेको पाइन्छ । जस्तो : धर्म-धरम, कर्म-करम्, कृपा-किर्पा, प्रसाद-पर्साद आदि ।

(ज) **'ण' वर्ण 'न' भई उच्चरित हुने त्रुटिः** जस्तै : भ्रमण-भरमन, प्रणाम-प्रनाम आदि ।

(झ) **'ष' वर्ण 'ख' भई उच्चरित हुने त्रुटिः** यस्ता त्रुटिहरू 'ष' को उच्चारणमा 'ख' उच्चारण हुन्छन् । जस्तै : षट्कोण-खट्कोण, पुरुष-पुरुख आदि ।

(ञ) **प्रयत्न लाघव अथवा 'ह' लोप गरेर 'र' मात्र उच्चारण गर्ने वा 'र' लाई रेफमा परिणत गर्ने त्रुटिः** जस्तैः साह्रै-साहै-सारै-सार्है ।

(ट) **हलन्त र अजन्तमा गर्ने त्रुटिः** जस्तै : भन् (अनादर)-भन (सामान्य आदार), पढ (सामान्य आदर)-पढ् (अनादर) आदि ।

## २.८ सारांश

भाषा सिक्ने सिकारुले के कस्ता त्रुटिहरू गर्छन् र ती त्रुटिहरू के कति कारणले हुन्छन् भनी अध्ययन गर्ने विषय त्रुटि विश्लेषण हो । भाषाका सिकारुका भाषा विकास प्रक्रियाको अध्ययनका लागि त्रुटि विश्लेषणको महत्त्वपूर्ण भूमिका हुन्छ । सिकारुले भाषा सिक्ने प्रक्रिया त्रुटिसँगै अगाडि बढ्छ । त्रुटि विश्लेषण र भाषा शिक्षण एक अर्काका परिपूरक हुन् । सिकारुको सिकाइ प्रक्रिया कसरी चल्छ भन्ने कुरा जान्न उनीहरूले सिक्दै गरेको भाषामा पाइने त्रुटिहरूको अध्ययन महत्त्वपूर्ण हुन्छ । शिक्षार्थीहरूको त्रुटिहरूको अध्ययनले उनीहरूको सिकाइ प्रक्रिया तथा प्रवृत्तिको जानकारीका साथै शिक्षक स्वयम्लाई पनि पृष्ठपोषणको समेत कार्य गर्दछ ।

कुनै पनि भाषा सिकाइका क्रममा स्रोत भाषाबाट लक्ष्य भाषा सिक्दा निर्धारण गरिएका गल्तीहरूलाई सूचीबद्ध गरी वर्गीकरण गर्दा विभिन्न आधारहरू लिन सकिन्छ । नेपाली भाषाका सन्दर्भमा त्रुटिहरूको वर्गीकरण गर्न भाषाकोटि, स्रोत, गम्भीरता, स्वरूप, व्यापकता र औचित्य/अनौचित्यका आधारलाई लिन सकिन्छ ।

# अध्याय तीन

# उच्चारणगत त्रुटिहरूको पहिचान र व्याख्या विश्लेषण

मानवीय उच्चारणको स्वरूप प्रत्यक्ष र बाह्य रूपमा हुन्छ । श्रवणशक्तिबाट नै उक्त उच्चारण प्रक्रियालाई छुट्याउन सकिन्छ । उच्चारणको प्रकृति सबैको एकनास नहुन सक्छ । अझ सम्बन्धित भाषाका मातृभाषी र अन्य भाषाका वक्ताहरूले गर्ने उच्चारणमा धेरै भिन्नता हुनु स्वाभाविकै हो । यसै सन्दर्भमा थारू भाषाका वक्ताहरूले गर्ने नेपाली भाषाको उच्चारण मानवीय उच्चारणका दृष्टिले त्रुटिपूर्ण हुनु स्वभाविक कुरा हो । अतः यहाँ थारूभाषाका विद्यार्थीहरूलाई आधार बनाएर नेपाली भाषामा उनीहरूले गर्ने उच्चारणगत त्रुटिका सम्भाव्य र सामान्य क्षेत्रहरू छनोट गरी उच्चारण गर्न लगाइएको थियो । शब्द तहबाट छनोट गरिएका उच्चारणगत क्षेत्रका विविध कुराहरूलाई प्रतिविद्यार्थी उच्चारण गर्न लगाई टेपबद्ध गरी क्यासेटमा भरिएको थियो । पछि क्यासेटलाई टेपरेकर्डरमा राखेर खोली श्रवण गर्दै त्रुटि भएका र नभएका क्षेत्रहरू उच्चारण प्रकृतिअनुरूप सङ्ख्यात्मक गिन्ती गरेर तालिकाबद्ध गरी व्याख्या विश्लेषण गरिएको छ । उच्चारणका लागि छनोट गरिएका क्षेत्र र शब्दसङ्ख्या देहायअनुसार छन् :

| क.सं. | उच्चारण क्षेत्र | सङ्ख्या |
|---|---|---|
| १. | ब र व निहित शब्द | १७ |
| २. | तवर्ग र टवर्ग निहित शब्द | २१ |
| ३. | छ , छे र क्ष निहित शब्द | १७ |
| ४. | य र ए निहित शब्द | १४ |
| ५. | अ र आ निहित शब्द | १४ |
| ६. | ग्यँ र ज्ञ निहित शब्द | १२ |
| ७. | हलन्त र अजन्त वर्ण भएका शब्द | १५ |

| | | |
|---|---|---|
| ८. | अनुस्वार र चन्द्रविन्दु भएका शब्द | १२ |
| ९. | रकार र रेफ भएका शब्द | १२ |
| १०. | पदयोग र पदवियोग भएका शब्द | १० |
| ११. | संयुक्त र मिश्र उच्चारण भएका शब्द | १२ |
| १२. | प्राणत्वसम्बन्धी उच्चारण भएका शब्द | १२ |
| १३. | घोषत्वसम्बन्धी उच्चारण भएका शब्द | १० |
| १४. | अन्य विविध क्षेत्रका उच्चारणसम्बन्धी शब्द | ४३ |
| | जम्मा | २२१ |

प्रस्तुत छ उक्त विविध क्षेत्रका उच्चारणगत त्रुटिहरूको व्याख्या र विश्लेषण

## ३.१ ब र व निहित शब्दहरूको उच्चारण

| क्र.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | बाधा | बाधा | ९० | १००% | - | - | बाढा |
| २. | बुद्धिमान् | बुद्धिमान् | ९० | १००% | - | - | बुढिमान्/बुडिमान् |
| ३. | बलियो | बलियो | ९० | १००% | - | - | - |
| ४. | वाग्मती | बाग्मती | ९० | १००% | - | - | बागमटी |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५. | गरिब | गरिब् | ९० | १००% | - | - | - |
| ६. | तबला | तबला | ९० | १००% | - | - | टबला |
| ७. | बाली | बालि | ९० | १००% | - | - | - |
| ८. | मानव | मनब् | ८५ | ९४% | ५ | ६ % | मनवा/मानव |
| ९. | दिवा | दिबा | ४५ | ५० % | ४५ | ५० % | डिवा |
| १०. | सेवन | सेबन् | ७० | ७८ % | २० | २२ % | सेवन/सेवान |
| ११. | निवेदन | निबेदन् | ७५ | ८३ % | १५ | १७ % | निवेडन |
| १२. | स्वीकृत | स्विक्रित | - | - | ९० | १०० % | इस्वीकार/ इस्वीक्रिट |
| १३. | वकिल | वकिल् | ५५ | ६१ % | ३५ | ३९ % | बकिल |
| १४. | वास्ता | वास्ता | २० | २२ % | ७० | ७८ % | बास्टा/बस्टा |
| १५. | आवाज | आवाज् | ७० | ७८ % | २० | २२ % | अबाज/आबाज |
| १६. | मेवा | मेवा | ८० | ८९ % | १० | ११ % | मेबा |
| १७ | स्वार्थी | स्वार्थि | ६० | ६७ % | ३० | ३३ % | इस्बार्ठि/स्वठी |
| औसत | | | ११९० | ७८ % | ३४० | २२ % | |

सूत्र = जम्मा छनोट गरिएका शब्द १७

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १७ ×९० =१५३०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{११९०}{१५३०} \times १०० = ७८\ \%$$

$\therefore$ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =७८ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{३४०}{१५३०} \times १०० = २२\%$$

$\therefore$ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = २२%

उपर्युक्त तालिकाअनुसार उच्चारण गराउँदा विद्यार्थीहरूले सबैभन्दा बढी त्रुटि 'स्वीकृत' शब्दलाई उच्चारण गर्दा गरेको पाइन्छ । यसमा १०० प्रतिशत विद्यार्थीहरूले नै त्रुटि गरेका छन् । त्यसपछि 'वास्ता' शब्दलाई ७८ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् । यसै क्रममा सबैभन्दा कम त्रुटि 'मानव' शब्दलाई गरेका छन् भने मेवा, आवाज र सेवन शब्दहरू क्रमशः ११, २२, २२ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेका छन् । 'ब' निहित शब्दहरूको उच्चारणमा कुनै पनि त्रुटि भएको पाइएको छैन । यसरी 'व' लाई कतिपय ठाउँमा 'ब' उच्चारण गरेको पाइयो भने 'ब' लेखेर 'व' उच्चारण गरेको पाइएको छैन । 'ब' र 'व' निहित शब्दहरूको औसत ७८ प्रतिशत विद्यार्थीहरूले शुद्ध उच्चारण गरेका छन् भने २२ प्रतिशत विद्यार्थीले अशुद्ध उच्चारण गरेको पाइयो ।

## ३.२. टवर्ग र तवर्ग निहित शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | भेटिनु | भेटिनु | ८१ | ९०% | ९ | १० % | भेतिनु |
| २. | घटना | घटना | ७२ | ८०% | १८ | २० % | घतना |
| ३. | टाकुरा | टाकुरा | ८६ | ९५% | ४ | ५ % | ताकुरा |
| ४. | ठूलो | ठूलो | ७२ | ८० % | १८ | २० % | थुलो |
| ५. | काठमाडौं | काठमाडौं | ७३ | ८१ % | १७ | १९ % | काथमान्दु/काथमान्दौ |
| ६. | टिकट | टिकट् | ८१ | ९०% | ९ | १० % | तिकत |
| ७. | ठाउँ | ठाउँ | ४६ | ५१ % | ४४ | ४९ % | थाउँ/थाउ |
| ८. | टालो | टालो | ६२ | ६९ % | २८ | ३१ % | तालो |
| ९. | डाडु | डाडु | ६१ | ६८ % | २९ | ३२ % | दादु/दारु |
| १०. | ढक | ढक् | ८१ | ९०% | ९ | १० % | धक |
| ११. | तराई | तराइ | ३० | ३३ % | ६० | ६७ % | टराई |
| १२. | रात | रात् | ३० | ३३ % | ६० | ६७ % | राट |
| १३. | तह | तह | २० | २२ % | ७० | ७८ % | टह |
| १४. | थारू | थारू | ४० | ४४ % | ५० | ५६ % | ठारू |
| १५. | तिमी | तिमि | २० | २२ % | ७० | ७८ % | टिमी |
| १६. | तीन | तिन् | २५ | २८ % | ६५ | ७२ % | टीन |
| १७ | त्यो | त्यो | २० | २२ % | ७० | ७८ % | ट्यो |
| १८. | वस्तु | बस्तु | ३५ | ३९ % | ५५ | ६१ % | वस्टु/बस्टु |
| १९. | सन्तु | सन्तु | २५ | २० % | ६५ | ७२ % | सन्टु |
| २०. | दही | दहि | ३० | ३३ % | ६० | ६७ % | डही |
| २१. | गणित | गणित् | ५ | ६ % | ८५ | ९४% | गनिट |
| औसत | | | ९९५ | ५३ % | ८९५ | ४७ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द २१

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या २१ ×९० =१८९०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{९९५}{१८९०} \times १०० = ५३\ \%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =५३%

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{८९५}{१८९०} \times १०० = ४७\ \%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ४७ %

थारूभाषी विद्यार्थीहरूका लागि अग्रवर्त्स्य स्पर्शी र दन्त्य वर्णयुक्त शब्दहरूको आदि, मध्य र अन्त्य स्थानमा उच्चारणमा कठिनाइ परेको देखिन्छ । थारूभाषी विद्यार्थीले वर्णहरूको उच्चारणमा कतिपय नेपाली वर्णहरूमा नभएका वर्णको पनि उच्चारण गरेको भेटिन्छ । सोही कारणले गर्दा पनि थारूभाषीहरू सबैका यस्ता वर्णयुक्त शब्दोच्चारणमा प्रसस्तै त्रुटिहरू हुँदा रहेछन् ।

उपरोक्त तालिकालाई हेर्दा त, थ, द, ध वर्णयुक्त शब्दहरूमा हुने त्रुटिहरू अन्य त्रुटिहरूको तुलनामा केही बढी देखिन्छन् । सबैभन्दा बढी त्रुटि 'गणित' शब्दको उच्चारण गर्दा भएको छ जसमा ९४ प्रतिशतले त्रुटि गरेका छन् । त्यसपछि 'तह', 'त्यो' र 'तिमी' शब्दको उच्चारणमा धेरैले त्रुटि गरेका छन् अर्थात् ७८ प्रतिशतले त्रुटि गरेका छन् । अन्य शब्दहरूमा ५६ प्रतिशतदेखि ७२ प्रतिशतले त्रुटि गरेका छन् । साथै 'ट' वर्गमा बढी त्रुटि ४४

जना वा ४९ प्रतिशतसम्मले त्रुटि गरेको र सबभन्दा कम ४ जना वा ५ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । यसबाट कक्षा ६ का थारूभाषी विद्यार्थीहरूलाई ट र त निहित शब्दहरू उच्चारण गर्न बढी कठिन हुने देखिन्छ । खास गरी 'त' वर्गका वर्णलाई 'ट' वर्गमा लगी उच्चारण गर्ने प्रवृत्ति उनीहरूमा अत्यधिक मात्रामा देखिन्छ ।

## ३.३ छ, छे र क्ष निहित शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | हुन्छ | हुन्छ | ९० | १००% | - | - | - |
| २. | लछार्नु | लछार्नु | ९० | १००% | - | - | - |
| ३. | पछ्यौरी | पछ्यौरि | ९० | १००% | - | - | |
| ४. | छताछुल्ल | छताछुल्ल | ९० | १००% | - | - | छटाछुल्ल |
| ५. | छात्रा | छात्त्रा | ९० | १००% | - | - | छाट्रा |
| ६. | मान्छे | मान्छे | ९० | १००% | - | | |
| ७. | छेपारो | छेपारो | ८० | ८९ % | १० | ११ % | छोपारो/छपारो |
| ८. | शिक्षक | सिछ्यक/शिक्छ्यक | ८१ | ९०% | ९ | १० % | शिछक |
| ९. | वृक्ष | ब्रिछ्य/ब्रिक्छ्य | ९ | १० % | ८१ | ९०% | ब्रिछ/वृछे |
| १०. | कक्षा | कक्छ्या/कच्छ्या | १० | ११ % | ८० | ८९ % | कछा |
| ११. | क्षण | छ्यण् | १८ | २० % | ७२ | ८० % | छन्/छेन |
| १२. | क्षमा | छ्यमा | २० | २३ % | ७० | ७७ % | छमा/छेमा |
| १३. | पक्ष | पछ्य | २५ | २८ % | ६५ | ७२ % | पछे/पछय |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १४. | साक्षर | साक्छ्यर/साच्छ्यर | २५ | २८ % | ६५ | ७२ % | साछ्यर/साछेर |
| १५. | शिक्षा | सिक्छया/सिच्छ्या | १२ | १३ % | ७८ | ८७ % | सिछा |
| १६. | भिक्षु | भिक्छ्यु/भिच्छ्यु | - | - | ९० | १०० % | भिछु |
| १७ | क्षेत्र | छेत्त्र | ३० | २३ % | ६० | ६७ % | छेट्र |
| औसत | | | ८५० | ५६ % | ६८० | ४४ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १७

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १७ ×९० =१५३०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{८५०}{१५३०} \times १०० = ५६\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =५६ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६८०}{१५३०} \times १०० = ४४\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ४४%

उपर्युक्त तालिकाअनुसार विद्यार्थीलाई उच्चारण गराउँदा भएका त्रुटिलाई हेर्दा सबै भन्दा बढी 'भिक्षु' शब्दलाई कुनैपनि  विद्यार्थीले शुद्ध उच्चारण गरेको पाइएन भने 'वृक्ष', 'कक्षा', 'शिक्षा' जस्ता शब्दहरूलाई बढी मात्रामा त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । 'शिक्षक' शब्दको उच्चारणमा भने सबैभन्दा कम अर्थात् १० प्रतिशत त्रुटि पाइयो ।  'क्ष' वर्णको उच्चारणमा अधिक त्रुटि पाइयो तर 'छ', 'छे' वर्ण भएका शब्दहरूमा निकै न्यून त्रुटि पाइयो । बढी भन्दा बढी 'क्ष' को उच्चारण छ र छे मा भएको देखियो । औसत रूपमा हेर्दा छ, छे, क्ष निहित शब्दहरूको शुद्ध उच्चारण ५६ प्रतिशत देखियो भने ४४ प्रतिशत त्रुटिपूर्ण उच्चारण रहेको पाइयो ।

## ३.४ य र ए निहित शब्दहरूको उच्चारण

| क्र.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | यसपालि | यसपालि | - | - | ९० | १०० % | एसपालि |
| २. | गायक | गायक् | - | - | ९० | १०० % | गाएक |
| ३. | यति | यति | १८ | २०% | ७२ | ८० % | एटि |
| ४. | प्रत्येक | प्रत्येक | ९ | १० % | ८१ | ९०% | पर्टेक/पटेक |
| ५. | लाग्यो | लाग्यो | ९ | १० % | ८१ | ९०% | लागे/लागए |
| ६. | नारायण | नारायण् | - | - | ९० | १०० % | नाराएन/नराएन |
| ७. | यत्रो | यत्रो | ८१ | ९०% | ९ | १० % | एट्रो |
| ८. | एकादशी | एकादसि | ८१ | ९०% | ९ | १० % | यकाडसि |
| ९. | एक | एक् | ७५ | ८३ % | १५ | १७ % | येक/ऐक |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | आए | आए | ७२ | ८० % | १८ | २० % | अए/अय |
| ११. | एवम् | एबम् | ७० | ७८ % | २० | २२ % | यवम् |
| १२. | भए | भए | ७२ | ८० % | १८ | २० % | भय |
| १३. | एडमन्ड | एड्मन्ड | ७० | ७८ % | २० | २२ % | यदमन्ड/यडमनड |
| १४. | एघार | एघार | ९० | १०० % | - | - | एघार् |
| औसत | | | ६४७ | ५१ % | ६१३ | ४९ % | |

सूत्र = जम्मा छनोट गरिएका शब्द १४

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १४×९०=१२६०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६४७}{१२६०} \times १०० = ५१\ \%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =५१ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६१३}{१२६०} \times १०० = ४९\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ४९%

उपर्युक्त तालिकाअनुसार थारू मातृभाषीहरूले अन्य भाषीले जस्तै त्रुटिहरू गरेको पाइयो । 'ए' उच्चारणमा भने न्यून रूपमा त्रुटि देखियो तर 'य' को उच्चारणमा अत्यधिक रूपमा त्रुटि भएको पाइयो । सबैभन्दा बढी नारायण, यसपालि, गायक, शब्दलाई उच्चारण गर्दा १०० प्रतिशतले नै त्रुटि गरेका छन् । अन्य शब्दहरूमा १० देखि ९० प्रतिशतसम्मले त्रुटि गरेका छन् । त्यस्तै 'ए' वर्णयुक्त शब्दोच्चारणमा १० देखि २२ प्रतिशतले त्रुटि गरेका छन् । औसत रूपमा हेर्दा त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४९ प्रतिशत विद्यार्थीहरू रहेका छन् भने शुद्धोच्चारण गर्नेहरूमा ५१ प्रतिशत रहेका छन् ।

## ३.५ अ र आ निहित शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | अनार | अनार् | ९० | १००% | - | - | - |
| २. | अलका | अलका | ९० | १००% | - | - | - |
| ३. | अल्छी | अल्छि | ९० | १००% | - | - | - |
| ४. | अनि | अनि | ९० | १००% | - | - | - |
| ५. | अर्थ | अर्थ | ८१ | ९०% | ९ | १० % | अरठ/आर्ठ |
| ६. | अनुभव | अनुभब् | ९० | १००% | - | - | - |
| ७. | अर्पण | अर्पण् | ८० | ८९ % | १० | ११ % | आपर्न/आरपन |
| ८. | अमिलो | अमिलो | ९० | १००% | - | - | - |
| ९. | आइमाई | आइमाइ | ९० | १००% | - | - | - |
| १०. | ठूलीआमा | ठुलिआमा | ८० | ८९ % | १० | ११ % | थुलीमा/थुलोमा |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | आधुनिक | आधुनिक् | ८० | ८९ % | १० | ११ % | अढुनिक |
| १२. | आखिर | आखिर | ८१ | ९०% | ९ | ११ % | अखिर |
| १३. | आस्था | आस्था | ८० | ८९ % | १० | १० % | अस्था/अस्ठा |
| १४. | आरोहण | आरोहण् | ८० | ८९ % | १० | ११ % | अरोहण |
| औसत | | | ११९२ | ९५% | ६८ | ५ % | |

सूत्र = जम्मा छनोट गरिएका शब्द १४

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १४×९०=१२६०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{११९२}{१२६०} \times १०० = ९५\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =९५ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६८}{१२६०} \times १०० = ५\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ५%

कक्षा ६ का थारूभाषी विद्यार्थीहरूले 'अ' तथा 'आ' स्वरयुक्त व्यञ्जनवर्णको उच्चारण गर्दा अन्य वर्णको तुलनामा निकै कम त्रुटि गरेको पाइयो । यस्तो त्रुटिको प्रकृतिलाई हेर्दा मातृभाषागत प्रभाव केही हदसम्म पर्न गएको देखिन्छ । उक्त उच्चारणमा अनार, अलका, अल्छी, अनि, अनुभव, अमिलो, आइमाई जस्ता शब्दहरूमा कुनै त्रुटि पाइएन भने अर्थ, आखिर, अर्पण, ठूलीआमा, आधुनिक, आस्था, आरोहण जस्ता शब्दहरूमा १०- ११ प्रतिशतले त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरू ९५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरू ५ प्रतिशत रहेका छन् ।

## ३.६ ग्यँ र ज्ञ निहित शब्दहरूको उच्चारण

| क्र.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | योग्य | योग्ग्य | - | - | ९० | १०० % | योग/योग्गे |
| २. | आरोग्य | आरोग्ग्य | - | - | ९० | १०० % | आरोग/आरोगे |
| ३. | मनग्य | मनग्ग्य | - | - | ९० | १०० % | मनगे/मनग्गे |
| ४. | ग्याँचे | ग्याँचे | ३८ | ४२% | ५२ | ५८ % | ग्याच/गयच |
| ५. | ग्यास | ग्यास् | ३२ | ३६ % | ५८ | ६४ % | गयास /ग्याँस |
| ६. | व्यङ्ग्य | ब्यङ्ग्य | २० | २२ % | ७० | ७८ % | ब्याग/बेङ्गे |
| ७. | आज्ञा | आग्याँ | २५ | २८ % | ६५ | ७२ % | आग्य/आग्या |
| ८. | ज्ञान | ग्याँन | २२ | २४ % | ६८ | ७६ % | गयान |
| ९. | संज्ञा | सङ्ग्याँ | १८ | २० % | ७२ | ८० % | सग्या/संया |
| १०. | प्राज्ञ | प्राग्ग्यँ | २५ | २८ % | ६५ | ७२ % | परगा/पराग्य |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११. | प्रज्ञा | प्रग्ग्याँ | २९ | ३२ % | ६१ | ६८ % | परगा/परग्या |
| १२. | ज्ञवाली | ग्यँवाली | १८ | २० % | ७२ | ८० % | गेबाली/गयाली |
| औसत | | | २२७ | २१ % | ८५३ | ७९ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १२

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १२×९० =१०८०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{२२७}{१०८०} \times १०० = २१\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =२१ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{८५३}{१०८०} \times १०० = ७९\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ७९%

उक्त तथ्याङ्कको आधारमा ग्यँ र ज्ञ को उच्चारणमा न्यूनतम ५५ जना अर्थात् ५८ प्रतिशतदेखि लिएर अधिकतम ९० जना अर्थात् १०० प्रतिशतले त्रुटि गरेका छन् । 'ग्यँ' मा योग्य, आरोग्य, मनग्य जस्ता शब्दहरूमा ९० जना अर्थात् १०० प्रतिशत सम्मले नै त्रुटि

गरेका छन् भने 'ज्ञ' मा सबभन्दा बढी 'ज्ञवाली' शब्दमा ७२ जना अर्थात् ८० प्रतिशतसम्मले त्रुटि गरेको पाइएको छ । तुलनात्मक रूपमा हेर्दा 'ग्यँ' र 'ज्ञ' निहित शब्दहरूको उच्चारणमा अत्यधिक रूपमा त्रुटि गरेको पाइयो । यसरी 'ग्यँ' र 'ज्ञ' दुवैलाई औसतमा हेर्दा ७९ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् भने २१ प्रतिशतले मात्र सही उच्चारण गरेका छन् ।

## ३.७ हलन्त र अजन्त वर्ण भएका शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | मङ्सिर | मङ्सिर् | २० | २२% | ७० | ७८ % | मनसिर/मङसिर |
| २. | श्रीमान् | श्रीमान् | १८ | २० % | ७२ | ८० % | श्रीमान/सिरमान |
| ३. | एवम् | एबम् | २० | २२ % | ७० | ७८ % | एवम/एवन |
| ४. | खुट्टा | खुटटा | ७० | ७८ % | २० | २२ % | खुटटा/खुत्ता |
| ५. | सङ्ख्या | सङ्ख्या | ९० | १०० % | - | - | – |
| ६. | जगत् | जगत् | ९० | १०० % | - | - | जगट् |
| ७. | पढ्न | पढ्न | ४५ | ५० % | ४५ | ५० % | पदन/परन |
| ८. | भन् (अनादर) | भन् | ४५ | ५० % | ४५ | ५० % | भन (आदर) |
| ९. | कमिज | कमिज् | ५० | ५६ % | ४० | ४४ % | कमिज |
| १०. | जुन | जुन् | ६० | ६७ % | ३० | ३३ % | झुन |
| ११. | नगद | नगद् | २० | २२ % | ७० | ७८ % | नगड/नागड |
| १२. | शुभ | शुभ | ९ | १० % | ८१ | ९०% | शुभ् |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १३. | भन (अदरार्थी) | भन | १० | ११ % | ८० | ८९ % | भन (अनादर) |
| १४. | कर्मचारी | कर्मचारि | ९ | १० % | ८१ | ९०% | करम्चारी |
| १५. | पढ(आदर) | पढ | ९ | १० % | ८१ | ९०% | पढ्/पद्/पर् (अनादर) |
| औसत | | | ५६५ | ४२ % | ७८५ | ५८ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १५

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १५×९० = १३५०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{५६५}{१३५०} \times १०० = ४२ \%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =४२ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{७८५}{१३५०} \times १०० = ५८\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ५८%

उपर्युक्त तालिकानुसार थारूभाषी विद्यार्थीहरूले हलन्त र अजन्त उच्चारणमा पनि अत्यधिक मात्रामा त्रुटि गरेको पाइयो र त्रुटिहरूको अन्तर पनि त्यत्तिकै फरक देखियो । हलन्तमा बढीमा २० जना अर्थात् २२ प्रतिशतदेखि ७२ जना अर्थात् ८० प्रतिशतसम्म विद्यार्थीहरूले त्रुटि गरेको पाइयो भने अजन्तमा सबभन्दा बढी ८१ जना अर्थात् ९० प्रतिशतसम्मले त्रुटि गरेको पाइयो । त्यस्तै हलन्त, अजन्त दुवैमा ठीक उच्चारण गर्नेहरूमा १० देखि १०० प्रतिशतसम्म रहेका छन् । बढी मात्रामा पढ (आदरार्थी), कर्मचारी, शुभ, श्रीमान्, भन (आदर) एवम् जस्ता शब्दोच्चारणमा त्रुटि गरेको पाइयो भने सङ्ख्या, जगत्, खुट्टा र जुन शब्दहरूमा कम त्रुटि भएको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ४२ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ५८ प्रतिशत पाइयो ।

## ३.८ अनुस्वार, चन्द्रविन्दु र पञ्चम वर्ण भएका शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | संसार | सन्सार् | ५ | ६% | ८५ | ९४% | सङ्सार/सम्सार |
| २. | संयोजक | सम्योजक् | ४ | ५ % | ८६ | ९५% | सयोजक/योजक |
| ३. | संस्था | सम्स्था | २ | २ % | ८८ | ९८% | सस्था/सस्ठा |
| ४. | अङ्गुर | अङ्गुर् | १० | ११ % | ८० | ८९ % | अगुर |
| ५. | सिँचाइ | सिँचाइ् | - | - | ९० | १०० % | सिचाइ |
| ६. | हाँसो | हाँसो | ९० | १०० % | - | - | - |
| ७. | दाँत | दाँत् | ९० | १०० % | - | - | डाँट |
| ८. | काँध | काँध् | ८० | ८९ | १० | ११ % | काध/काढ |
| ९. | आँखा | आँखा | ९० | १०० % | - | - | - |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | गुराँस | गुराँस् | ९० | १०० % | - | - | - |
| ११. | साँचो | साँचो | ८० | ८९ % | १० | ११ % | साचो |
| १२. | साँझ | साँझ | ९० | १०० % | - | - | साँझ/साँन |
| औसत | | | ६३१ | ५८ % | ४४९ | ४२ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १२

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १२×९० =१०८०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६३१}{१०८०} \times १०० = ५८\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =५८ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{४४९}{१०८०} \times १०० = ४२\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ४२%

चन्द्रविन्दु निहित शब्दहरूको उच्चारणको तुलनामा अनुस्वारको उच्चारणमा बढी त्रुटि भएको पाइयो । यस्ता त्रुटिहरूमा अन्य दोस्रो भाषीहरूले गर्ने उच्चारणसँग केही हदसम्म समानता पाइन्छ  तापनि थारू मातृभाषीहरूको उच्चारणमा केही फरक भएको पाइयो । अनुस्वारमा संस्था, संयोजक, संसार, जस्ता शब्दहरूमा ८९ देखि ९८ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । त्यसै गरी चन्द्रविन्दु निहित काँध, साँचो जस्ता शब्दहरूमा १० जना अर्थात् ११ प्रतिशत विद्यार्थीले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो । पञ्चम वर्णयुक्त 'अङ्गुर' शब्दको उच्चारणमा ८९ प्रतिशतसम्मले त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा ५८ प्रतिशतले शुद्धोच्चारण गरेको पाइयो भने ४२ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेको पाइयो ।

## ३.९ रकार र रेफ निहित शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | गर्‍यो | गर्‍यो | २९ | ३२% | ६१ | ६८ % | गयो |
| २. | साह्रै | साह्रै | २४ | २७ % | ६६ | ७३ % | साहै/सारई |
| ३. | र्‍याली | र्‍याली | २० | २२ % | ७० | ७८ % | याली |
| ४. | बटार्‍यौ | बटार्‍यौ | ११ | १२ % | ७९ | ८८ % | बटायौ/बटायो |
| ५. | रत्नपार्क | रत्नपार्क | ८५ | ९४% | ५ | ६ % | रटनपारक्/रटनापार्का |
| ६. | बिर्सनु | बिर्सनु | ९० | १०० % | - | - | बिर्सनु |
| ७. | मूर्ख | मुर्ख | ५ | ६ % | ८५ | ९४% | मूउख/मुरख |
| ८. | पर्व | पर्व | ९० | १०० % | - | - | - |
| ९. | नर्स | नर्स | ७० | ७८ % | २० | २२ % | नरस/नरस् |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १०. | धैर्य | धैर्य | - | - | ९० | १०० % | ढेय/ढैय |
| ११. | समर्पण | समर्पण् | ८१ | ९०% | ९ | १० % | समर्पन/समनपर्न |
| १२. | धर्म | धर्म | ९० | १०० % | - | - | ढर्म |
| औसत | | | ५९५ | ५५ % | ४८५ | ४५ % | |

सूत्र = जम्मा छनोट गरिएका शब्द १२

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १२×९० =१०८०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{५९५}{१०८०} \times १०० = ५५ \%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =५५ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{४८५}{१०८०} \times १०० = ४५ \%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ४५%

उपर्युक्त तालिकाका आधारमा रकारयुक्त वर्ण भएका शब्दहरूका आदि मध्य र अन्त्य स्थानमा उच्चारण गर्दा बढी त्रुटि गरेको देखिन्छ । रकार निहित वर्णयुक्त शब्दहरूको उच्चारणमा सबभन्दा कम 'गऱ्यो' शब्दमा ६१ जना वा ६८ प्रतिशतले त्रुटि गरेको पाइयो भने सबभन्दा बढी 'बटाऱ्यौ' शब्दमा ७९ जना वा ८८ प्रतिशतले त्रुटि गरेको पाइयो । त्यस्तै रेफ वर्णयुक्त शब्दको उच्चारणमा सबभन्दा कम 'रत्नपार्क' शब्दमा ५ जना वा ६ प्रतिशतले त्रुटि गरेको पाइयो भने सबभन्दा बढी 'धैर्य' र 'धर्म' शब्दमा ९० जना वा १०० प्रतिशतले नै त्रुटि गरेको पाइयो । उक्त दुवैमा त्रुटिको मात्रा अत्यधिक रूपमा भएको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४५% रहेको पाइयो ।

## ३.१० पदयोग र पदवियोगसम्बन्धी उच्चारण

| क्र.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | पात्रोको | पात्त्रोको | ६० | ६७% | ३० | ३३ % | पाट्रो को |
| २. | घरमाथि | घरमाथि | ४५ | ५० % | ४५ | ५० % | घर माथि/घर माठि |
| ३. | हरिबहादुर | हरिबहादुर् | ५० | ५६ % | ४० | ४४ % | हरि बहादुर |
| ४. | घाम छ | घाम् छ | ५ | ६ % | ८५ | ९४% | घाम्छ |
| ५. | रात छ | रात् छ | १२ | १३ % | ७८ | ८७ % | रात्छ/राट्छ |
| ६. | घर छ | घर् छ | ४५ | ५० % | ४५ | ५० % | घर्छ/घरछ |
| ७. | तिमीले पनि | तिमिले पनि | २० | २२ % | ७० | ७८ % | टिमीलेपनि |
| ८. | तिमी पो | तिमि पो | ७० | ७८ % | २० | २२ % | तिमीपो |
| ९. | काम छ | काम् छ | ९ | १० % | ८१ | ९०% | काम्छ |
| १०. | दाल छ | दाल् छ | ५ | ६ % | ८५ | ९४% | डाल्छ/दाल्छ |
| औसत | | | ३२१ | ३६ % | ५७९ | ६४ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १०

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १०×९० =९००

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{३२१}{९००} \times १०० = ३६\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =३६ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{५७९}{९००} \times १०० = ६४\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ६४%

माथिको तुलनात्मक तथ्याङ्कलाई हेर्दा पनि थारूभाषी विद्यार्थीहरूले अधिक मात्रामा त्रुटि गर्दा रहेछन् भन्ने प्रस्ट हुन्छ । उपर्युक्त तालिकाका आधारमा पदयोग गर्नुपर्ने शब्दको उच्चारणमा सबभन्दा कम 'पात्रोको' शब्दको उच्चारणमा ३० जना वा ३३ प्रतिशतले त्रुटि गरेको पाइयो भने सबभन्दा बढी 'घरमाथि' शब्दको उच्चारणमा ४५ जना वा ५० प्रतिशतले त्रुटि गरेको पाइयो । त्यस्तै पदवियोग गर्नुपर्ने शब्दको उच्चारणमा सबभन्दा कम 'तिमी पो' शब्दको उच्चारणमा २० जना वा २२ प्रतिशतले त्रुटि गरेको पाइयो भने सबभन्दा बढी घाम छ र दाल छ शब्दको उच्चारणमा ८५ जना अर्थात् ९४ प्रतिशतले त्रुटि गरेको

पाइयो । उक्त दुवैमा पदवियोग गर्नुपर्ने शब्दको उच्चारणमा बढी त्रुटि पाइयो । उक्त दुवैलाई औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ३६ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६४ प्रतिशत पाइयो ।

## ३.११ संयुक्त र मिश्र वर्णयुक्त शब्दहरूको उच्चारण

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | मृत्यु | म्रित्त्यु | ९ | १०% | ८१ | ९०% | मिर्टु/मिट्यू |
| २. | स्कुल | स्कुल् | १८ | २० % | ७२ | ८० % | इसकुल/इस्कुल |
| ३. | स्थान | स्थान् | २५ | २८ % | ६५ | ७२ % | इस्ठान |
| ४. | प्वाल | प्वाल् | ३५ | ३९ % | ५५ | ६१ % | पवाल/पुवाल |
| ५. | जुत्ता | जुत्ता | ३० | ३३ % | ६० | ६७ % | जुट्टा/जुता |
| ६. | मूर्ति | मुर्ति | ४० | ४४ % | ५० | ५६ % | मूटि/मूर्टि/मूरटि |
| ७. | पर्दा | पर्दा | ५० | ५६ % | ४० | ४४ % | पदा/पडा/परडा |
| ८. | ज्यादै | ज्यादै | ७२ | ८० % | १८ | २० % | जयाडै/जयादै |
| ९. | झ्याल | झ्याल् | ५५ | ६१ % | ३५ | ३९ % | झयाल |
| १०. | साँचो | साँचो | ३५ | ३९ % | ५५ | ६१ % | साचो |
| ११. | हिउँ | हिउँ | २५ | २८ % | ६५ | ७२ % | हिउ |
| १२. | चाँडै | चाँडै | २० | २२ % | ७० | ७८ % | चाडै/चादै |
| औसत | | | ४१४ | ३८ % | ६६६ | ६२ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १२

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या $१२\times९० = १०८०$

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{४१४}{१०८०} \times १०० = ३८\%$$

$\therefore$ जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =३८ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६६६}{१०८०} \times १०० = ६२\%$$

$\therefore$ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ६२%

माथि उच्चरित तालिका हेर्दा संयुक्त र मिश्र उच्चारणमा थारूभाषी विद्यार्थीहरूले अधिक मात्रामा त्रुटिहरू गर्दा रहेछन् तर त्रुटिको अन्तर पनि त्यत्तिकै फरक देखिन्छ । उक्त दुवै उच्चारणयुक्त वर्ण भएका शब्दहरूको उच्चारण गराउँदा सबभन्दा बढी त्रुटि 'मृत्यु' शब्दमा ९० प्रतिशत विद्यार्थीले गरेका छन् भने सबभन्दा कम त्रुटि 'ज्यादै' शब्दको उच्चारणमा २० प्रतिशतले मात्रै गरेको पाइएको छ । त्यसै गरी अन्य शब्दहरूमा ४४ प्रतिशतदेखि ८० प्रतिशतले त्रुटि गरेको पाइयो । औसत रूपमा उक्त तथ्याङ्कलाई हेर्दा शुद्ध उच्चारण गर्नेहरूमा ३८ प्रतिशत र अशुद्ध उच्चारण गर्नेहरूमा ६२ प्रतिशत पाइयो ।

## ३.१२ प्राणत्वसम्बन्धी उच्चारण (अल्पप्राण–महाप्राण)

| क्र.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | घोडा | घोडा | ३५ | ३९% | ५५ | ६१ % | घोरा/घोदा |
| २. | साझा | साझा | ४० | ४४ % | ५० | ५६ % | साजा(अल्पप्राण) |
| ३. | जिब्रा | जिब्रा | ८५ | ९४% | ५ | ६ % | जिप्रा |
| ४. | माघ | माघ् | ३५ | ३९ % | ५५ | ६१ % | माग (अल्पप्राण) |
| ५. | झोपडी | झोपडि | ९ | १० % | ८१ | ९०% | झोपरी/झोपदी |
| ६. | थपडी | थपडी | २० | २२ % | ७० | ७८ % | ठपदी/थपरी |
| ७. | घडी | घडि | ४० | ४४ % | ५० | ५६ % | घरी/घदी |
| ८. | फूपु | फुपु | ३५ | ३९ % | ५५ | ६१ % | फुफु (महाप्राण) |
| ९. | माझ्नु | माझ्नु | ९ | १० % | ८१ | ९०% | माज्नु (अल्पप्राण) |
| १०. | ड्राइभर | ड्राइभर् | ५ | ६ % | ८५ | ९४% | ड्राइबर/दाइवर (अल्पप्राण) |
| ११. | जहान | जहान | ६१ | ७८ % | २९ | ३२ % | जाहान |
| १२. | बाघ | बाघ् | २० | २२ % | ७० | ७८ % | बाग (अल्पप्राण) |
| औसत | | | ३९४ | ३६ % | ६८६ | ६४ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १२

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १२×९० =१०८०

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{३९४}{१०८०} \times १०० = ३६\%$$

∴ औसत शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =३६%

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{६८६}{१०८०} \times १०० = ६४\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ६४%

उपर्युक्त तथ्याङ्कको आधारमा प्राणत्वसम्बन्धी उच्चारणमा प्रायः महाप्राणबाट अल्पप्राणतिर उच्चारण भएको पाइयो । यसमा विशेषतः उच्चारणका दृष्टिले समस्यापूर्ण वर्णहरूलाई शब्दको तहमा राखेर उच्चारण गराउँदा अत्यधिक त्रुटि देखिए । यस्ता प्रकारका त्रुटिहरूमा भने स्वयम् नेपाली मातृभाषी र अन्य दोस्रोभाषीहरूले गर्ने उच्चारणसँग धेरै हदसम्म समानता पाइन्छ । तापनि थारू मातृभाषीहरूको उच्चारणमा केही फरक पाइयो । प्राणत्वसम्बन्धी साझा, माघ, फुपू, माझ्नु, ड्राइभर, बाघ जस्ता शब्दहरूमा ५६ प्रतिशतदेखि ९४ प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइयो । यसबाट कक्षा ६ का थारू मातृभाषी विद्यार्थीहरूलाई झ, घ, भ, जस्ता महाप्राणयूक्त वर्ण भएका शब्दहरू उच्चारण गर्न कठिन हुने देखिन्छ साथै अगाडि महाप्राणयुक्त वर्ण भएमा पछाडि आउने अल्पप्राण वर्णलाई पनि

महाप्राण बनाएर उच्चारण गर्ने प्रवृत्ति समेत पाइन्छ; जस्तैः फुपू- फुफु । औसतमा हेर्दा ६४ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् भने ३६ प्रतिशतले सही उच्चारण गरेको पाइन्छ ।

## ३.१३ घोषत्वसम्बन्धी उच्चारण (सघोष र अघोष)

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | शुद्ध उच्चारण | | अशुद्ध उच्चारण | | भएको उच्चारण |
|---|---|---|---|---|---|---|---|
| | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | |
| १. | टुक्रो | टुक्क्रो | ३५ | ३९% | ५५ | ६१ % | तुक्रो |
| २. | लोग्ने | लोग्ने | ९० | १०० % | - | - | - |
| ३. | पढ्नु | पढ्नु | ३० | ३३ % | ६० | ६७ % | परनु/पदनु |
| ४. | ठुँग्नु | ठुँग्नु | ३० | ३३ % | ६० | ६७ % | थुग्नु |
| ५. | किताब | किताब् | १८ | २० % | ७२ | ८० % | किताप (अघोष) |
| ६. | मृत्यु | म्रित्त्यु | ९ | १० % | ८१ | ९०% | मिर्टु (अघोष) |
| ७. | खुबै | खुबै | ४५ | ५० % | ४५ | ५० % | खुपै (अघोष) |
| ८. | सृष्टि | स्रिस्टि | ५५ | ६१ % | ३५ | ३९ % | सिस्टि/सिरिस्ति |
| ९. | द्वित्व | द्वित्त्व | २ | २ % | ८८ | ९८% | डिट्टो /दित्ता (अघोषः'व' हटेको स्थिति) |
| १०. | महत्त्व | महत्त्व | २ | २ % | ८८ | ९८% | महट्टो /महत्तो (अघोषः'व' हटेको स्थिति) |
| औसत | | | ३१६ | ३५ % | ५८४ | ६५ % | |

सूत्र= जम्मा छनोट गरिएका शब्द १०

भाग लिने विद्यार्थी सङ्ख्या ९०

जम्मा भाग लिने विद्यार्थी सङ्ख्या १०×९० =९००

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{३१६}{९००} \times १०० = ३५\%$$

∴ जम्मा शुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या =३५ %

त्यसै गरी

$$\text{औसत प्रतिशत} = \frac{\text{जम्मा अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या}}{\text{जम्मा भाग लिने विद्यार्थी सङ्ख्या}} \times १००$$

$$= \frac{५८४}{९००} \times १०० = ६५\%$$

∴ औसत अशुद्ध उच्चारण गर्ने विद्यार्थी सङ्ख्या = ६५%

माथिको तालिकाबाट के स्पष्ट हुन्छ भने प्राणत्वसम्बन्धी उच्चारणमा जस्तै घोषत्वसम्बन्धी उच्चारणमा थारूभाषी विद्यार्थीहरूले त्रुटिहरू अधिक गर्दा रहेछन् । विशेष गरी महत्त्व, द्वित्व जस्ता शब्दहरूमा घोषवर्ण 'व' लाई हटाएर सबैभन्दा बढी ९८ प्रतिशत विद्यार्थीले त्रुटि गरेको देखिन्छ भने सबभन्दा कम त्रुटि 'खुबै' शब्दको उच्चारणमा ५० प्रतिशत विद्यार्थीले गरेको देखिन्छ । त्यसै गरी अन्य शब्दहरूमा ८० प्रतिशत देखि ९० प्रतिशतसम्म विद्यार्थीले त्रुटि गरेको पाइयो । घोषत्वसम्बन्धी उच्चारणमा प्रायः सघोषबाट अघोषतिर उच्चारण भएको पाइयो । यसबाट कक्षा ६ का थारू मातृभाषी विद्यार्थीहरूलाई ढ, त्य, त्व, ब जस्ता सघोषयुक्त वर्ण भएका शब्दहरू उच्चारण गर्न कठिन हुने देखिन्छ । औसत रूपमा शुद्धोच्चारण गर्नेहरूमा ३५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६५ प्रतिशत पाइयो ।

## ३.१४ अन्य विविध क्षेत्रका शब्दोच्चारणसम्बन्धी त्रुटि

| क.सं. | शब्दहरू | स्तरीय उच्चारण | भएको उच्चारण |
|---|---|---|---|
| १. | विभूषण | विभुसण् | बिभुखन/बिभुसन |
| २. | विशेषण | विसेसण् | बिसेखन/बिसेसन |
| ३. | पुरुष | पुरुस् | पुरुख |
| ४. | प्रकाश | प्रकास् | परकास /पर्कास |
| ५. | प्रेम | प्रेम | परेम/ पेरेम |
| ६. | प्राकृतिक | प्राक्रितिक् | पराकिर्टिक |
| ७. | प्रणाम | प्रणाम् | परमान/परनाम |
| ८. | प्रेरणा | प्रेरणा | पेरेना/पेरना/पेर्ना |
| ९. | सावित्री | साबित्रि | साबिट्री/सबिट्री |
| १०. | चित्र | चित्र | चिट्र/चिट्र |
| ११. | भ्रमण | भ्रमण | भरमन/भर्मन |
| १२. | भैली | भैली | भाइली |
| १३. | बिजुली | बिजुलि | बिज्ली |
| १४. | सम्पत्ति | सम्पत्ति | सम्पट्टि/सम्पटि |
| १५. | नेतृत्व | नेत्रित्त्व | नेट्रिट्व |
| १६. | मातृत्व | मात्रित्त्व | मातृतो/माट्रिट्व |
| १७ | धर्म | धर्म | ढरम/दरम् |
| १८. | कर्म | कर्म | करम्/करम् |
| १९. | कृपा | क्रिपा | किरिपा/किर्पा/किरपा |
| २० | प्रसाद | प्रसाद | पर्साद |
| २१. | सघाउँछु | सघाउँछु | सघाउँन्छु |
| २२. | ठुँग्नु | ठुँग्नु | थुग्नु |

| | | | |
|---|---|---|---|
| २३. | साँघुरो | साँघुरो | साघुरो /सागुरो /साङ्गुरो |
| २४. | महासचिव | महासचिव | मासचिब |
| २५. | सहसचिव | सहसचिव | ससचिव |
| २६. | विद्वान् | विद्द्वान् | विड्वान/विड्डान |
| २७. | बुद्धिमान् | बुद्धिमान् | बुड्ढिमान/बुदिमान |
| २८. | व्यञ्जन | ब्यन्जन् | व्यन्जन/बेन्जन |
| २९. | मन्जन | मन्जन | मान्जन |
| ३०. | विद्या | विद्द्या | बिद्या/बिढ्ढा/बिधा/बिढा |
| ३१. | विद्यार्थी | बिद्द्यार्थी | बिढार्थी/बिधार्ठी |
| ३२. | व्यक्ति | ब्यक्ति | ब्याक्टि/ ब्यक्टि |
| ३३. | व्यञ्जन | ब्यन्जन | ब्यान्जन/बेन्जन |
| ३४. | मन्तव्य | मन्तब्य | मन्टए/ मन्टबे |
| ३५. | गन्तव्य | गन्तब्य | गन्टबे/गन्टए |
| ३६. | तरङ्ग | तरङ्ग | टरङ/टरङ्ग |
| ३७. | श्राप | श्राप | सराप |
| ३८. | श्रीपेच | श्रीपेच | सिरपेच |
| ३९. | ह्वाल्ल | ह्वाल्ल | हवाल/ होआल्ल |
| ४०. | दरदरी | दर्दरि | दरदरी/डरडरी |
| ४१. | स्थायी | स्थाइ | इस्थाई |
| ४२. | स्तब्ध | स्तब्ध | इस्तब्ध/इस्टब्ढ |
| ४३. | स्थानीय | स्थानिय | इस्थानिए/इस्ठानिए |

उपर्युक्त तालिकाअनुसार त्रुटिहरूको प्रकृतिलाई हेर्दा विभूषण, भ्रमण, प्रणाम, विशेषण, जस्ता शब्दहरूमा 'ण' को उच्चारणमा 'न' आएको छ । यस्तो उच्चारण नेपालीभाषी र अन्यभाषी विद्यार्थीले पनि गरेको पाइन्छ । तुलनात्मक रूपमा हेर्दा थारूभाषी

विद्यार्थीले अत्यधिक त्रुटि गरेको पाइयो । प्रेम, प्रकाश, भ्रमण, प्राकृतिक, जस्ता शब्दमा मिश्र रकारको लोप भई सामान्य 'र' (परेम/ पेरेम/परकास, पराकिर्टिक) अथवा हलन्त 'र' - पर्कास /भर्मन) को आगम भएको पाइन्छ । भैली, बिजुली, जस्ता शब्दोच्चारण गर्दा ( भाइली, बिज्ली) जस्ता कथ्य परम्परा वा मौखिक भाषासँग अत्यधिक रूपमा मिल्न गएको देखिन्छ । पुरुष, विभूषण जस्ता शब्दहरूमा 'ष' लाई 'ख' उच्चारण गरेको (पुरुख, बिभुखन) देखिन्छ । धर्म, कर्म, जस्ता शब्दहरूमा ढरम्, करम् गराएर रेफ 'र' लाई अजन्त 'र' बनाएको पाइन्छ भने कृपा, प्रसाद जस्ता शब्दहरूमा ऋकारलाई हलन्त रकार रेफ बनाएर (किर्पा, पर्साद) उच्चारण गरेको पाइन्छ । चन्द्रविन्दुयुक्त शब्दहरू 'ठुँग्नु', साँघुरो जस्ता शब्दहरूमा (ठुग्नु, साघुरो) चन्द्रविन्दुको लोप भएको पाइन्छ । कतिपय अवस्थामा अनुनासिक स्वर नासिक्य व्यञ्जनमा उच्चरित भई (सघाउँन्छु, हुँन्दैन) त्रुटि गरेको पाइन्छ । महासचिव, सहसचिव जस्ता शब्दोच्चारणमा 'ह' लोप गरेर 'ह' को अगाडिको 'म' वर्णलाई आकारमा परिणत गरेको (मासचिव) समेत बनाएको पाइन्छ । कतिपय अवस्थामा अकारलाई आकार (व्याक्टि, व्यान्जन) बनाउने प्रवृत्ति देखिन्छ । आरम्भमा 'स' आउने शब्द स्थायी, स्तब्ध, स्थानीय जस्ता शब्दको उच्चारण गर्दा कतिपयले 'स' अगाडि 'इ' वर्णको (इस्थाइ, इस्तब्ध, इस्थानिय) उच्चारण गरेको पाइन्छ । विद्या, विद्यार्थी, मन्तव्य, तरङ्ग, श्राप, जस्ता शब्दहरूमा वर्णको लोप र आदेश (विधा, विधार्थी, मन्तबे, तरङ, सराप) गर्ने प्रवृत्ति देखिन्छ । ह्वाल्ल, दर्दरी, जस्ता अनुकरणात्मक शब्दको उच्चारणमा जिब्राले सक्रिय रूपमा सहयोग नगरेको (हवाल/होआल्ल, डरडरी/दरदरी) देखिन्छ ।

## ३.१५ सारांश

- 'व'लाई कतिपय ठाउँमा 'ब' उच्चारण गरेको पाइयो भने 'ब' लेखेर 'व' उच्चारण गरेको पाइएन ।
- 'ट' र 'त' निहित शब्दहरूको उच्चारणमा विशेष गरी 'त' वर्गका वर्णलाई 'ट' वर्गमा लगी उच्चारण गर्ने प्रवृत्ति अत्यधिक मात्रामा पाइयो ।
- 'क्ष' वर्णलाई 'छ' र 'छे' उच्चारण गरी अधिक त्रुटि गरेको पाइयो तर 'छ' र 'छे' वर्ण भएका शब्दहरूमा निकै न्यून त्रुटि पाइयो ।
- 'य' लाई 'ए' उच्चारण गरी अधिक त्रुटि गरेको पाइयो तर 'ए' उच्चारणमा भने न्यून रूपमा त्रुटि गरेको पाइयो ।

- ‘अ’ र ‘आ’ निहित शब्दहरूको उच्चारण गर्दा अकारलाई आकारमा र आकारलाई अकारमा उच्चारण गरी न्यून रूपमा त्रुटि रहेको पाइयो ।
- ‘ग्यँ’ संयुक्त वर्णलाई ‘ग’, ‘गे’, ‘ग्गे’ मा रूपान्तरण गरी त्रुटि गरेको पाइयो भने ‘ज्ञ’ वर्णलाई ‘ग’, ‘ग्या’ मा रूपान्तरण गरी अधिक त्रुटि गरेको पाइयो ।
- हलन्त उच्चारण गर्नुपर्नेमा अजन्त र अजन्त उच्चारण गर्नुपर्नेमा हलन्त उच्चारण गरी अधिक त्रुटि गरेको पाइयो ।
- अनुस्वार निहित शब्दहरूको तुलनामा चन्द्रबिन्दु निहित शब्दहरूको उच्चारणमा कम त्रुटि भएको पाइयो भने पञ्चम वर्णयुक्त शब्दहरूको उच्चारणमा अधिक त्रुटि पाइयो ।
- रकार निहित शब्दहरूको उच्चारणमा रकारको लोप गरी उच्चारण गर्दा त्रुटि भएको पाइयो भने रेफ निहित शब्दहरूको उच्चारणमा वर्णको लोप र आदेशको प्रयोग गर्दा त्रुटि भएको पाइयो ।
- पदयोगको तुलनामा पदवियोग गर्नुपर्ने शब्दको उच्चारणमा अधिक मात्रामा त्रुटि पाइयो ।
- संयुक्त र मिश्र वर्णयुक्त शब्दहरूको उच्चारणमा उक्त दुबैमा त्रुटिको मात्रा अत्यधिक मात्रामा पाइयो ।
- प्राणत्वसम्बन्धी उच्चारणमा प्रायः महाप्राणबाट अल्पप्राणतिर उच्चारण गरी त्रुटि गरेको पाइयो ।
- घोषत्वसम्बन्धी उच्चारणमा प्रायः सघोषबाट अघोषतिर उच्चारण गरी त्रुटि गरेको पाइयो ।
- अन्य विविध क्षेत्रका शब्दहरूको उच्चारणगत त्रुटिको प्रकृतिलाई हेर्दा माथिका जस्तै विविध त्रुटि भेट्न सकिन्छ । ती त्रुटिहरू यस प्रकार छन् :

    क) ‘ण’को उच्चारणमा ‘न’को प्रयोग हुनु

    ख) ‘ष’को उच्चारणमा ‘ख’को प्रयोग हुनु

    ग) कतिपय अवस्थामा रेफ ‘र’को उच्चारणमा अजन्त ‘र’को प्रयोग हुनु

घ) मिश्र रकारको लोप भई सामान्य 'र'को आगम हुनु

ङ) कतिपय अवस्थामा संयुक्त र मिश्र शब्दको उच्चारण गर्दा लोप र आदेश गर्ने प्रवृत्ति पाइनु ।

च) अनुनासिक स्वर नासिक्य व्यञ्जनमा उच्चरित हुनु

छ) महासचिव जस्ता शब्दहरूको उच्चारणमा 'ह' वर्णलाई लोप गरी 'म' वर्णलाई आकारमा परिणत गर्नु

ज) आरम्भमा 'स'आउने शब्दको उच्चारण गर्दा कतिपयले 'स' अगाडि 'इ' वर्णको उच्चारण गर्नु ।

यस्ता अनेक त्रुटि हुनुका पछाडि विद्यार्थीको मातृभाषाको प्रभाव, अभ्यासको कमी, शिक्षण क्रियाकलापको प्रयोग नहुनु, अर्थमा भिन्नता नआउने ठान्नु, उच्चारणमा कठिनाइ हुनु, भाषिक वातावरणको प्रभाव, नेपाली भाषाप्रतिको उदासीनता, नेपाली भाषाको संरचनागत जटिलता, स्तरीय शैक्षिक व्याकरणको कमी आदि कारणहरू रहेको पाइन्छ ।

# अध्याय चार

## स्वतन्त्र वर्णन, नियोजित संवाद र स्वतन्त्र संवादको उच्चारण विश्लेषण

### ४.१ स्वतन्त्र वर्णन

उच्चारणगत त्रुटि पहिल्याउने क्रममा (रुचिक्षेत्र र आफ्नाबारे) ३ जना विद्यार्थीहरूलाई विभिन्न विषयमा स्वतन्त्र वर्णन गराइएको थियो । यस्ता वर्णनबाट वर्णोच्चारण, गति-यति, सुर र सङ्गतिलाई हेरिएको छ । प्रत्येक पक्षमा भएका त्रुटिहरूलाई छुट्टाछुट्टै रूपमा खेस्रा तयार गरी स्पष्ट गर्न औसत प्रतिशतलाई तालिकीकरणमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

**स्वतन्त्र वर्णनसम्बन्धी उच्चारण**

| क्र. स | विद्यार्थीको नाम | उच्चारण विवरण | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वर्णोच्चारण | | गति-यति | | सुर | |
| | | सही % | गलत % | सही % | गलत % | सही % | गलत % |
| १. | सरस्वती चौधरी | ७९ | २१ | ६१ | ३९ | ६५ | ३५ |
| २. | तुलसीराम चौधरी | ६६ | ३४ | ६२ | ३८ | ६२ | ३८ |
| ३. | परशुराम चौधरी | ६८ | ३२ | ५९ | ४१ | ६६ | ३४ |
| औसत | | ७१ | २९ | ६०.७ | ३९.३ | ६४.३ | ३५.७ |

उपर्युक्त तालिकाका आधारमा कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले स्वतन्त्र वर्णनमा गरेका त्रुटिहरूलाई यथातथ्य जानकारी लिने प्रयास गरिएको छ । त्यसलाई बुँदागत आधारमा यसप्रकार देखाउन सकिन्छ :

### ४.१.१ वर्ण उच्चारण

उपर्युक्त तालिकानुसार स्वतन्त्र वर्णनमा सबैभन्दा कम त्रुटि गर्ने विद्यार्थीले २१ प्रतिशत र बढी त्रुटि गर्नेले ३४ प्रतिशतसम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ७१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा २९ प्रतिशत रहेको पाइयो । जस्तै :

| हुनुपर्ने उच्चारण | भएको उच्चारण | त्रुटि क्षेत्र र प्रवृत्ति |
|---|---|---|
| विद्यालयमा | विद्‌यालयमा | 'त' वर्गलाई 'ट' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गलाई पनि 'त' वर्गमा परिणत गर्ने । |
| विद्वान् | विड्वान | 'त' वर्गलाई 'ट' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गलाई पनि 'त' वर्गमा परिणत गर्ने । |
| बन्छु | बन्छुँ | आनुनासिक स्वर नासिक्यमा |
| सघाउँछु | सघाउँन्छु | नासिक्य व्यञ्जनको आगम |
| पढेर | पदेर | 'ट'वर्गलाई 'त' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'त' वर्गलाई पनि 'ट' वर्गमा परिणत गर्ने । |

### ४.१.२ गति–यति

उपर्युक्त तालिकाअनुसार स्वतन्त्र वर्णनमा संलग्न ३ जना विद्यार्थीहरूमा सबभन्दा कम त्रुटि गर्ने विद्यार्थीले ३८ प्रतिशत र बढी त्रुटि गर्नेले ४१ प्रतिशतसम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६०.७ प्रतिशत र त्रुटिपूर्णउच्चारण गर्नेहरूमा ३९.३ प्रतिशत रहेको देखियो । जस्तै :

- हामीहरू पढेर ठूलो मान्छे पनि बन्न सकिन्छ ।

  ('पढेर' मा गति दिनुपर्नेमा यति दिएको)

- मलाई किताब पढन मन लाग्छ किनभने किताबले ज्ञान दिन्छ ।

  ('लाग्छ' मा यति हुनुपर्नेमा गति दिएको)

### ४.१.३ सुर

सुर पक्षमा अधिकतम त्रुटि गर्ने विद्यार्थीले ३८ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३४ प्रतिशतसम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६४.३ प्रतिशत र त्रुटिपूर्णउच्चारण गर्नेहरूमा ३५.७ प्रतिशत पाइयो । जस्तै :

| **हुनुपर्ने उच्चारण** | **भएको उच्चारण** |
|---|---|
| ● म आफ्नी आमालाई सघाउँछु । | म आफ्नी आमालाई सघाउन्छु ! (सामान्यसुरलाई आश्चर्यात्मक सुरमा) |
| ● मेरो परिवारमा आमा, बुबा एउटी दिदी र भाइ छन् । | मेरो परिवारमा आमा, बुबा, एउटी दिदी र भाइ छन् ? (सामान्य सुरलाई प्रश्न सुरमा) |

### ४.१.४ सङ्गति

उपर्युक्त तालिकाअनुसार स्वतन्त्र वर्णनमा संलग्न विद्यार्थीहरूमध्ये सङ्गतिमा अधिकतम त्रुटि गर्ने विद्यार्थीले ४५ प्रतिशतसम्म त्रुटि गरेको पाइयो भने न्यूनतम त्रुटि गर्ने विद्यार्थीले २४ प्रतिशतसम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ७१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा २९ प्रतिशत पाइयो । जस्तै :

| **हुनुपर्ने उच्चारण** | **भएको उच्चारण** |
|---|---|
| ● मेरा बाजे बज्यै हुनुहुन्छ । . | मेरो बाजे बजै छ । |
| ● मलाई मेरा आमा र बुबाले माया गर्नुहुन्छ । | मलाई मेरो आमा र बुबाले माया गर्छ । |

### ४.१.५ सारांश

- स्वतन्त्र वर्णनमा संयुक्त र मिश्र उच्चारण तथा अन्य सरल र जटिल शब्दहरूको वर्ण उच्चारण गर्न नसक्दा त्रुटि भएको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ७१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा २९ प्रतिशत रहेको पाइयो ।
- स्वतन्त्र वर्णनमा गति दिनुपर्नेमा यति र यति दिनुपर्नेमा गति दिएर त्रुटि गरेको पाइयो ।
- स्वतन्त्र वर्णनमा सामान्य सुरलाई आश्चर्यात्मक सुरमा र प्रश्न सुरमा परिवर्तन गरी त्रुटि गरेको पाइयो ।
- सङ्गतिमा लिङ्ग, वचन, पुरुष, आदरको सङ्गति नमिल्दा उच्चारणगत त्रुटि भएको पाइयो ।

## ४.२ नियोजित संवाद

माथि अध्याय तीनमा विभिन्न स्तम्भ र उपस्तम्भहरूमा थारूभाषी विद्यार्थीले गर्ने उच्चारणगत त्रुटिका पहिचान, वर्णन र विश्लेषण गरियो । त्यसका अतिरिक्त शोधनिर्देशकको महत्त्वपूर्ण सल्लाह, सुझाव, र निर्देशनलाई दृष्टिगत गरी शोधकर्ताले अध्ययनलाई बढी सान्दर्भिक र विषय वा प्रसङ्गानुकुल बनाई थप जानकारी गर्ने गराउने उद्देश्यले कक्षा ६ का थारूभाषी विद्यार्थीहरूलाई 'माघी पर्व' शीर्षकको नियोजित संवाद दिइएको थियो । यसमा १० जना थारूभाषी विद्यार्थीहरूलाई संलग्न गराइ एक-एक गरी रेकर्ड गरिएको थियो । उक्त संवादका आधारमा उनीहरूले गरेको वर्णगत तथा हलन्त, अजन्त, नासिक्य व्यञ्जन, नासिक्य स्वर, पदयोग, पदवियोग, सुर, बलाघातसम्बन्धी त्रुटिपूर्ण उच्चारणलाई स्पष्ट गर्न निम्नलिखित तथ्याङ्कीय आँकडा दिएर विश्लेषण गरिएको छ :

# तालिका नं. १

| क्र.सं | विद्यार्थीको नाम | वर्ण | | हलन्त | | | | अजन्त | | | | नासिक्य व्यञ्जन | | | | नासिक्य स्वर | | | | पदयोग | | | | पदवियोग | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | औ.सही | औ.गलत | सही | | गलत | | सही | | गलत | | सही | | गलत | | सही | | गलत | | सही | | गलत | | सही | | गलत | |
| | | प्रतिशत | प्रतिशत | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं. | प्र. | सं | प्र. | सं. | प्र. | सं | प्र. | सं | प्र. | स | प्र. | स | प्र. |
| १. | अस्मिता चौधरी | ६५ | ३५ | ५ | ५० | ५ | ५० | ६ | ५० | ६ | ५० | - | ० | २ | १०० | ४ | ६७ | २ | ३३ | १२ | ६० | ८ | ४० | ६ | ६० | ४ | ४० |
| २. | आसा चौधरी | ६६ | ३४ | ३ | ३० | ७ | ७० | ४ | ३३ | ८ | ६७ | - | ० | २ | १०० | २ | ३३ | ४ | ६७ | १० | ५० | १० | ५० | ५ | ५० | ५ | ५० |
| ३. | सम्झना चौधरी | ४५ | ५५ | ४ | ४० | ६ | ६० | ५ | ४२ | ७ | ५८ | - | ० | २ | १०० | ३ | ५० | ३ | ५० | १० | ५० | १० | ५० | ६ | ६० | ४ | ४० |
| ४. | प्रमिला चौधरी | ४० | ६० | ४ | ४० | ६ | ६० | ७ | ५८ | ५ | ४२ | - | ० | २ | १०० | ४ | ६७ | २ | ३३ | ७ | ३५ | १३ | ६५ | ५ | ५० | ५ | ५० |
| ५. | फूलिया चौधरी | २५ | ७५ | ५ | ५० | ५ | ५० | ३ | २५ | ९ | ७५ | - | ० | २ | १०० | ३ | ५० | ३ | ५० | ७ | ३५ | १३ | ६५ | ४ | ४० | ६ | ६० |
| ६. | अम्रिता चौधरी | ४५ | ५५ | २ | २० | ८ | ८० | ५ | ४२ | ७ | ५८ | - | ० | २ | १०० | ४ | ६७ | २ | ३३ | १२ | ६० | ८ | ४० | ५ | ५० | ५ | ५० |
| ७. | सन्जु चौधरी | ५५ | ४५ | ६ | ६० | ४ | ४० | ७ | ५८ | ५ | ४२ | - | ० | २ | १०० | ५ | ८३ | १ | १७ | १३ | ६५ | ७ | ३५ | ६ | ६० | ४ | ४० |
| ८. | रामकुमार चौधरी | ४४ | ५६ | ४ | ४० | ६ | ६० | ६ | ५० | ६ | ५० | - | ० | २ | १०० | ४ | ६७ | २ | ३३ | ८ | ४० | १२ | ६० | ४ | ४० | ६ | ६० |
| ९. | सुदिप चौधरी | ५० | ५० | ६ | ६० | ४ | ४० | ८ | ६७ | ५ | ३३ | - | ० | २ | १०० | ५ | ८३ | १ | १७ | ११ | ५५ | ९ | ४५ | ६ | ६० | ४ | ४० |
| १०. | कुसुम चौधरी | ६६ | ३४ | ५ | ५० | ५ | ५० | ५ | ४२ | ७ | ५८ | - | ० | २ | १०० | ४ | ६७ | २ | ३३ | १५ | ७५ | ५ | २५ | ७ | ७० | ३ | ३० |
| | | ५०.१ | ४९.९ | | ४४ | | ५६ | | ४६.७ | | ५३.३ | | ० | | १०० | | ६३.४ | | ३६.६ | | ५२.५ | | ३७.५ | | ५४ | | ४६ |

## तालिका नं. २

| क्र.सं. | विद्यार्थीको नाम | सुर | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | सामान्य | | | | प्रश्नात्मक | | | | आश्चर्यात्मक | | | | बलाघात | | | |
| | | शुद्ध | | अशुद्ध | | शुद्ध | | अशुद्ध | | शुद्ध | | अशुद्ध | | शुद्ध | | अशुद्ध | |
| | | सं | प्र. | सं | प्र. | सं | प्र. | सं | प्र. | सं | प्र. | सं | प्र. | सं | प्र. | सं | प्र. |
| १. | अस्मिता चौधरी | ६ | ५० | ६ | ५० | ५ | ६३ | ३ | ३७ | २ | ३३ | ४ | ६७ | | २७ | १०९ | ७३ |
| २. | आसा ,, | ५ | ४२ | ७ | ५८ | ३ | ३७ | ५ | ६३ | १ | १७ | ५ | ८३ | | ३० | १०५ | ७० |
| ३. | सम्झना ,, | ६ | ५० | ६ | ५० | ४ | ५० | ४ | ५० | २ | ३२ | ४ | ६७ | | २९ | १०७ | ७१ |
| ४. | प्रमिला ,, | ४ | ३३ | ८ | ६७ | २ | २५ | ६ | ७५ | २ | ३३ | ४ | ६७ | | २८ | १०८ | ७२ |
| ५. | फूलिया ,, | ७ | ५८ | ५ | ४२ | २ | २५ | ६ | ७५ | ३ | ५० | ३ | ५० | | ३३ | १०० | ६७ |
| ६. | अम्रिता ,, | ८ | ६७ | ४ | ३३ | १ | १३ | ७ | ८७ | २ | ३३ | ४ | ६७ | | ३१ | १०४ | ६९ |
| ७. | सन्जु ,, | ९ | ७५ | ३ | २५ | ३ | ३७ | ५ | ६३ | ३ | ५० | ३ | ५० | | ५० | ७५ | ५० |
| ८. | रामकुमार ,, | ८ | ६७ | ४ | ३३ | ४ | ५० | ४ | ५० | २ | ३३ | ४ | ६७ | | ४६ | ८१ | ५४ |
| ९. | सुदिप ,, | ९ | ७५ | ३ | २५ | २ | २५ | ६ | ७५ | १ | १७ | ५ | ८३ | | ४५ | ८२ | ५५ |
| १०. | कुसुम ,, | १० | ८३ | २ | १७ | ४ | ५० | ४ | ५० | ३ | ५० | ३ | ५० | | ३१ | १०४ | ६९ |
| | | | ६० | | ४१ | | ३७.५ | | | | ३४.९ | | ६५ | | ३५ | | ६५ |

उपर्युक्त तालिकाका आधारमा कक्षा ६ मा अध्ययनरत थारूमातृभाषी विद्यार्थीहरूले नियोजित संवाद 'माघी पर्व' मा कसरी र कस्ता त्रुटिहरू गर्दा रहेछन् भन्ने कुराको यथातथ्य जानकारी लिने प्रयास गरिएको छ ।

### ४.२.१ वर्ण उच्चारण

उपर्युक्त तालिकाअनुसार नियोजित संवादका रूपमा दिइएको 'माघी पर्व' शीर्षकमा आधारित वर्ण उच्चारणमा सबैभन्दा कम त्रुटि गर्ने विद्यार्थीहरूले ३४ प्रतिशत र सबैभन्दा बढी त्रुटि गर्ने विद्यार्थीले ७५ प्रतिशत वर्णहरूको उच्चारणमा त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५०.१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरू ४९.९ प्रतिशत रहेको पाइयो । जस्तै :

| दिइएका शब्द | विद्यार्थीहरूको उच्चारण | त्रुटिक्षेत्र र प्रवृत्ति |
|---|---|---|
| कताबाट | कटाबाट/कटाबात | 'त' वर्गलाई 'ट' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गलाई पनि 'त' वर्गमा परिणत गर्ने |
| दिदी | डिडी | 'त' वर्गलाई 'ट' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गलाई पनि 'त' वर्गमा परिणत गर्ने |
| भेट | भेत | 'ट' वर्गलाई 'त' वर्गमा परिणत गर्ने तथा अतिसचेत उच्चारण गर्न खोज्दा 'त' वर्गलाई पनि 'ट' वर्गमा परिणत गर्ने |
| साह्रै | साहै /सार्है/सारै | प्रयत्न लाघव अथवा 'ह' लोप गरेर 'र' मात्र उच्चारण गर्ने वा 'र' लाई रेफमा परिणत गर्ने |

### ४.२.२ अजन्त र हलन्त उच्चारण

नियोजित संवादमा थारूभाषी विद्यार्थीहरूले अजन्तलाई हलन्त र हलन्तलाई अजन्त उच्चारण गरेको पाइयो । उक्त संवादमा संलग्न १० जना विद्यार्थीहरूमध्ये अजन्तमा सबभन्दा कम त्रुटि गर्नेले ३३ प्रतिशत र सबैभन्दा बढी त्रुटि गर्ने विद्यार्थीले ७५ प्रतिशतसम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा ५३.३ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् भने ४६.७ प्रतिशतले सही उच्चारण गरेको पाइयो । जस्तैः

- कसरी= कस्री (अजन्त उच्चारण गर्नु पर्नेमा हलन्त उच्चारण गरेको)
- दःख=दुःख् (अजन्त उच्चारण गर्नु पर्नेमा हलन्त उच्चारण गरेको)
- जान=जान् (अजन्त उच्चारण गर्नु पर्नेमा हलन्त उच्चारण गरेको)

त्यसै गरी हलन्तमा त्रुटि गर्नेहरूमा सबैभन्दा कम त्रुटि गर्नेले ४० प्रतिशत गरेको पाइयो भने सबैभन्दा बढी त्रुटि गर्नेले ८० प्रतिशत सम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ४४ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ५६ प्रतिशत पाइयो । जस्तै :

- भेट्=भेट (हलन्त उच्चारण गर्नु पर्नेमा अजन्त उच्चारण गरेको)
- भेट्न=भेटन (हलन्त उच्चारण गर्नु पर्नेमा अजन्त उच्चारण गरेको)
- किन्मेल् = किनमेल (हलन्त उच्चारण गर्नु पर्नेमा अजन्त उच्चारण गरेको)

### ४.२.३ नासिक्य व्यञ्जनको उच्चारण

नियोजित संवादमा नासिक्य व्यञ्जन प्रयोग गर्नुपर्नेमा प्रयोगै नगरेर त्रुटिहरू भएका छन् । यस्ता किसिमका त्रुटि हुनुमा अर्थमा भिन्नता आउँछ भन्ने ज्ञान नहुनु, लेखाइ नियमप्रति असचेतता, उच्चारण अभ्यासको कमी, अनावश्यक झन्झट मान्नु आदि कारणहरू हुन सक्छन् ।

उपरोक्त तालिकाअनुसार संवादमा संलग्न विद्यार्थीहरूमध्ये नासिक्य व्यञ्जनमा शतप्रतिशत विद्यार्थीहरूले त्रुटिपूर्ण उच्चारण गरको पाइयो । जस्तै :

- संस्कार = सस्कार

### ४.२.४ नासिक्य स्वरको उच्चारण

उपर्युक्त संवादमा भएका शब्दहरूमा कतिपय अवस्थामा नासिक्य स्वरको प्रयोग नगर्दा अर्थमा फरक पर्न गएको देखिन्छ भने कतिपय अवस्थामा नासिक्य स्वरयुक्त प्रेरणार्थक क्रियापदमा 'न' वर्णको अनावश्यक आगम गरेको देखिन्छ । यसमा संलग्न १० जना विद्यार्थीहरूमध्ये सबैभन्दा कम त्रुटि गर्नेले १७ प्रतिशत शब्दहरूको उच्चारणमा त्रुटि गरेको पाइयो भने बढि त्रुटि गर्नेले ६७ प्रतिशत सम्म त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६३.४ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३६.६ प्रतिशत रहेको पाइयो । जस्तै :

- गाउँ = गाउ (नासिक्य स्वर प्रयोग गर्नुपर्नेमा नगरेको)
- जाऔँला = जाऔला (नासिक्य स्वर प्रयोग गर्नुपर्नेमा नगरेको)
- खुवाउँछु = खुवाउँन्छु ('न' वर्णको अनावश्यक आगम गरेको)

### ४.२.५ पदयोग

संवादमा संलग्न १० जना विद्यार्थीहरूमा पदयोगलाई पदवियोग गरेर सबभन्दा कम त्रुटि गर्नेले २५ प्रतिशतसम्म शब्द उच्चारणमा त्रुटि गरेका छन् भने सबैभन्दा बढी त्रुटि गर्नेले ६५ प्रतिशतसम्म शब्दहरूमा पदवियोग गरेर उच्चारण गरी त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोचारण गर्नेहरूमा ५२.५ प्रतिशत, त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४७.५ प्रतिशत पाइयो । जस्तै :

- कताबाट = कटा बाट (पदयोग गर्नुपर्नेमा पदवियोग गरेको)
- आफन्तहरूसँग = आफन्तहरू सँग (पदयोग गर्नुपर्नेमा पदवियोग गरेको)
- माथिबाट = माथि बाट (पदयोग गर्नुपर्नेमा पदवियोग गरेको)
- यसपालि = यस पालि (पदयोग गर्नुपर्नेमा पदवियोग गरेको)

### ४.२.६ पदवियोग

नियोजित संवादमा सबैभन्दा कम त्रुटि गर्ने विद्यार्थीले ३० प्रतिशत शब्दहरूको उच्चारणमा पदयोग गरेर त्रुटि गरेका छन् भने सबैभन्दा वढी त्रुटि गर्नेले ७० प्रतिशतसम्म

त्रुटि गरेका छन् । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५४ प्रतिशत  र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४६ प्रतिशत पाइयो । जस्तै :

- हुन्छ नि त = हुन्छ नित (पदवियोग गर्नुपर्नेमा पदयोग उच्चारण गरेको)
- हो त = होत (पदवियोग गर्नुपर्नेमा पदयोग उच्चारण गरेको)
- हो त नि = होतनि (पदवियोग गर्नुपर्नेमा पदयोग उच्चारण गरेको)
- मलाई = म लाई (पदयोग गर्नुपर्नेमा पदवियोग गरेको)

## ४.२.७ सुर

संवादमा संलग्न विद्यार्थीहरूमध्ये सबैभन्दा कम त्रुटि गर्नेले सामान्य, प्रश्नात्मक र आश्चर्यात्मक सुरअन्तर्गत क्रमश : १७, ३७ र ५० प्रतिशत त्रुटिपूर्ण  उच्चारण गरेको पाइयो । त्यस्तै सबैभन्दा बढी त्रुटि गर्नेहरूले क्रमशः ६७, ८७, ८३ प्रतिशत सुर पक्षमा ठीक उच्चारण नगरी त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा सामान्य सुरअन्तर्गत शुद्धोच्चारण गर्नेहरूमा ६० प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४१ प्रतिशत पाइयो । त्यसै गरी प्रश्नात्मकमा शुद्धोच्चारण गर्नेहरू ३७.५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६२.५ प्रतिशत पाइयो भने आश्चर्यात्मक सुरअन्तर्गत शुद्धोच्चारण गर्नेहरूमा ३४.९ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६५.१ प्रतिशत रहेको पाइयो । जस्तै :

- कताबाट आयौ ? = कताबाट आयौ । (प्रश्नार्थकलाई सामान्य सुर)
- तिमी मेला हेर्न नजाने त फुलिया ? = तिमी मेला हेर्न नजाने त फूलिया ।

  (प्रश्नार्थकलाई सामान्य सुर)
- हाम्रो नयाँवर्ष पनि माघीबाट नै शुरु हुन्छ ।

  हाम्रो नयाँवर्ष पनि माघीबाट नै सुरु हुन्छ ?(सामान्यलाई प्रश्नार्थक )
- ओहो फुलिया ! =ओहो फुलिया । (उद्‌गारलाई सामान्य सुर)

### ४.२.८ बलाघात

नियोजित संवादमा बलाघातसम्बन्धी त्रुटि पनि त्यतिकै रूपमा देखिन्छ । यसमा शब्दहरूको उच्चारणमा बल प्रयोग नगर्ने ठाउँमा बल प्रयोग गरेको र बल प्रयोग गर्ने ठाउँमा नगरेको पाइयो । संवादमा संलग्न विद्यार्थीहरूमध्ये सबैभन्दा कम त्रुटि गर्नेले ५० प्रतिशत शब्दहरूको त्रुटि गरेका छन् भने बढी त्रुटि गर्नेले ७३ प्रतिशतसम्म गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ३५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६५ प्रतिशत पाइयो । जस्तै :

- नयाँ लुगा लगाउँछु । ('नयाँ लुगा' मा बल प्रयोग गर्नुपर्नेमा नगरेको)
- कताबाट आयौ ? ('आयौ' मा बल प्रयोग गर्नुपर्नेमा नगरेको)

### ४.२.९ सारांश

- नियोजित संवादमा संयुक्त र मिश्र उच्चारण तथा अन्य सरल र जटि शब्दहरूको वर्णोच्चारणमा अत्यधिक त्रुटि भएको पाइयो ।
- अजन्तलाई हलन्त र हलन्तलाई अजन्त उच्चारण गरी त्रुटि गरेको पाइयो ।
- नासिक्य व्यञ्जनको प्रयोगै नगरी त्रुटि गरेको पनि पाइयो ।
- संवादमा कतिपय अवस्थामा नासिक्य स्वरको प्रयोग नगरी त्रुटि गरेको पाइयो भने कतिपय अवस्थामा नासिक्य स्वरयुक्त प्रेणार्थक क्रियापदमा 'न' वर्णको अनावश्यक आगम हुँदा त्रुटि भएको पाइयो ।
- पदयोग गर्नुपर्नेमा पदवियोग उच्चारण गरेर अधिक त्रुटि भएको पाइयो ।
- पदवियोग गर्नुपर्नेमा पदयोग उच्चारण गरेर अधिक त्रुटि भएको पाइयो ।
- प्रश्नार्थकलाई सामान्य सुर, सामान्यलाई प्रश्न सुर र उद्गारलाई सामान्य सुरमा उच्चारण गर्दा त्रुटि भएको पाइयो ।
- शब्दहरूको उच्चारणमा बल प्रयोग नगर्ने ठाउँमा बल प्रयोग गरेर र बल प्रयोग गर्ने ठाउँमा नगरेर उच्चारण गर्दा त्रुटि भएको पाइयो ।

## ४.३ स्वतन्त्र संवादसम्बन्धी उच्चारण

कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूलाई नेपाली भाषाको उच्चारण गराउँदा हुन गएका त्रुटि पहिल्याउने क्रममा १० जना विद्यार्थीहरूलाई विभिन्न विषय (माघीपर्व, दिपावली, गृहकार्य, दसैं) शीर्षकमा दुई दुई जनाको दरले स्वतन्त्र संवाद गराई रेकर्ड गरिएको थियो । 'दसैं' शीर्षकमा भने दुई भिन्नाभिन्नै विद्यालयका २/२ जना विद्यार्थी गरी जम्मा चार जना संलग्न थिए । यस्ता संवादबाट वर्णोच्चारण, गति-यति, सुर, आघात, सङ्गतिलाई मध्येनजर गरिएको छ । प्रत्येक पक्षमा भएका त्रुटिहरूलाई छुट्टाछुट्टै रूपमा खेस्रा तयार गरी स्पष्ट गर्न यहाँ औसत प्रतिशतलाई मात्र तालिकीकरणमा निम्नअनुसार प्रस्तुत गरिएको छ :

**स्वतन्त्र संवादसम्बन्धी उच्चारण**

| क.स | विद्यार्थीको नाम | उच्चारण विवरण | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | वर्णोच्चारण | | गति-यति | | सुर | | बलाघात | | सङ्गति | | कैफियत |
| | | सही% | गलत% | सही% | गलत% | सही% | गलत% | सही% | गलत% | सही% | गलत% | |
| १. | हैराम चौधरी | ६४ | ३६ | ६७ | ३३ | ६१ | ३९ | ५४ | ४६ | ६३ | ३७ | |
| २. | सुरत चौधरी | ५६ | ४४ | ६६ | ३४ | ५२ | ४८ | ६९ | ३१ | ६६ | ३४ | |
| ३. | चरण चौधरी | ४९ | ५१ | ५८ | ४२ | ५७ | ४३ | ६० | ४० | ६९ | ३१ | |
| ४. | सागर चौधरी | ५३ | ४७ | ५२ | ४८ | ४४ | ५६ | ४९ | ५१ | ५९ | ४१ | |
| ५. | अशोक चौधरी | ५९ | ४१ | ५५ | ४५ | ५३ | ४७ | ५३ | ४७ | ५७ | ४३ | |
| ६. | अमृत चौधरी | ६२ | ३८ | ६१ | ३९ | ६६ | ३४ | ५९ | ४१ | ६० | ४० | |
| ७. | रामपत्ती चौधरी | ४७ | ५३ | ४९ | ५१ | ५५ | ४५ | ६३ | ३७ | ६७ | ३३ | |
| ८. | राधा चौधरी | ४६ | ५४ | ५४ | ४६ | ५१ | ४९ | ५१ | ४९ | ६१ | ३९ | |
| ९. | देशरानी चौधरी | ५० | ५० | ५९ | ४१ | ४९ | ५१ | ५४ | ४६ | ५८ | ४२ | |
| १०. | मञ्जु चौधरी | ४४ | ५६ | ५७ | ४३ | ५९ | ४१ | ६६ | ३४ | ६१ | ३९ | |
| औसत | | ५३ | ४७ | ५७.८ | ४२.२ | ५४.७ | ४५.३ | ५७.८ | ४२.२ | ६२.१ | ३७.९ | |

उपर्युक्त तालिकाका आधारमा कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले स्वतन्त्र संवादमा कसरी र कस्ता त्रुटिहरू गर्दा रहेछन् भन्ने कुराको यथातथ्य जानकारी लिने प्रयास गरिएको छ । उक्त तालिकाले देखाएको सूचनालाई बुँदागत रूपमा यसप्रकार प्रस्तुत गर्न सकिन्छ :

## ४.३.१ वर्ण उच्चारण

उपर्युक्त तालिकाअनुसार स्वतन्त्र संवादमा सबैभन्दा बढि वर्णोच्चारणमा त्रुटि गर्नेले ५६ प्रतिशत र सबैभन्दा कम त्रुटि गर्नेले ३८ प्रतिशत त्रुटि गरेका छन् । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५३ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४७ प्रतिशत पाइयो । जस्तै :

| हुनुपर्ने उच्चारण | भएको उच्चारण |
|---|---|
| • तिमी त = | तिमी ट |
| • जादैनौ ? = | जाडैनौ ? |
| • दसैं = | डसै |
| • लुगा = | लुग्रा |

## ४.३.२ गति–यति

नरोकिइकन लगातार कहाँसम्म पढ्ने भन्ने कुरा वा पढाइको वेगलाई नै 'गति' भनिन्छ त्यस्तै पढ्दा कहाँ कहाँ रोकिने वा विश्राम गर्ने भन्ने रुकावटलाई 'यति' भनिन्छ ।

उपर्युक्त तालिकाअनुसार स्वतन्त्र संवादमा संलग्न विद्यार्थीहरूमध्ये गति-यतिमा अधिकतम त्रुटि गर्नेले ५१ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३३ प्रतिशतसम्म त्रुटि गरेका छन् । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५७.८ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४२.२ प्रतिशत रहेको पाइयो । जस्तै :

- म त आफ्नो घरमा नुहाउँछु । (**घरमा** यति गर्नुपर्नेमा नगरेको)
- सागर, यसपाली तिमी कसरी दसैं मनाउँछौ त ?

  (**सागर, दसैं**मा यति गर्नुपर्नेमा नगरेको)
- मेला हेर्न नजाने त ? त्यहाँ नजिकै मेला लाग्छ ।

  (**हेर्न, त, नजिकै**मा यति हुनुपर्नेमा गति दिएको)

## ४.३.३ सुर

उपर्युक्त तालिकाअनुसार सुरपक्षमा अधिकतम त्रुटि गर्नेले ५६ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३४ प्रतिशत त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५४.७ प्रतिशत र त्रुटिपूर्णउच्चारण गर्नेहरूमा ४५.३ प्रतिशत पाइयो । जस्तैः

- जान्छु नि ! = जान्छु नि । (उद्गारलाई सामान्य सुरमा)
- गृहकार्य आधै गरेछु । तिमीले गऱ्यौ?=गृहकार्य आधै गरेछु । तिमीले गऱ्यौ । (प्रश्नलाई सामान्य सुर)

### ४.३.४ बलाघात

उपर्युक्त तालिकाअनुसार बलाघातमा अधिकतम त्रुटि गर्नेले ५१ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३१ प्रतिशत त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५७.८ प्रतिशत र त्रुटिपूर्णउच्चारण गर्नेहरूमा ४२.२ प्रतिशत पाइयो । जस्तै :

- तिमी कसको पूजा गर्छौ ?(**गर्छौ** मा बल प्रयोग गर्नुपर्नेमा नगरेको)
- प्रेम, यसपाली तिमी कसरी दसैँ मनाउँछौ त ?

(**प्रेम, दसैँ**मा बल प्रयोग गर्नुपर्नेमा नगरेको)

### ४.३.५ सङ्गति

उपर्युक्त तालिकाअनुसार स्वतन्त्र संवादमा संलग्न विद्यार्थीहरूले गरेको त्रुटिहरूको विश्लेषण गर्दा सङ्गतिमा अधिकतम त्रुटि गर्नेले ४३ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३१ प्रतिशत त्रुटि गरेको पाइयो । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६२.१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३७.९ प्रतिशत पाइयो । जस्तै :

- आमाबुबाले केही सामान पहिले नै किनिसक्नु भएको छ ।

  (आमाबुबाले केही सामान पहिलै किनिसकेछ ।)
- त्यहाँ गएर नाचगान गर्छ्यौ कि नाइ ? (केटीकेटी बीचको संवाद भएकाले)

  त्यहाँ गएर नाचगान गर्छौ कि नाइ ?
- बाले बजार जान पैसा दिनुभएको छ ।

  (बजार जान बाले पैसा दिएछ ।)
- सागर, यसपाली तिमीले कसरी दसैँ मनाउँछौ त ?

  (सागर, यसपाली तिमी कसरी दसैँ मनाउँछौ ट ?)
- हाम्रो घरमा सबैजना ढिक्री खान्छौ ।

  (हाम्रो घरमा सबैजना ढिक्री खान्छ ।)
- मैले पनि गरेछु (म पनि गरेछुँ ।)

### ४.३.६ सारांश

- स्वतन्त्र संवादमा संयुक्त र मिश्र उच्चारण तथा अन्य सरल र जटिल शब्दहरूको शुद्ध र स्पष्ट उच्चारण गर्न नसक्दा त्रुटि भएको पाइयो ।
- गति दिनु पर्नेमा यति र यति हुनु पर्नेमा गति दिएर उच्चारण गर्दा त्रुटि भएको पाइयो ।
- उद्गारलाई समान्य सुर, प्रश्नलाई सामान्य सुर, सामान्यलाई प्रश्न सुरमा उच्चारण गर्दा त्रटि भएको पाइयो ।
- बल प्रयोग नगर्ने ठाउँमा बल प्रयोग गरेर र बल प्रयोग गर्ने ठाउँमा नगरेर उच्चारण गर्दा त्रुटि भएको पाइयो ।
- लिङ्ग, वचन, पुरुष र आदरको सङ्गति नमिल्दा उच्चारणमा त्रुटि भएको पाइयो ।

# अध्याय पाँच

# निष्कर्ष र सुझाव

## ५.१ निष्कर्ष

अध्याय ३ र ४ मा गरिएका विश्लेषणअनुसार कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीले गरेका त्रुटिलाई निष्कर्ष स्वरूप निम्नलिखित बुँदामा देखाइएको छ :

### ५.१.१ शब्दोच्चारणसम्बन्धी निष्कर्ष

**क**) थारूमातृभाषी विद्यार्थीहरूले 'ब' को तुलनामा 'व' उच्चारणमा अत्यधिक त्रुटि गरेको पाइन्छ । 'व' लेखेर 'व' नै उच्चारण गर्नु पर्नेमा 'ब' उच्चारण गर्नेहरू न्यूनतम ११ प्रतिशत देखि अधिकतम शतप्रतिशत सम्म देखिन्छन् । 'ब' लेखेर 'व' उच्चारण गर्नेहरू भने अत्यन्तै न्यून पाइन्छन् ।

**ख**) थारूभाषी विद्यार्थीहरूमा 'त' वर्गका वर्णलाई 'ट' वर्ग बनाई उच्चारण गर्ने प्रवृति अत्यधिक पाइन्छ । 'ण' को उच्चारण गर्न नसक्ने (गणित = गनित) प्रवृति देखिन्छ र त्यसलाई 'न' बनाएर उच्चारण गर्ने प्रवृति देखिन्छ साथै कहीँ-कहीँ अति सचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गका वर्णलाई पनि कसैकसैले 'त' वर्ग (ठाउँ = थाउँ) बनाएर उच्चारण गरेको देखिन्छ ।

**ग**) छ, छे र क्ष वर्णयुक्त क्षेत्रमा न्यूनतम १० जना अर्थात् ११ प्रतिशतदेखि लिएर अधिकतम ९० जना अर्थात् शतप्रतिशतले त्रुटि गरेका छन् । छ, छे वर्णको उच्चारणमा अत्यन्त नगण्य रूपमा त्रुटि गरेको पाइयो भने 'क्ष' उच्चारणमा अत्यधिक त्रुटि गरेको पाइयो । यसो हुनाको कारण शिक्षण प्रक्रियाको कमी र नेपाली भाषाशिक्षणको परम्परागत तौरतरिका र दृष्टिकोणबाट प्रभावित रहनु र शिक्षक र विद्यार्थीहरूमा दुईतर्फी सचेतताको कमीलाई मान्न सकिन्छ । यो प्रवृति नेपाली मातृभाषी विद्यार्थीमा पनि धेरै नै पाइन्छ ।

**घ**) थारूभाषी विद्यार्थीहरूले 'य' र 'ए' को उच्चारणमा पनि त्रुटि गरेको पाइयो । त्यसमा पनि 'य' को उच्चारणमा त्रुटिहरू अत्यधिक रूपमा गरेको पाइयो । यसमा ९० जना अर्थात् शतप्रतिशतले त्रुटि गरेका छन् भने 'ए' मा चाहिँ २० जना अर्थात् २२ प्रतिशतसम्म मात्र त्रुटि गरेका छन् । यस्ता त्रुटि हुने कारण विद्यार्थी र शिक्षकको

सचेतताको कमी, अभ्यासको कमी अशिक्षितहरूको कथ्य उच्चारणको प्रभाव रहेको पाइयो ।

**ङ**) थारू मातृभाषी विद्यार्थीहरूले अ र आ निहित शब्दको उच्चारण गर्दा निकै कम त्रुटि गरेको पाइन्छ । यस्ता त्रुटि गर्दा कतै लोप र कतै थपोट गरेको पाइन्छ । यस्तो त्रुटि गर्नेहरूमा ९ जना अर्थात् १० प्रतिशत देखि लिएर १० जना अर्थात् ११ प्रतिशत सम्म त्रुटि गरेको पाइएको छ । यस्तो हुनुको मूल कारण मातृभाषाको प्रभाव पर्न जानु हो ।

**च**) थारूभाषी विद्यार्थीहरूले 'ग्यँ' र 'ज्ञ' निहित शब्दहरूको उच्चारणमा अत्यधिक त्रुटि गरेका छन् । 'ग्यँ' वर्णलाई ग, गे, ग्गे मा रूपान्तरण गरी उच्चारण गरेको पाइन्छ जसमा न्यूनतम ५२ जना अर्थात् ५८ प्रतिशतदेखि लिएर अधिकतम ९० जना अर्थात् शतप्रतिशतले त्रुटि गरेका छन् । 'ज्ञ' निहित शब्दको उच्चारणमा न्यूनतम ६१ जना अर्थात् ६८ प्रतिशतदेखि लिएर अधिकतम ७२ जना अर्थात् ८० प्रतिशतले त्रुटि गरेका छन् । यसको कारण मातृभाषाको प्रभाव र शिक्षण सिकाइसँग सम्बन्धित विभिन्न पक्षहरू उत्तरदायी छन् । शिक्षण सिकाइमा सुधार गरी दुवैले सचेतता अपनाए यस्तो त्रुटिमा तुरुन्त सुधार हुनसक्छ ।

**छ**) हलन्त र अजन्त वर्ण भएका शब्दहरूको उच्चारणमा त्रुटिको मात्रा अत्यधिक रूपमा देख्न सकिन्छ । हलन्तमा अधिकतम २० जना अर्थात् २२ प्रतिशतदेखि ७२ जना अर्थात् ८० प्रतिशत विद्यार्थीहरूले त्रुटि गरेको पाइन्छ । अजन्तमा अधिकतम ८१ जना अर्थात् ९० प्रतिशतसम्मले त्रुटि गरेको पाइन्छ भने न्यूनतम ३० जना अर्थात् ३३ प्रतिशतले त्रुटि गरेको पाइन्छ । औसत ४२ प्रतिशतले शुद्धोच्चारण गरेका छन् भने ५८ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् ।

**ज**) अनुस्वार र चन्द्रविन्दु भएका शब्दोच्चारणमा चन्द्रविन्दु निहित शब्दको तुलनामा अनुस्वार लागेका शब्दहरूको उच्चारणमा अत्यधिक त्रुटि देखियो । अनुस्वारयुक्त शब्दहरूको उच्चारणमा न्यूनतम ८० जना अर्थात् ८९ प्रतिशतले त्रुटि गरेको पाइन्छ । त्यसै गरी चन्द्रविन्दु निहित शब्दको उच्चारणमा अधिकतम ९० जना अर्थात् १०० प्रतिशतले त्रुटि गरेको पाइन्छ । न्यूनतम १० जना अर्थात् ११ प्रतिशतले त्रुटि गरेको पाइन्छ । पञ्चम वर्णयुक्त  अङ्गुर शब्दको उच्चारणमा ८९ प्रतिशतसम्मले त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५८ प्रतिशत र त्रुटिपूर्ण उच्चारण

गर्नेहरूमा ४२ प्रतिशत रहेको पाइन्छ । यस्तो हुनुको कारण मातृभाषाको प्रभाव अभ्यासको कमी, वैयक्तिक कारण आदि पक्षहरू उत्तरदायी छन् ।

**झ**) रकार र रेफ निहित शब्दको  उच्चारणमा पनि प्रशस्त त्रुटि भएका छन् । रकार उच्चारणमा न्यूनतम ६१ जना अर्थात् ६८ प्रतिशतले त्रुटि  गरेका छन् भने अधिकतम ७९ जना अर्थात् ८८ प्रतिशतले त्रुटि गरेका छन् । त्यस्तै रेफतर्फ भने न्यूनतम ५ जना अर्थात् ६ प्रतिशतले त्रुटिपूर्ण उच्चारण गरेका छन् भने अधिकतम ९० जना अर्थात् शतप्रतिशतले त्रुटि गरेको पाइन्छ । यस्तो त्रुटि हुनुका कारणहरूमा मातृभाषाको प्रभाव, नेपाली भाषा शिक्षणप्रतिकै शैक्षणिक दृष्टिकोण तथा परम्परागत शिक्षणप्रक्रिया सञ्चालन भएकाले पनि यस्ता त्रुटिहरू भएको पाइन्छ ।

**ञ**) पदयोग र पदवियोगसम्बन्धी उच्चारणमा त्रुटिहरू अत्यधिक रूपमा देखिन्छन् । अझ बढी पदवियोगलाई पदयोग गरेर गरेका त्रुटि अधिक भेट्न सकिन्छ । उक्त दुवैलाई औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ३६ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६४ प्रतिशत रहेको पाइन्छ । यस्तो हुनुको कारण विद्यार्थीको सचेतताको कमी, उच्चारणमा केही जटिलता तथा थारूभाषी विद्यार्थीहरूको नेपालीभाषी विद्यार्थीसँग गर्ने सम्पर्कको अभावलाई मान्न सकिन्छ ।

**ट**) संयुक्त र मिश्र उच्चारणयुक्त शब्दहरूको उच्चारणमा अधिक त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ३८ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६२ प्रतिशत  रहेको पाइयो । यसको कारण थारूभाषी विद्यार्थीको मातृभाषाको प्रभाव, दोस्रो अथवा लक्ष्य भाषा (नेपाली)को प्रभावकै जटिलता, शिक्षण तौरतरिका, जिब्रो रडकाइ, चिप्लाइ अर्थात् असावधानी नै हो । साथै शिक्षण तरिकाको वैज्ञानिकताको अभावलाई प्रमुख रूपमा लिन सकिन्छ ।

**ठ**) थारूभाषी विद्यार्थीहरूले घोषत्व उच्चारणमा पनि प्रशस्त त्रुटि गरेका छन् । घोषत्व उच्चारणमा पनि सघोषलाई अघोष (खुबै-खुपै) उच्चारण गरेको पाइन्छ तर अघोषलाई सघोषमा उच्चारण गरेको अत्यन्तै न्यून रूपमा देखिन्छ । यसको प्रमुख भाषातात्त्विक कारण चाहिँ 'ब' वर्णमा 'प' (किताब-किताप), त्व वर्णलाई ट्टो/त्तो (महत्त्व.महट्टो/महत्तो) उच्चारण गरी त्रुटि गरेको पाइन्छ ।

ड) प्राणत्व उच्चारणमा पनि थारूभाषी विद्यार्थीहरूले अत्यधिक रूपमा त्रुटि गरेका छन् । प्राणत्व उच्चारणमा पनि अल्पप्राणलाई महाप्राण र महाप्राणलाई अल्पप्राण गरी प्रशस्त त्रुटि गरेका छन् । यसको प्रमुख भाषातात्त्विक कारण 'झ' वर्णलाई 'ज' (साझा-साजा), 'प' वर्णलाई 'फ' (फुपू = फुफू) मा रूपान्तरण गरी उच्चारण गरेको पाइन्छ । यस्ता वर्णहरू संवर्णका रूपमा उच्चरित भएका पाइन्छन् । कतिपय अवस्थामा थारूभाषी विद्यार्थीले मातृभाषाको प्रभाव, वैयक्तिक कारण, अध्ययनको कमी, स्रोत भाषाको प्रभाव हुन गई (महŒव-महट्टो) त्रुटि गरेको पाइन्छ ।

ढ) माथिका पूर्वनिश्चित आधारहरूबाहेक अन्य त्रुटिहरू पत्ता लगाउन शब्दोच्चारणको छुट्टै स्तम्भ खडा गरी ४३ वटा जति शब्दहरू छनोट गरी उच्चारण गर्न लगाइएको थियो । यसरी हेर्दा शब्दोच्चारणमा प्रशस्त त्रुटि देखिएका छन् । यसमा संयुक्त उच्चारण, मिश्र उच्चारण अन्य सरल शब्ददेखि लिएर केही जटिल शब्दहरूलाई पनि समावेश गरिएको छ । विद्यार्थी सङ्ख्या र प्रतिशतका आधारमा नछुट्याइए तापनि प्रशस्तै त्रुटिहरू पाइन्छ । अनुमानित रूपमा हेर्दा ५० प्रतिशतभन्दा बढी विद्यार्थीले त्रुटि गर्ने गरेको पाइन्छ । यसो हुनाको कारण मातृभाषाको प्रभाव, अभ्यासको कमी, शिक्षण क्रियाकलापको प्रयोग नहुनु, शब्दोच्चारणलाई छुट्टै स्तम्भ मानि शिक्षण गर्नु, ज्ञानको कमी, अर्थमा भिन्नता नआउने ठान्नु, उच्चारणमा कठिनाइ हुनु, भाषिक वातावरणको प्रभाव, अशिक्षितहरूको कथ्य उच्चारणको प्रभाव, नेपाली भाषाको संरचनागत जटिलता, नेपाली भाषाप्रतिको उदासीनता, स्तरीय शैक्षिक व्याकरणको कमी आदि कारण रहेको पाइन्छ ।

### ५.१.२ स्वतन्त्र वर्णनसम्बन्धी उच्चारणको निष्कर्ष

क) वर्ण उच्चारण गर्दा थारूभाषी विद्यार्थीहरूले 'ट' वर्गलाई 'त' वर्गमा (टाकुरा-ताकुरा) परिणत गर्ने तथा अति सचेत उच्चारण गर्न खोज्दा 'ट' वर्गलाई 'त' वर्गमा (टाटो-तातो) परिणत गर्ने प्रवृति अत्यधिक रूपमा पाइन्छ । त्यस्तै अनुनासिक स्वर नासिक्य (बन्छु- बन्छुँ) मा परिणत गर्ने प्रवृति पाइन्छ । वर्णोच्चारणमा संयुक्त उच्चारण, मिश्र उच्चारण तथा अन्य सरल शब्ददेखि लिएर केही जटिल शब्दहरूको उच्चारणमा पनि त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ७१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा २९ प्रतिशत पाइएका छन् ।

**ख**) स्वतन्त्र वर्णनमा संलग्न विद्यार्थीहरूले उच्चारणमा गति, यति र लय नमिलाई सामान्य पठन गरी त्रुटि गरेका छन् । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६०.७ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३९.३ प्रतिशत पाइएका छन् ।

**ग**) स्वतन्त्र वर्णनमा संलग्न विद्यार्थीहरूले सामान्य सुरलाई आश्चर्यात्मक सुरमा र प्रश्नसुरमा परिणत गरी उच्चारण गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६४.३ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३५.७ प्रतिशत पाइएका छन् ।

**घ**) स्वतन्त्र वर्णनमा संलग्न विद्यार्थीहरूले लिङ्ग, वचन, पुरुष र आदरको सङ्गतिमा पनि त्रुटि त्यतिकै मात्रामा गरेको देखिन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ७१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा २९ प्रतिशत पाइएका छन् ।

### ५.१.३ नियोजित संवाद उच्चारणसम्बन्धी निष्कर्ष

**क**) नियोजित संवादमा संलग्न विद्यार्थीहरूले संयुक्त र मिश्र उच्चारण तथा अन्य सरल र जटिल शब्दहरूको वर्णोच्चारणमा अत्यधिक त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५०.१ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४९.९ प्रतिशत पाइन्छन् ।

**ख**) नियोजित संवादमा हलन्त र अजन्त उच्चारणमा असचेतता रहेको पाइन्छ । स्रोत भाषा (मातृभाषा) को प्रभाव, अभ्यासको कमी आदि कारणले यस्ता त्रुटिहरू अधिक मात्रामा भएको पाइन्छ । औसत रूपमा हेर्दा हलन्त शुद्धोच्चारण गर्नेहरूमा ४४ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ५६ प्रतिशत रहेका पाइएका छन् । त्यस्तै अजन्त शुद्धोच्चारण गर्नेहरूमा ४६.७ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ५३.३ प्रतिशत रहेका पाइएका छन् ।

**ग**) नियोजित संवादमा नासिक्य व्यञ्जन प्रयोग गर्नुपर्ने ठाउँमा प्रयोगै नगरेर त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा त्रुटिपूर्ण उच्चारण शतप्रतिशतले नै गरेको पाइन्छ ।

**घ**) नासिक्य स्वरमा कतिपय अवस्थामा नासिक्य स्वरयुक्त प्रेरणार्थक क्रियापदमा 'न' वर्णको आगम (खुवाउँछु = खुवाउन्छु) गरी त्रुटि गरेको पाइन्छ भने कतिपय अवस्थामा नासिक्य स्वरको प्रयोगै नगरेर (गाउँ = गाउ) त्रुटि गरेको पाइन्छ । यस्तो

त्रुटि गर्नाको कारण थारूभाषी विद्यार्थीको मातृभाषाको प्रभाव, विद्यार्थी र शिक्षकको लापर्बाहीलाई लिन सकिन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६३.४ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३६.६ प्रतिशत पाइन्छन् ।

**ङ)** नियोजित संवादमा नासिक्य व्यञ्जन प्रयोग गर्नुपर्नेमा प्रयोग नै नगरी (संस्कार-सस्कार) त्रुटि गरेको पाइन्छ । यस्ता किसिमका त्रुटि हुनुमा अर्थमा भिन्नता आउँछ भन्ने ज्ञान नहुनु, लेखाइ नियमप्रति असचेतता, उच्चारण अभ्यासको कमी आदि कारण देखिन्छन् ।

**च)** नियोजित संवादमा पदयोगलाई पदवियोग (मलाई-म लाई) र पदवियोगलाई पदयोग

(हो त = होत) गरेर त्रुटि गरेका छन् । विद्यार्थीको मातृभाषाको प्रभाव तथा शिक्षणको शिक्षणीय कौशलमा अक्षमताको कारणले यस्ता त्रुटि गरिएका देखिन्छन् । औसत रूपमा हेर्दा पदयोगमा शुद्धोच्चारण गर्नेहरूमा ५२.५ प्रतिशत र त्रुटिपुर्ण उच्चारण गर्नेहरूमा ४७.५ प्रतिशत पाइन्छन् । त्यसै गरी पदवियोगमा शुद्धोच्चारण गर्नेहरूमा ५४ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४६ प्रतिशत पाइन्छन् ।

**छ)** नियोजित संवादमा प्रश्न सुरलाई सामान्य सुरमा सामान्य सुरलाई प्रश्न सुरमा र आश्चर्यात्मक सुरलाई सामान्य सुरमा परिवर्तन गरी उच्चारण गर्नेहरूको सङ्ख्या अधिक मात्रामा पाइन्छ । अर्धविराम, पूर्णविराम, सापेक्षचिह्न, प्रश्नचिह्न, उदगारचिह्न, आदि चिह्नको प्रयोगमा सचेतता पाइएन ।

**ज)** बलाघातमा बलप्रयोग गर्नुपर्ने ठाउँमा बल प्रयोग नगरेर र बल प्रयोग नगर्ने ठाउँमा बल प्रयोग गरेर त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ३५ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ६५ प्रतिशत पाइएका छन् ।

### ५.१.४ स्वतन्त्र संवाद उच्चारणसम्बन्धी निष्कर्ष

**क)** स्वतन्त्र संवादमा वर्णोच्चारणमा अधिकतम त्रुटि गर्नेले ५६ प्रतिशत र न्यूनतम त्रुटि गर्नेले ३८ प्रतिशतसम्म त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५३ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४७ प्रतिशत पाइएका छन् ।

**ख**) स्वतन्त्र संवादमा गति-यति नमिलाई त्रुटि गर्नेहरूमा अधिकतम ५१ प्रतिशत र न्यूनतम ३३ प्रतिशत पाइएका छन् । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५७.८ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४२.२ प्रतिशत पाइएका छन् ।

**ग**) स्वतन्त्र संवादमा सामान्य सुरलाई प्रश्न सुरमा, प्रश्न सुरलाई सामान्य सुरमा र सामान्य सुरलाई आश्चार्यात्मक सुरमा रूपान्तरण गरी त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५४.७ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४५.३ प्रतिशत पाइएका छन् ।

**घ**) बलाघातको उच्चारणमा बलप्रयोग गर्नुपर्ने ठाउँमा बल प्रयोग नगरेर र बल प्रयोग नगर्ने ठाउँमा बल प्रयोग गरेर त्रुटि गरेको पाइन्छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ५७.८ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ४२.२ प्रतिशत पाइएका छन् ।

**ङ**) सङ्गतिमा लिङ्ग , वचन, पुरुष र आदरको उचित प्रयोग गर्न नसक्दा त्रुटि भएको छ । औसत रूपमा हेर्दा शुद्धोच्चारण गर्नेहरूमा ६२.२ प्रतिशत र त्रुटिपूर्ण उच्चारण गर्नेहरूमा ३७.९ प्रतिशत पाइएका छन् ।

थारूभाषी विद्यार्थीहरूमा यस्ता त्रुटिहरू खास गरी पहिलो वा मातृभाषाको प्रभाव, उच्चारणमा कठिनाइ, अभ्यासको कमी, शिक्षकको लापरबाही वा अदक्षता, स्तरीय शैक्षिक व्याकरणको कमी, शिक्षण सामग्रीको अभाव, विद्यार्थी स्वयंको असचेतता, नेपाली भाषाको संरचनागत जटिलता, नेपाली भाषाप्रतिको उदासीनता, भाषालाई सरलीकरणतर्फ लैजान खोज्ने प्रवृत्ति जस्ता नकारात्मक कुरा आदि इत्यादि कारणहरूबाट हुने गरेको देखिन्छ ।

## ५.२ सुझावहरू

प्राप्त निष्कर्षका आधारमा थारूभाषी विद्यार्थीहरूको भाषाशिक्षण सिकाइमा सहयोग पुग्न सक्ने निम्नलिखित सुझावहरू प्रस्तुत गरिएको छ :

१) प्रथमत : दोस्रो भाषाका रूपमा नेपाली भाषा प्रयोग गर्ने थारूभाषी विद्यार्थीहरूका लागि विशेष किसिमको पाठ्यक्रम व्यवस्था गरी विशेष ध्यान दिएर, अधिकाधिक समय प्रयोग गरेर, बढी अभ्यास गराएर, व्यावहारिक शिक्षण विधि र सामग्री प्रयोग गरेर शिक्षण गराउनुपर्दछ र वातावरण अनुकूलित पारिनुपर्दछ ।

२) मूलतः दोस्रो भाषाका रूपमा नेपाली भाषा सिक्ने थारूभाषी विद्यार्थीहरूलाई नर्सरी कक्षादेखि नै ध्वनि र वर्णको उच्चारण र लेखनमा अभ्यास गराउनुपर्दछ ।

३) नेपाली भाषा पहिलो र दोस्रो भाषाका रूपमा सिक्ने विद्यार्थीहरूसँगै बसेर सिक्नु पर्ने परिस्थितिमा शिक्षकले त्रुटिको क्षेत्र पहिचान गर्दै सहयोगात्मक भावनाको विकास गराई उच्चारण, वाक्यगठन, शब्दप्रयोग, वर्णविन्यासमा विशेष जोड दिई सिक्न सक्ने अनुकूल वातावरण सृजना गरिदिनु आवश्यक हुन्छ ।

४) नेपाली भाषालाई आम नेपालीहरूले उपेक्षित भावनाले हेर्ने गरेको पाइन्छ । जसरी पढे-लेखे पनि हुन्छ भन्ने भावनालाई विकसित हुन दिनुहुँदैन । यस्तो भावनाले नेपाली भाषाको उच्चारण क्षेत्रमा अवरोध हुँदा नेपाली भाषाको उन्नति र स्तरीयता कायम हुन सक्दैन ।

५) थारू समुदायमा नेपाली भाषा पढाउने शिक्षक दोभाषी (स्थानीय भाषासँग मिल्दो) र उनीहरूले गरेको त्रुटिको ख्याल गरी शुद्धता र स्पष्टतामा जोड दिई अभ्यासमुखी बनाउन सक्ने खालको हुनुपर्छ ।

६) अस्पष्ट बोल्ने नकारात्मक बानीमा सुधार ल्याई भाषा शिक्षकले सुश्रव्यता, स्पष्टता तथा प्रभावशालिता अपनाएर बोल्ने अभ्यास गराउनमा जोड दिनु आवश्यक छ ।

७) उच्चारणमा कठिन हुने संयुक्त र मिश्र अक्षरलाई टुक्र्याएर प्रदर्शन गरी छुट्टै उच्चारण गर्न लगाउनुपर्दछ ।

८) एउटै वर्णको भिन्नताले अर्थ भेदक र अर्थ अभेदक भएका शब्दयुग्महरू खोजी श्रुतिलेख गराउने र त्यसपछि उच्चारण गराई कक्षामा सुनाउन लगाउने गर्नुपर्दछ ।

९) खास-खास गल्ती क्षेत्रका वर्णहरूलाई वर्ण, अक्षर, शब्द, वाक्य र अनुच्छेद तहमा आवृत्ति हुने गरी पाठ्यसामग्री निर्माण गरेर सस्वर वाचन गर्न लगाई बारम्बार उच्चारण गराउनुपर्दछ ।

१०) विद्यालयको एकीकृत कार्यक्रमका रूपमा सबै शिक्षकले अंग्रेजी भाषाबाहेक अन्य विषयको शिक्षण गर्दा हरसम्भव नेपाली भाषा प्रयोगमा सही र स्पष्ट उच्चारणका साथै शुद्धभाषा प्रयोग गरी विद्यार्थीहरूलाई पनि त्यसतर्फ प्रेरित गर्नुपर्दछ ।

११) नेपाली भाषा शिक्षण गर्ने शिक्षकले विद्यार्थीहरूलाई बढी क्रियाशील बनाई बोल्न र लेख्नमा प्रतिस्पर्धाको स्थिति सृजना गरी शुद्ध प्रयोग गर्नेलाई पुरस्कृत, स्यावासी आदिबाट प्रोत्साहित गर्न र अशुद्ध प्रयोग गर्नेलाई शुद्ध प्रयोग गर्नतर्फ प्रेरित र प्रोत्साहित गर्नुपर्दछ ।

१२) दोस्रो भाषाको रूपमा नेपाली भाषा अध्ययन गर्ने विद्यार्थीहरूमा मातृभाषाको प्रभाव बढी पर्ने हुँदा कक्षामै प्रशस्त अभ्यासको अवसर प्रदान गर्न गृहकार्य बढी दिने र नेपालीभाषी विद्यार्थी तथा गैह्र विद्यार्थीहरूसँग सम्भव भएसम्म सम्पर्क बढाउन र अन्तरक्रिया गर्ने प्रयास गर्न सल्लाह दिनुपर्छ ।

१३) भाषीक सीप विकासका लागि जग बलियो हुनै पर्छ । उच्चशिक्षासम्म पुग्न दक्ष, योग्य, कुशल भाषा विज्ञ बन्न, भाषाशिक्षणमा सक्षम हुन र भाषाको सही प्रयोग कर्ता हुन सक्षम हुन तल्लो तह नै सीपको आधार मानिने हुँदा प्राथमिक तहमा व्याकरण शिक्षणलाई प्रभावकारी बनाउनुपर्छ । व्याकरणिक ज्ञानमा स्तरअनुसार स्पष्ट पार्न सकियो भने उनीहरूबाट हुनसक्ने त्रुटि कम गराउन सकिन्छ ।

१४) उच्चारणको अभ्यास गराउँदा सामूहिक र वैयक्तिक दुवै रूपमा गराउनुपर्दछ । जसबाट लाज, संकोच मान्ने प्रवृत्तिका विद्यार्थीहरूको दोष निराकरण गर्न मद्दत मिल्न सक्छ ।

१५) शिक्षकले शिक्षण गर्दा विद्यार्थीहरूले कुन क्षेत्रमा बढी त्रुटि गर्छन्, त्यही क्षेत्रमा बढी जोड दिएर त्यसकै समान उच्चारण हुने सम्भावित सबै विकल्पलाई ल्याएर, शब्द जोडी बनाएर, श्रुतिसमभिन्नार्थक शब्दहरू ल्याएर उच्चारणमा बढी अभ्यास गराउनुका साथै त्यसको कारण के हुनसक्छ पत्ता लगाई उपचारात्मक र निराकरणात्मक शिक्षण गर्नुपर्दछ ।

१६) कतिपय शिक्षकले नेपाली भाषाको शिक्षण सिकाइ जसरी गरे पनि ठीकै, पढाए पनि ठीकै, नपढाए पनि ठीकै, विद्यार्थी आफैले पढेर बुझ्न सक्छ भन्ने नकारात्मक धारणा वा सोचलाई पर पन्छाउनुपर्छ र यस्तो भावनालाई शिक्षकले विद्यार्थीहरूमा विकसित हुन दिनुहुँदैन ।

१७) कक्षाकोठामा विभिन्न विषय प्रसङ्गमा छलफल, प्रश्नोत्तर र तर्कवितर्क गराउनुपर्छ ।

१८) शिक्षण गर्दा आइपरेका अप्ठ्यारा शब्दहरू कालोपाटीमा टिप्दै सही उच्चारण गरिदिने र विद्यार्थीहरूबाट पनि उच्चारण गर्न लगाउने जस्ता क्रियाकलाप गर्दै जानुपर्दछ ।

१९) तल्लातहदेखि नै विद्यार्थीहरूलाई विभिन्न भाषिक क्रियाकलापहरू जस्तै कथाकथन, कवितावाचन, वक्तृता, वादविवाद, संवाद तथा अन्य गीत, नाटकसमेतमा भाग लिन प्रोत्साहित गर्नुपर्दछ र सकेसम्म पुरस्कारसमेतको व्यवस्था गर्नुपर्दछ ।

२०) एउटै वर्णको भिन्नताले अर्थभेदक र अर्थअभेदक भएका शब्दयुग्महरू खोजी श्रुतिलेख गराउने र त्यसपछि उच्चारण गराई कक्षामा सुनाउन लगाउने गर्नुपर्दछ ।

२१) विद्यार्थीहरूलाई कठिन हुने वर्ण, अक्षर, शब्द, वाक्य र अनुच्छेद तहमा आवृत्ति हुने गरी पाठ्यसामग्री निर्माण गरेर सस्वरवाचन गर्न लगाई बारम्बार उच्चारण गराउनुपर्दछ ।

२२) दुर्गम क्षेत्रमा पनि योग्य शिक्षक, शैक्षिक सामग्री, शिक्षण निरीक्षण वा विद्यालय निरीक्षण र समयमै पाठ्यपुस्तक उपलब्ध गराउनमा कमी हुन नदिई शिक्षण सिकाइप्रति उत्प्रेरणा जगाउन सक्रिय सहयोग पुऱ्याउनु पर्दछ । यसका साथै विद्यालय हाताभित्र नेपाली भाषाको प्रयोगलाई बढीभन्दा बढी प्रोत्साहन दिँदै परीक्षामुखीभन्दा व्यवहारमुखी भाषा सिकाइको ख्याल गर्दै अन्य आवश्यक र सान्दर्भिक सुधारका उपायहरू अपनाएर उच्चारण सीपमा शुद्धता र स्तरीयता ल्याउन सकिन्छ ।

## ५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू

यस शोधपत्रको अध्ययनका क्रममा सीमित क्षेत्रमा बाँधिएर अध्ययन गरिएकाले यसबाट मात्र समग्र अध्ययन हुन सकेको छैन । अतः भावी दिनहरूमा थप अध्ययनका लागि निम्नलिखित विषयक्षेत्रहरू प्रस्तुत गर्न सकिन्छ :

**क**) थारू र नेपाली भाषाको व्यतिरेकी अध्ययन

**ख**) थारू भाषाका विभिन्न पक्षहरूको विशिष्ट अध्ययन

**ग**) प्राथमिक तह उत्तीर्ण र निम्न माध्यमिक तह उत्तीर्ण थारूभाषी विद्यार्थीहरूको तुलनात्मक अध्ययन

**घ**) कैलाली जिल्लाका विभिन्न भाषिक समुदायका सापेक्षतामा थारूभाषी विद्यार्थीहरूले नेपाली वर्णविन्यासमा गर्ने त्रुटिहरूको अध्ययन

ङ)	थारू भाषाभित्रका भाषिक भेदहरूको अध्ययन

च)	थारूभाषाको ऐतिहासिक विकासक्रमको अध्ययन

छ)	निम्न माध्यमिक तह उत्तीर्ण थारूभाषी र नेपालीभाषी विद्यार्थीबीच शब्दभण्डार क्षमताको तुलनात्मक अध्ययन

ज)	नि.मा.वि. तहमा अध्ययन गर्ने थारूभाषी विद्यार्थीहरूको वाक्यात्मक उच्चारणको विशेष अध्ययन आदि ।

## सन्दर्भग्रन्थ सूची


१) अधिकारी, हेमाङ्गराज (२०५७), **नेपाली भाषा शिक्षण**, (चौ.सं.) काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

२) अधिकारी, हेमाङ्गराज (२०५९), **भाषाशिक्षणः केही परिप्रेक्ष्य तथा पद्धति**, (चौ.सं.) काठमाडौं : विद्यार्थीपुस्तक भण्डार ।

३) अधिकारी, हेमाङ्गराज (२०६२), **सामाजिक र प्रायोगिक भाषा विज्ञान** (ते.सं.) काठमाडौँः रत्न पुस्तक भण्डार ।

४) अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६३), **प्रयोगात्मक नेपाली शब्दकोश** - द्वितीय सं.) काठमाडौँः विद्यार्थी प्रकाशन ।

५) आचार्य, बाबुराम (२०२९), **थारू जातिको मूल घर कहाँ** ? काठमाडौं : प्राचीन नेपाल, श्री ५ को सरकार पुरातत्त्व विभाग ।

६) कर्डर, एस.पिट (१९७३), **इन्ट्रोडक्सन टु अप्लाइड लिङ्ग्विस्टिस,** लण्डन ।

७) गौतम, टेकनाथ (२०४४), **थारू जातिको इतिहास तथा संस्कृति** दाङः शुशीलकुमार गौतम ।

८) गौतम, रामप्रसाद (२०६१), **भाषिक अनुसन्धान विधि,** काठमाडौंः दीक्षान्त पुस्तक भण्डार ।

९) ढुंङ्गेल, भोजराज र दुर्गाप्रसाद दाहाल (२०५८), **प्रायोगिक भाषविज्ञान,** काठमाडौं :एम.के पब्लिसर्स एन्ड डिस्ट्रिब्युटर्स ।

१०) ने.रा.प्र.प्र. (२०४०), **नेपाली बृहत् शब्दकोश** (प्रथम संस्करण) ।

११) बन्धु, चूडामणि (२०५२), **अनुसन्धान तथा प्रतिवेदन लेखन**, काठमाडौंः रत्न पुस्तक भण्डार ।

१२) बन्धु, चूडामणि (२०५७), **भाषाविज्ञानका सम्प्रदाय** (दो.सं.) काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि. ।

१३) योगी, नरहरिनाथ (२०१६), दङ्गिश**रण कथा**, दाङ : सिद्धरत्न मठ चौघेरा ।

१४) शर्मा, केदारप्रसाद र माधवप्रसाद पौडेल (२०६०), **नेपालीभाषा र साहित्य शिक्षण,** काठमाडौंः न्यु हिरा बुक्स इन्टरप्राइजेज ।

## शोधपत्रहरू


१)	के.सी.,गंगाबहादुर (२०५५), **सुर्खेत जिल्लाका कक्षा पाँच उत्तीर्ण मगरभाषी विद्यार्थीहरूमा पाइने त्रुटिहरूको अध्ययन**, (शोधपत्र) नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय त्रि.वि.कीर्तिपुर ।

२)	खड्का, कृष्णबहादुर (२०५९), **सुर्खेत जिल्लाका कक्षा पाँचमा अध्ययनरत थारूभाषी विद्यार्थीहरूले नेपाली भाषाको उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययन,** (शोधपत्र) नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय त्रि.वि.कीर्तिपुर ।

३)	बानिया, सेरबहादुर (२०६०), **कक्षा ५ मा अध्ययनरत लिम्बू मातृभाषी विद्यार्थीहरूले नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको विश्लेषण**, (शोधपत्र) नेपाली शिक्षा विभाग, शिक्षाशास्त्र सङ्काय त्रि.वि.कीर्तिपुर ।

# परिशिष्ट १

## वर्ण उच्चारणका लागि उपयोग गरिएका शब्दहरू

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बाधा | ४० | लछार्नु | ७९ | ठूलीआमा |
| २ | बुद्धिमान् | ४१ | पछ्यौरी | ८० | आधुनिक |
| ३ | बलियो | ४२ | छताछुल्ल | ८१ | आखिर |
| ४ | बाग्मती | ४३ | छात्रा | ८२ | आस्था |
| ५ | गरिब | ४४ | मान्छे | ८३ | आरोहण |
| ६ | तबला | ४५ | छेपारो | ८४ | योग्य |
| ७ | बाली | ४६ | शिक्षक | ८५ | आरोग्य |
| ८ | मानव | ४७ | वृक्ष | ८६ | मनग्य |
| ९ | दिवा | ४८ | कक्षा | ८७ | ग्याँचे |
| १० | सेवन | ४९ | क्षण | ८८ | ग्यास |
| ११ | निवेदन | ५० | क्षमा | ८९ | व्यङ्ग्य |
| १२ | स्वीकृत | ५१ | पक्ष | ९० | आज्ञा |
| १३ | वकिल | ५२ | साक्षर | ९१ | ज्ञान |
| १४ | वास्ता | ५३ | शिक्षा | ९२ | संज्ञा |
| १५ | आवाज | ५४ | भिक्षु | ९३ | प्राज्ञ |
| १६ | मेवा | ५५ | क्षेत्र | ९४ | प्रज्ञा |
| १७ | स्वार्थी | ५६ | यसपालि | ९५ | ज्ञवाली |
| १८ | भेटिनु | ५७ | गायक | ९६ | मङ्सिर |
| १९ | घटना | ५८ | यति | ९७ | श्रीमान् |
| २० | टाकुरा | ५९ | प्रत्येक | ९८ | एवम् |
| २१ | ठूलो | ६० | लाग्यो | ९९ | खुट्टा |
| २२ | काठमाडौँ | ६१ | नारायण | १०० | सङ्ख्या |
| २३ | टिकट | ६२ | यत्रो | १०१ | जगत् |
| २४ | ठाउँ | ६३ | एकादशी | १०२ | पढ्न |
| २५ | टालो | ६४ | एक | १०३ | भन् (अनादर) |
| २६ | डाडु | ६५ | आए | १०४ | कमिज |
| २७ | ढक | ६६ | एवम् | १०५ | जुन |
| २८ | तराई | ६७ | भए | १०६ | नगद |
| २९ | रात | ६८ | एडमन्ड | १०७ | शुभ |
| ३० | तह | ६९ | एघार | १०८ | भन (आदरार्थी) |
| ३१ | थारू | ७० | अनार | १०९ | कर्मचारी |
| ३२ | तिमी | ७१ | अलका | ११० | पढ(आदर) |
| ३३ | तीन | ७२ | अल्छी | १११ | संसार |
| ३४ | त्यो | ७३ | अनि | ११२ | संयोजक |
| ३५ | वस्तु | ७४ | अर्थ | ११३ | संस्था |
| ३६ | सन्तु | ७५ | अनुभव | ११४ | अङ्गुर |
| ३७ | दही | ७६ | अर्पण | ११५ | सिँचाइ |
| ३८ | गणित | ७७ | अमिलो | ११६ | हाँसो |
| ३९ | हुन्छ | ७८ | आइमाई | ११७ | दाँत |

| | | | | | |
|---|---|---|---|---|---|
| ११८ | काँध | १५५ | हिउँ | १९२ | सम्पत्ति |
| ११९ | आँखा | १५६ | चाँडै | १९३ | नेतृत्व |
| १२० | गुराँस | १५७ | घोडा | १९४ | मातृत्व |
| १२१ | साँचो | १५८ | साझा | १९५ | धर्म |
| १२२ | साँझ | १५९ | जिब्रा | १९६ | कर्म |
| १२३ | गऱ्यो | १६० | माघ | १९७ | कृपा |
| १२४ | साह्रै | १६१ | झोपडी | १९८ | प्रसाद |
| १२५ | ऱ्याली | १६२ | थपडी | १९९ | सघाउँछु |
| १२६ | बटाऱ्यौ | १६३ | घडी | २०० | ठुँग्नु |
| १२७ | रत्नपार्क | १६४ | फुपू | २०१ | साँघुरो |
| १२८ | बिर्सनु | १६५ | माझ्नु | २०२ | महासचिव |
| १२९ | मूर्ख | १६६ | ड्राइभर | २०३ | सह-सचिव |
| १३० | पर्व | १६७ | जहान | २०४ | विद्वान् |
| १३१ | नर्स | १६८ | बाघ | २०५ | बुद्धिमान् |
| १३२ | धैर्य | १६९ | टुक्रो | २०६ | व्यञ्जन |
| १३३ | समर्पण | १७० | लोग्ने | २०७ | मञ्जन |
| १३४ | धर्म | १७१ | पढ्नु | २०८ | विद्या |
| १३५ | पात्रोको | १७२ | ठँग्नु | २०९ | विद्यार्थी |
| १३६ | घरमाथि | १७३ | किताब | २१० | व्यक्ति |
| १३७ | हरिबहादुर | १७४ | मृत्यु | २११ | व्यञ्जन |
| १३८ | घाम छ | १७५ | खुबै | २१२ | मन्तव्य |
| १३९ | रात छ | १७६ | सृष्टि | २१३ | गन्तव्य |
| १४० | घर छ | १७७ | द्वित्व | २१४ | तरङ्ग |
| १४१ | तिमीले पनि | १७८ | महत्त्व | २१५ | श्राप |
| १४२ | तिमी पो | १७९ | विभूषण | २१६ | श्रीपेच |
| १४३ | काम छ | १८० | विशेषण | २१७ | ह्वाल्ल |
| १४४ | दाल छ | १८१ | पुरुष | २१८ | दरदरी |
| १४५ | मृत्यु | १८२ | प्रकाश | २१९ | स्थायी |
| १४६ | स्कुल | १८३ | प्रेम | २२० | स्तब्ध |
| १४७ | स्थान | १८४ | प्राकृतिक | २२१ | स्थानीय |
| १४८ | प्वाल | १८५ | प्रणाम | | |
| १४९ | जुत्ता | १८६ | प्रेरणा | | |
| १५० | मूर्ति | १८७ | सावित्री | | |
| १५१ | पर्दा | १८८ | चित्र | | |
| १५२ | ज्यादै | १८९ | भ्रमण | | |
| १५३ | झ्याल | १९० | भैली | | |
| १५४ | साँचो | १९१ | बिजुली | | |

# परिशिष्ट २

## वाक्यात्मक उच्चारणका लागि प्रयोग गरिएका सामग्रीहरू

### क) स्वतन्त्र वर्णन

**परशुराराम चौधरी**ः मलाई पढ्न रुचि मन लाग्छ । सरहरू भनेको कुरा धेरै जसो पढ्नु पर्छ । पढेर ठूलो मान्छे, बुड्डिमान र बिड्मान बन्न सकिन्छ र जागिर पनि गर्न सकिन्छ र दाक्तर, इन्जिनिएर बन्न सकिन्छ । हामीहरू पढेर ठूलो मान्छे पनि बन्न सकिन्छ । म पढेर एउटा असल मान्छे बन्छुँ ।

**तुलसीराम चौधरी**ः मलाई किताब पढ्न मन लाग्छ किनभने किताबले ज्ञान दिन्छ । ज्ञानगुनका कुरा सिकाउँन्छ । ज्ञान सिक्यो भने नाम चल्छ । हामी महान् हुन्छौ । किताबले जतन गऱ्यो भने किताब माया गर्छ । किताब पढेपछि ५ मिनेट देश विदेशका कुरा ठाँहा पाउँछौँ । म आफूभन्दा सानालाई पढ्न सिकाउँन्छु र उनीहरूसँग पनि अरू कुराहरू सिंक्छु ।

**सरस्वती चौधरी**ः म विद्यालयमा पढ्छुँ । म आफ्नो आमालाई सघाउन्छु । मेरो परिवारमा आमा बाबु दुइटा दिदी र भाइ हुनुहुन्छ । मेरो बाजे बजै छ । मलाई मेरो आमा र बुबा माया गर्छ । हामी सबै मिलेर बस्छौ । हामी मिलेर काम गर्छौं ।

### ख) नियोजित संवाद :

**१. माघी पर्व** :

प्रमिला : ओहो फुलिया ! कताबाट आयौ ? सन्चै छौ ?

फूलिया : बेसै छ प्रमिला, यसो माघीको सामान किनमेलमा निस्केको नि ! अनि तिमीलाई कस्तो छ ?

प्रमिला : सन्चै छु फुलिया; हाम्रो माघी पनि नजिकै आयो । तिमीले कसरी मनाउने विचार गरेकी छौ ?

फूलिया : म त नयाँ लुगा लगाउँछु; आफन्तहरूसँग भेट गर्छु; नाचगानमा पनि जुट्छु; विभिन्न परिकारले मान्यजनको स्वागत गर्छु । तिमीले कसरी मनाउने त प्रमिला ?

प्रमिला : म त यसपालि गाउँका साथीहरूसँग बरटगोरिया नुहाउँन जान्छु; मेला हेर्छु अनि फर्किएर मान्यजनसँग टीका थाप्छु । हाम्रो संस्कारमा बन्ने विभिन्न परिकारहरू खान्छु र खुवाउँछु । तिमी मेला हेर्न नजाने त फुलिया ?

फूलिया : यसपटक टाढाकी दिदी आउने हुँदा म जान सक्दिन, अर्को वर्ष सँगै जाऔँला नि !

प्रमिला : भै हाल्छ नि ! हाम्रो माघी पर्व पनि हिन्दूहरूको दसैं जस्तै साह्रै रमाइलो हगि फुलिया !

फूलिया : हो त, हाम्रो नयाँ वर्ष पनि माघीबाट नै सुरु हुन्छ । टाढा-टाढाका आफन्तहरूसँग पनि यसैबेला भेट हुन्छ जसले गर्दा आफ्ना सारा दुः ख पनि यसैबेला मेट्न पाइन्छ; हैन प्रमिला ?

प्रमिला : हो त नि ! अहिले मलाई हतार छ, फेरि भेटौँला है फुलिया !

फूलिया : हुन्छ नि त ।

**ग) स्वतन्त्र संवादः**

**१) गृहकार्य**

अशोक : काँबाट आउनु भयो ?

अमृत : म घरबाट आउन लाछु ।

अशोक : अब जाम सँगै स्कुल ।

अमृत : हुन्छ जाम न त ।

अशोक : तिमीले हिजोको गृहकार्य गर्‍यौ कि नाइँ ?

अमृत : आधै गरेछुँ । तिमीले गर्‍यौ ?

अशोक : म पनि गरेछुँ तर आधै गरेछुँ त्यसैले मलाई डर लाग्न लाछ सरले गाली पो गर्नुहुन्छ कि ?

अमृत : डर, के को मान्नु, अनि किन गृहकार्य पूरा गरेनौत ?

अशोक : मलाई मेरो ताउको दुख्न लाथ्यो त्यसैले मनै लागेन गर्न होमवर्क ।

अमृत  : सरले त त्यो कुरा बुभ्न्नु हुन्छ त ? आज कस्तो छौ त सन्चै छौ ?

अशोक : अँ सन्चै छु । तिमी सन्चै छौ ?

अमृत  : सन्चै छु ।

## २) माघीपर्व

हैराम : के छ तिम्रो खवर ?

सुरत : ठीकै छ नि मेरो टिम्रो ट ?

हैराम : मेरो पनि ठिकै छ नि त ?

सुरत : तिमी माघीमा के के कुरा गर्छौ ?

हैराम : माघी आएकै छैन अनि के कुरा गर्नु नि  ।

सुरत : अब माघीको समय आउन लाग्यो नि ।

हैराम : माघी आएपछि ठाँ भै हाल्छ नि ।

सुरत : माघीमा नुहाउन जान्छौ कि नाइ ?

हैराम : जान्छु ट । टिमी जान्छौ कि नाइ ?

सुरत : जान्छुँ ।

हैराम : काँ जान्छौ तिमी ।

सुरत : वाडी मेलामा !

हैराम : म त आफ्नो घरमा नुहाउँछु ।

सुरत : आफ्नो घरमा के के गर्छौ ट ?

हैराम : म आफ्नो घरमा नुहाएर आफूभन्दा ठूलोलाई ढोग दिन्छु र टिका पनि थाप्छु ।

सुरत  : म पनि यस्तै गर्छु । टिमी माघीमा के के खान्छौ ?

हैराम : माघीमा मीठो मीठो खाना पाइन्छ नि टिमी ट ?

सुरत : म त ढिक्री-सिक्री र मासुपनि खान्छु । टिमी ट खाँदैनौ !

हैराम : खान्छु नि ।

सुरत : अनि फेरि भन्नु पर्छ नि ।

हैराम : नाँच्न जान्छौ कि नाइ ?

सुरत : जान्छु नि । टिमी ट ?

हैराम : जान्छु ।

सुरत : को सँग जान्छौ ?

हैराम : म हाम्रो घरमो साठीहरूसँगै ।

सुरत : म पनि हाम्रो घरको साठीहरूसँगै जान्छु ।

हैराम : तिमी नाच्छौ कि नाइ ?

सुरत : नाच्छु नि ।

हैराम : म पनि ट नाच्छु नि ।

सुरत : त्यसो भए सँगै जाउँला नि नाँच गर्न ।

हैराम : भै हाल्छ नि ।

**३) दसैँ**

देशरानी : तिमी कहाँ जान लागेको ?

मन्जु : बजार टिर लुगा लिन ।

देशरानी : अनि टिमी जाँदैनौ ?

मन्जु : जान्छु नि !

देशरानी : सँगै जाउँला है ।

मन्जु : हुन्छ (हँ)।

देशरानी : कति खेर जाने ?

मन्जु : दसैँ नजिकै आयो टिमी के के सामान किन्छौ ?

देशरानी : म सट र पाइन्ट किन्छु तिमी के किन्ने ?

मन्जु : म पनि सट र पाइन्ट ।

देशरानी : दसैँमा के के गर्छौं ?

मन्जु : म मासु खान्छु नयाँ लुगा लगाउछु अनि पूजा गर्छुं । तिमी कस्को पूजा गर्छौ ?

देशरानी : म डेउटाको गर्छुं, भुटको गर्छुं । तिमी कस्को गर्छौ ?

मन्जु : म पनि डेउटा र भुटको गर्छुं ।

देशरानी : दसैँमा तिमी के काट्छौ ?

मन्जु : दसैँमा म कुखुरा काट्छु ।

## ४) दसैँ

चरण : सागर टिमी सन्चै छौ ? कटा हिडेको ।

सागर : बजार टिर गएर टिमी पनि सन्चै छौ ?

चरण : सन्चै छुँ ।

सागर : म पनि सन्चै छुँ । दसैँ आउन लाग्यो केही सामानहरू किन्नु ठ्यो त्यसैले बजार जान लाको ।

चरण : मेरो पनि किन्नु छ अलिकटि ?

सागर : मेरो पनि भगवानको लागि केही सामान किन्नु छ र आफ्नो लागि लुग्रा पनि किन्नु छ ।

चरण : मेरो पनि सामान किन्नु छ आमाबुवाले केही सामान पहिले किनिसकेछ बजार जान बाले पैसा दिएछ र कपरा मेरो लागि किन्नु छ ।

सागर : ओहो ठीक छ त टिमी मेरो लागि रोज्दिने र म टिम्रो लागि रोज्दिने कपडा ।

चरण : रोज्दिउँला ट । सागर यसपाली टिमी कसरी दसैँ मनाउँछ ट ?

सागर : यसपाली नयाँ लुगा लगाउने र रमाइलो गर्ने, नाँचगान गर्ने, टिर्ठ जाने, भगवानको पूजा गर्ने टिमी कसरी मनाउँछौ ट ?

चरण : मेरो पनि टेस्टै हो । हाम्रो घरमा सबैजना ढिक्री खान्छ, ठूला दाजुभाइसँग टीका ठाप्ने, साना भाइलाई टीका लगाउने, डुखसुखको कुरा बाँट्ने ।

सागर : अनि मेला हेर्न नजाने ट ! त्यहाँ नजिकै मेला लाग्छ ?

चरण : जान्छु नि । टिमी कहाँ जान्छौ ?

सागर : मेरो घर नजिकै मेला लाग्छ टेही जाउँला ।

चरण : हुन्छ ।

**५) दिपावली**

रामपत्ती : हेलो राधा टिमी सन्चै छौ ? कटा हिडेको ?

राधा : म सन्चै छुँ । म अब बजारतिर जान लागेको । डेवाली पनि नजिकै आयो टेटै सामान किन्न जान लागेँछु टिमी कटा हिडेको ट ?

रामपत्ती : टेटै टिर ट बजारटिर ।

राधा : अनि सामान टिमीले के के किनमेल गर्नु छ ट ?

रामपत्ती : पूजापाठको सामान अनि नयाँ नयाँ लुग्रा अनि भगवानमा चढाउँने समान जस्तो नयाँ नयाँ किन्नलाई टिमी कसरी मनाउँछौ ट डिपावली ।

राधा : साठीसँग भाइली पढेर, भाइटीका लगाएर अनि टिमीले कसरी मनाउँछौ ट ?

रामपत्ती : साठीहरूसँग खेलेर अनि भाइली पढेर, नाँचगान गरेर, अनि टिमी कसरी मनाउँछौ ट ?

राधा : टेस्टै ट नि यहाँ मेला पनि लाग्छ मेलामा जाने कि नाई ।

रामपत्ती : जाने ।

राधा : त्याँ गएर नाचगान गर्छौ कि नाइ ?

रामपत्ती : गर्छु । सँगै जाउँला है ।

राधा : हुन्छ ।

रामपत्ती : अहिले मलाई हटार छ फेरि डिवालीमा भेत हौँला ।

# विषयसूची


**अध्याय एक : शोधपरिचय** २–१२

१.१ शोध शीर्षक २

१.२ शोधप्रयोजन २

१.३ समस्याकथन २

१.४ अध्ययनका उद्देश्यहरू ३

१.५ अध्ययनको औचित्य ३

१.६ अध्ययनको सीमा ५

१.७ शोधविधि ५

१.८ पूर्वकार्यको समीक्षा ८

१.९ शोधपत्रको रूपरेखा १२

**अध्याय दुई : थारूभाषाको सामान्य परिचय र त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा** १४–२२

२.१ थारूको परिचय १४

२.२ थारुहरूको मूलस्थान तथा प्रसार १४

२.३ थारूभाषा १५

२.४ सारांश १६

२.५ त्रुटिविश्लेषणको सैद्धान्तिक अवधारणा १७

२.५.१ परिचय १७

२.५.२ त्रुटिविश्लेषणको महत्त्व १८

२.६ त्रुटिविश्लेषणको सैद्धान्तिक आधार १९

२.६.१ पहिचान १९

२.६.२ वर्गीकरण २०

२.६.३ वर्णन विश्लेषण २१

२.६.४ निराकरण २०

२.७ उच्चारणगत त्रुटिहरू २१

२.८ सारांश २२

**अध्याय तीन : उच्चारणगत त्रुटिहरूको पहिचान र व्याख्या विश्लेषण** २३ –५५

३.१ ब र व निहित शब्दहरूको उच्चारण २४

३.२. टवर्ग र तवर्ग निहित शब्दहरूको उच्चारण २७

३.३ छ, छे र क्ष निहित शब्दहरूको उच्चारण ३०

३.४ य र ए निहित शब्दहरूको उच्चारण ३२

३.५ अ र आ निहित शब्दहरूको उच्चारण ३४

३.६ ग्यँ र ज्ञ निहित शब्दहरूको उच्चारण ३६

३.७ हलन्त र अजन्त वर्ण भएका शब्दहरूको उच्चारण ३८

३.८ अनुस्वार, चन्द्रविन्दु र पञ्चम वर्ण भएका शब्दहरूको उच्चारण ४०

३.९ रकार र रेफ निहित शब्दहरूको उच्चारण ४१

३.१० पदयोग र पदवियोगसम्बन्धी उच्चारण ४४

३.११ संयुक्त र मिश्र वर्णयुक्त शब्दहरूको उच्चारण ४६

३.१२ प्राणत्वसम्बन्धी उच्चारण (अल्पप्राण–महाप्राण) ४८

३.१३ घोषत्वसम्बन्धी उच्चारण (सघोष र अघोष) ५०

३.१४ अन्य विविध क्षेत्रका शब्दोच्चारणसम्बन्धी त्रुटि ५२

३.१५ सारांश ५३

**अध्याय चार : स्वतन्त्र वर्णन, नियोजित संवाद र स्वतन्त्र संवादको उच्चारण विश्लेषण** ५७–७१

४.१ स्वतन्त्र वर्णन ५७

४.१.१ वर्ण उच्चारण ५७

४.१.२ गति–यति ५८

४.१.३ सुर ५८

४.१.४ सङ्गति ५८

४.१.५ सारांश ५९

४.२ नियोजित संवाद ६०

४.२.१ वर्ण उच्चारण ६३
४.२.२ हलन्त र अजन्त उच्चारण ६४
४.२.३ नासिक्य व्यञ्जनको उच्चारण ६४
४.२.४ नासिक्य स्वरको उच्चारण ६५
४.२.५ पदयोग ६५
४.२.६ पदवियोग ६५
४.२.७ सुर ६६
४.२.८ बलाघात ६७
४.२.९ सारांश ६७
४.३ स्वतन्त्र संवादसम्बन्धी उच्चारण ६७
४.३.१ वर्ण उच्चारण ६८
४.३.२ गति–यति ६९
४.३.३ सुर ६९
४.३.४ बलाघात ७०
४.३.५ सङ्गति ७०
४.३.६ सारांश ७१

**अध्याय पाँच : निष्कर्ष र सुझाव** ७३–८२

५.१ निष्कर्ष ७२
५.१.१ शब्दोच्चारणसम्बन्धी निष्कर्ष ७१
५.२.२ स्वतन्त्र वर्णनसम्बन्धी उच्चारणको निष्कर्ष ७५
५.१.३ नियोजित संवाद उच्चारणसम्बन्धी निष्कर्ष ७६
५.१.४ स्वतन्त्र संवाद उच्चारणसम्बन्धी निष्कर्ष ७७
५.२ सुझावहरू ७९
५.३ भावी अध्ययनका लागि सम्भाव्य शीर्षकहरू ८२
**सन्दर्भग्रन्थ सूची** ८४
**परिशिष्ट १** ८५
**परिशिष्ट २** ८७

# शोधनिर्देशकको सिफारिस

त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभाग स्नातकोत्तर तह दोस्रो वर्षको पाठ्यांश ५९८ (नेपाली शिक्षा) को प्रयोजनका लागि **कैलाली जिल्लाका कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र शोधार्थी रमा चपाईंद्वारा मेरो निर्देशनमा तयार पारिएको हो । निजद्वारा अन्यन्त मिहिनेत, शोधखोज र लगनशीलताका साथ तयार पारिएको यस शोधपत्रप्रति म पूर्णरूपमा सन्तुष्ट भई आवश्यक एवम् समुचित मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

....................................

माधवप्रसाद पौडेल

उपप्राध्यापक तथा शोध निर्देशक

नेपाली भाषा शिक्षा विभाग

त्रि.वि.शिक्षाशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौं ।

मितिः २०६४/०६/१६

**त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्काय**
**नेपाली भाषा शिक्षा विभाग**
**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति–पत्र

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, शिक्षाशास्त्र सङ्कायअन्तर्गत नेपाली भाषा शिक्षा विभागकी छात्रा रमा चपाईले श्री माधवप्रसाद पौडेलको निर्देशनमा स्नातकोत्तर तह दोस्रो वर्षको पाँचौ पत्र (नेपा.शि. ५९८) का लागि तयार पारिएको हो । प्रस्तुत **कैलाली जिल्लाका कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन** शीर्षकको शोधपत्र सम्बन्धित तहका लागि उपयुक्त भएकाले स्वीकृत प्रदान गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| १. सह–प्रा.भोजराज ढुङ्गेल | ............................ |
| २. प्रा.डा. हेमाङ्गराज अधिकारी | ............................ |
| ३. प्रा.डा. रामचन्द्र लम्साल | ............................ |
| ४. श्री माधवप्रसाद पौडेल | ............................ |

मितिः २०६४/०६/२१

# कृतज्ञताज्ञापन

प्रस्तुत **कैलाली जिल्लाका कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन** शीर्षकको शोधपत्र त्रि.वि.शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षाविभाग स्नातकोत्तर तह, दोस्रोवर्षको नेपा.शि. ५९८ को आवश्यकता पूर्तिका लागि आदरणीय गुरु उपप्राध्यापक माधवप्रसाद पौडेलज्यूको कुशल निर्देशनमा मैले तयार पारेकी हुँ । आफ्नो विविध कार्यव्यस्तता हुँदाहुँदै पनि मलाई शोधकार्य गर्न अतुलनीय योगदान पुऱ्याउनु हुने शोधनिर्देशकज्यूप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । यस शोधपत्रको प्रस्तावलाई स्वीकार गरी शोधकार्य गर्न अवसर प्रदान गर्नुहुने विभागीय प्रमुख आदरणीय गुरु सह प्रा. श्री भोजराज ढुंगेलप्रति हृदयतः कृतज्ञ छु । त्यसै गरी यस शोधकार्यलाई विधिवत् रूपले सकुशल सम्पन्नगर्न आवश्यक सल्लाह र सुझाव दिनुहुने आदरणीय गुरुहरू प्रा. डा. हेमाङ्गराज अधिकारी प्रा.डा.केदारप्रसाद शर्मा, सह प्रा. डा. पारसमणि भण्डारी लगायत नेपाली भाषा शिक्षण समितिका सम्पूर्ण श्रद्धेय गुरुहरूप्रति हार्दिक आभार प्रकट गर्दछु ।

शोधकार्यमा आवश्यक पर्ने पुस्तक, पत्रपत्रिकाहरू उपलब्ध गराइदिने केन्द्रीय पुस्तकालय कीर्तिपुर, करिकुलम रिसोर्स सेन्टर कीर्तिपुर र सामग्री सङ्कलनमा विविध तवरले सहयोग गर्नुभएका सम्पूर्ण विद्यालय परिवार एवम् विभिन्न विद्वान्हरूप्रति आभारी छु ।

विविध आर्थिक र व्यावहारिक समस्याहरूसँग सङ्घर्ष गर्दै अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई उत्साहपूर्वक यहाँसम्म पुऱ्याउनुहुने प्रेरणाका पुञ्ज मेरा आदरणीय बुबा नन्दलाल चपाईं, आमा खगीसरा चपाईं, दाजु छविराम चपाईं र भाउजू कमला चपाईं लगायत सम्पूर्ण परिवारप्रति आजीवन ऋणी छु । त्यसै गरी शोध लेखनमा  उचित सल्लाह र सहयोग प्रदान गर्ने मेरा जीवनसाथी विनोद ढकालज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

प्रस्तुत शोधकार्यको सिलसिलामा सामग्री सङ्कलनदेखि लिएर अन्य प्रत्यक्ष र अप्रत्यक्ष रूपमा सहयोग गर्ने खेमकुमारी उपाध्याय, देवशरण यादव, विन्दु पौडेल लगायतका साथीहरूप्रति पनि हृदयतः धन्यवाद व्यक्त गर्दछु । सङ्कलित सामग्रीहरू होसियारीपूर्वक शुद्धसँग टङ्कन गरिदिने नेचर कम्प्युटरकी नैना जि.सी .लाई विशेष धन्यवाद दिन चाहन्छु ।

अन्त्यमा प्रस्तुत शोधपत्रको उचित मूल्याङ्कनको लागि सविनय अनुरोधसहित त्रि.वि. शिक्षाशास्त्र सङ्काय नेपाली भाषा शिक्षा विभाग समक्ष पेश गर्दछु ।

..................

(रमा चपाईं)

# शोधसार

**शोधशीर्षक** :- कैलाली जिल्लाका  कक्षा ६ मा अध्ययनरत थारू मातृभाषी विद्यार्थीहरूले नेपाली सिक्दा गर्ने उच्चारणगत त्रुटिहरूको अध्ययन

**शोधार्थी** : रमा चपाईं

**शोधनिर्देशक** : उपप्राध्यापक माधवप्रसाद पौडेल

**विभाग/क्याम्पस** : नेपाली भाषा शिक्षा विभाग विश्वविद्यालय क्याम्पस त्रि.वि. कीर्तिपुर

**शैक्षिक सत्र** : २०६० - २०६२

**अध्याय/पृष्ठ** :अध्याय ५ र पृष्ठ ९२

**शोधप्रक्रिया**

प्रस्तुत शोध त्रि.वि. शिक्षाशास्त्र सङ्काय  नेपाली भाषा शिक्षा विभागअन्तर्गत एम.एड. दोस्रो वर्ष नेपा. शि. ५९८ पाठ्यांशको आवश्यकता पूर्तिका लागि तयार पारिएको हो ।

प्रस्तुत शोध अध्ययन विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटिहरूको अध्ययनमा केन्द्रित रहेको छ । यसमा कैलाली जिल्लाका टीकापुर नगरपालिका भित्रका २ निजी विद्यालय र नगरपालिका बाहिर ग्रामीण क्षेत्रका ३ विद्यालयका विद्यार्थीहरूलाई समावेश गरिएको छ । नमुनाका लागि प्रत्येक विद्यालयबाट १८/१८ जना छात्र छात्राहरू छानिएका छन् । तीमध्ये ३ जनालाई स्वतन्त्र वर्णन, १० जनालाई नियोजित संवाद र १० जनालाई स्वतन्त्र संवाद गराइएको छ । उच्चारणलाई रेकर्ड पनि गरिएको छ । थप उच्चारणका लागि उनीहरूबाटै स्वतन्त्र पठन गराई त्रुटिहरूको पहिचान गरिएको छ । यसका साथै कक्षा ६ का भाषापाठ्यपुस्तक, स्थानीय शिक्षक, प्रबुद्धवर्ग र आफ्नो अनुभवबाट २२१ वटा सम्भाव्य त्रुटि गर्न सक्ने शब्दहरू छानिएका छन् ।

नमुनाका लागि छानिएका सबै शब्दहरू प्रत्येक विद्यालयका १८/१८  जना विद्यार्थीहरूबाट उच्चारण गराइएको छ । थप सूचना र सामग्री सङ्कलनका लागि स्वतन्त्र वर्णन, नियोजित संवाद र स्वतन्त्र संवाद गराई टेपबद्ध गरी तालिकीकरण गरिएको छ ।

उच्चारणमा कति जनाले कति ठीक र कति गल्ती गरे त्यसको सङ्ख्या गणना गरिएको छ । त्यसकै आधारमा सही र गल्तीको प्रतिशताङ्क निकाली तालिकीकरण गरिएको छ ।

कक्षा ६ का थारूभाषी विद्यार्थीहरूले त्रुटि किन र के कति कारणले गर्छन ? त्यसको चर्चा गरी त्रुटिहरूको व्याख्या विश्लेषण र सामान्य वर्गीकरण गरिएको छ । अन्तमा सबैको निष्कर्ष देखाई त्यस्ता त्रुटिहरू कसरी पन्छाउन सकिन्छ, त्यसका लागि निराकरणका केही उपायहरू पनि सुझाइएको छ ।